www.csrcnepal.org

# भूमि अधिकार

वर्ष २२ | पूर्णाङ्क ६६ | पुस २०८२



## भूमि प्राप्तिका लागि भूमिहीनको अगुवाई

भूमिहीन दलितको संवैधानिक अधिकार कार्यान्वयनको प्रश्न ?

जीवनमा जग्गा छैन, त केही छैन

अनि खुसी भए भीम र बिजी

## हाम्रो सपना र दूरदृष्टि

न्यायपूर्ण एवं दिगो भूमि व्यवस्थासहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपालको सिर्जना

## हाम्रो अठोट र कार्यभार

भूमिहीन तथा कृषि कर्ममा संलग्न किसानको भूमि अधिकार सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था र दिगो कृषिप्रणालि स्थापीत गर्न योगदान गर्ने

### हाम्रा आधारभूत मूल्य/मान्यता

- सामाजिक न्याय र प्रकृतिलाई न्याय
- अहिंसा
- सरलता र पारस्परिक सम्मान
- समानुभूति र पक्षधरता
- आत्मनिर्भरता र अन्तरनिर्भरता
- नतिजामुखी, गुणस्तरीय र उत्कृष्टता

### रणनीतिक प्राथमिकताहरू

१. भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार
२. भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन
३. भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्धन
४. दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास
५. भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

# भूमि अधिकार

वर्ष २२ | पूर्णाङ्क ६६ | पुस २०८२




जग बलियो बनाऔं . . . . . . . . . . . . . . . . . . . ४

भूमि प्राप्तिका लागि भूमिहीनको अगुवाई . . . . . . . . ५

भूमि समस्या समाधानमा आयोग : अनुभव र सिकाइ . ७

भूमि कथा : बिल्टु . . . . . . . . . . . . . . . . . . १०

जीवनमा जग्गा छैन, त केही छैन . . . . . . . . . . . १३

भूमिहीन दलितको संवैधानिक अधिकार कार्यान्वयनको प्रश्न ? . . . . . . . . . . . . . . . . . १६

काठमाडौंका अव्यवस्थित बसोबासी : स्थायी समाधानको खोजीमा . . . . . . . . . . . . . . २०

भूमिहीनलाई जग्गा दर्ताको स्थलगत अनुभव र देखेको कुरा . . . . . . . . . . . . . . . . . . . . . २१

एशिया भूमि सम्मेलन र सिकाइ . . . . . . . . . . . २५

अनि खुसी भए भीम र बिजी . . . . . . . . . . . . २६

नसिवनी खातुनलाई पुर्जा प्राप्तीले थपेको खुसी . . . २८

पुर्जाले आत्मबल बढायो . . . . . . . . . . . . . . . २९

सङ्गठन सुदृढीकरण अभियान . . . . . . . . . . . . ३०

फक्रिएको फूलबारी गाउँ भूमि मञ्च . . . . . . . . . ३१

राष्ट्रिय मञ्चको नवौँ परिषद् . . . . . . . . . . . . . ३२

वृतान्त बिर्ता . . . . . . . . . . . . . . . . . . . . . ३४



CSRC आत्मनिर्भर केन्द्र

**प्रकाशक : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र** (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, फ्याक्स : ९७७-१-४९५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर** : अन्जु कुशवहा


महोत्तरी गौशाला नगरपालिका- १० मा विकास भूमि अधिकार मञ्च, मुसहरी टोलमा छलफलमा सहभागी भूमिहीन समुदाय ।

# जग बलियो बनाऔं

विगतको लडाँइबाट भूमि अधिकारका विषयहरू संविधान, विभिन्न कानुन र नियमावलीहरूमा समावेश भएका छन् । जुन महत्वपूर्ण हो । तर यसको कार्यान्वयन पक्ष कमजोर छ । अवका दिनमा समेत व्यवस्थित र रचनात्मक आन्दोलनबिना भूमि अधिकार प्राप्ति हुने छैन ।

भूमि अधिकारबाट वञ्चितहरू एकजुट हुनु भनेको आफैंमा परिवर्तनको थालनी हो । कमजोर वर्गहरूबीचको सङ्गठन, छलफल, आन्दोलनले शक्तिविहीनहरूको शक्तिलाई बलियो बनाउँछ । एक आपसमा सहयोग बढ्छ । अन्यायका विरुद्ध लड्न सकिन्छ । मिलेर सामूहिकरूपमा रचनात्मक कामहरू गर्न सकिन्छ ।

अझै भूमिहीन र जोताहा किसान धेरै नै भूमि अधिकार मञ्च भन्दा बाहिर छन् । जोजती सङ्गठित छन्, उनीहरूको परिचालन पुगेको छैन । यसरी हेर्दा यी समुदायमा व्यापक सचेतीकरण, समुदाय तहको सङ्गठनको व्यवहारीक योजना तर्जुमा र कार्यान्वियनमा धेरै काम गर्नु आवश्यक छ ।

सङ्गठन आफैंले जग्गाधनी पुर्जा आफ्ना सदस्यलाई उपलव्ध गराउने होइन । तर सङ्गठनले आफ्ना सदस्यको हितमा गर्न सक्ने धेरै कामहरू छन् । भूमिहीन र जोताहा किसान समुदाय समुदायमा सङ्गठित हुने, आफ्नो भूमि र कृषिको परिवेश विश्लेषण गरेर प्रतिवेदन वा किताव बनाउने, प्रत्येक सदस्यलाई आफ्नो अधिकार र जिम्मेवारीको बारेमा सचेत तुल्याउने, साना साना समस्यालाई समेटेर जस्तो, बाँफो जग्गाको उपयोग, अधिँया, बटैया, ऋण, खेतीपाती, सीमा विवाद, छोराछोरीको शिक्षा, सामुदायिक वनको सदस्यता आदि विषयमा काम गर्न जरुरी छ ।

हाल भूमि समस्या समाधान आयोगमार्फत भइरहेको कार्यलाई पनि सार्थक तुल्याउने हो भने यस विषयमा समुदाय समुदाय तहमा छलफल भएर समस्याको राम्रो विश्लेषण र समाधानको प्रस्तावसहित अभियान नै सिर्जना गरेर अघि बढ्नु जरुरी छ । गाउँघरमा बाँफो रहेको निजी, सरकारी र संस्थागत जमिन लामो अवधिको लागि भाडामा लिएर खेती गर्ने कार्यलाई पनि अभियानकै रूपमा लैजान आवश्यक छ ।

राष्ट्रिय भूमि अधिकार मञ्च स्थापना गर्दाको समय (२०६१ पुस) र अहिलेको आर्थिक, सामाजिक र राजनीतिक परिवेशमा धेरै फरक आएको छ । भूस्वामित्व र उपयोगका ढाँचाहरू पनि केही फरक देखिएका छन् । रोजगारीका कारण पनि गाउँमा ठुलो जनसङ्ख्या खासगरी युवाहरू बाहिरिएका छन् । यस्तो अवस्था र  परिस्थितिको विश्लेषण गर्दै नयाँ ढङ्गले काम हुन जरुरी छ ।

भूमि अधिकार मञ्चहरूलाई केवल आफुहरूले जोतकमोद गरेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा प्राप्तिको पर्खाईमा सिमित गर्नु हुन्न । प्रत्येक सङ्गठन र सदस्यले भूमि अधिकार मञ्चमा सङ्गठित भएर व्यक्तिगत, पारिवारिक र साङ्गठानीक हिसाबले नै परिवर्तन महशुस गर्ने गरी वैकल्पिक योजना बनाएर सदस्यहरूकै अगुवाईमा काम गर्न आवश्यक छ । यो कार्य अभियानकै रूपमा अघि बढाउन जरुरी छ । हाल भूमि आयोगमार्फत भूमिहीन र अव्यवस्थित बसोबासीको समस्याका सम्बन्धमा पनि प्रत्येक सङ्गठनले आफ्ना सदस्यको स्थिति र समाधानको बाटोसहित अभियान र बहसमा उत्रिन ढिला भइसकेको छ ।

करिब तीन दशकदेखि हामी नेपालमा भूमि सुधारको माग उठाउँदै आएका छौं । यसबीचमा धेरै राजनीतिक उथलपुथल देख्यौं । सामाना गर्‍यौं । धेरै परिवर्तनहरू भयो । तर, भुइँ तहका सीमान्त, भूमिहीन, सुकुमबासी र साना किसान वर्गको जीवनमा देखिने परिवर्तन आएको छैन । अहिले पनि घरबास सुरक्षा, जीविकोपार्जनको लागि सङ्घर्ष नै गर्नुपरिरहेको छ ।

नेपालमा भूमि सुधारबिना मुलुकको समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ । हामीले एक पटक भूमि सुधार होस् भन्ने चाहना राखेका हौं । यसले मात्रै समाजका भुइँ तहका जनतालाई न्याय गर्न सक्छ । पुस्तौंपुस्ता भूमिहीनताको जीवन बिताइरहेका, भूमिको अधिकारबाट वञ्चित भएका, किसानी पेशा गर्ने तर जमिनको स्वामित्व नभएका साना किसानको न्यायको अधिकारको लागि हामी पुनः एकजुट हुनैपर्ने अवस्था छ । हाम्रो अभियानको मर्म, उद्देश्य र लक्ष्य पनि यही हो की कोही पनि भूमिहीन जिन्दगीमा जन्मनु-मर्नु नपरोस् ।

तर, हामीले आगामी अभियानको लागि परिवर्तित अवस्थालाई समीक्षा गरेर अघि बढ्नुपर्ने अवस्था छ । अभियानलाई अझ बलियो बनाएर सक्रियतापूर्वक खट्नुपर्ने अवस्था छ । गाउँ, जिल्ला तहको सङ्गठनहरूलाई सवलीकरण गर्ने, प्रशिक्षित गर्ने, अभियान र सङ्गठनमा सवालगत पीडित परिवारका नवपुस्तालाई पनि सङ्गठित गर्दै अगाडिको बाटो तय गर्न जरुरी छ ।

वास्तविक कृषि कर्म गर्ने कृषि-श्रमिक, भूमिहीन र जोताहा किसान (महिला, पुरुष दुवै) आआफ्नो टोलमा सङ्गठित हुने, आफ्नो परिवेशबारे चिन्तन् मनन् गर्ने, असल र सकारात्मक परिवेशमा खुसी हुने र समस्याहरूलाई समाधानतर्फ लैजाने प्रयत्न नगरी सङ्गठनमा उत्साह ल्याउन सकिँदैन । यसका लागि निश्चित योजना बनाएर अघि बढ्न आवश्यक छ । जग्गाधनी पुर्जा प्राप्ति नहुँदा पनि सदस्यहरूले परिवर्तनको महशुस गर्ने गरीको प्रयत्न आवश्यक छ । अझ स्थानीय तह र सरकारलाई समेत सिकाइ हुने रचनात्मक काम सङ्गठनले गर्न सक्छ । यसले सङ्गठन स्वयमलाई पनि ठुलो नैतिक बल दिन्छ । र सदस्यहरूमा उत्साह थपिइ व्यापक आन्दोलनको सिर्जना गर्न सकिन्छ । अव ढिलो नगरी सबैको प्रयत्नले सङ्गठनलाई सवलीकरण गर्दै नयाँ आन्दोलनको निर्माण गरौं ।

अवको दिनमा भूमि अधिकार प्राप्तिको अभियान र आन्दोलनको गतिविधिहरूमा युवा सहभागिता महत्वपूर्ण छ र हुनेछ । पुराना अगुवाले नयाँ अगुवालाई अभियानमा जोड्ने, अनुभव सुनाउने क्रमशः जिम्मेवारीमा ल्याउन जरुरी छ । सवाल र लक्ष्य मिल्ने सङ्गठन र समूहहरूबीचको सहकार्य बढाउनु पनि उत्तिकै ध्यान दिनु आवश्यक छ । यसले पनि सामूहिक बल प्रदान गर्नेछ र अभियानको लक्ष्य हासिल गर्न सघाउ पुग्ने छ ।





जगत देउजा

# भूमि प्राप्तिका लागि भूमिहीनको अगुवाई



नेपालमा भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या गहिरो छ। यो समस्याले ठुलो समुदायलाई असर गरिरहेको छ। समस्या समाधानका लागि लामो समयदेखि भएका प्रत्यत्नले सार्थक परिणाम दिन सकेका छैनन्। २०७६ सालमा भूमिसम्बन्धी ऐनमै व्यवस्था गरेर भूमिहीन एवं अव्यवस्थित बसोबासीलाई जग्गा व्यवस्थापन र वितरणका प्रयत्न भइरहेका छन्। यसका लागि भूमि आयोग गठन भइरहेको छ। तर, आयोगहरूले पूर्ण अवधि काम गर्न पाएका छैनन्।

नेपालको अस्थिर राजनीतिको प्रत्यक्ष असर यी काममा परेको छ। सरकार फेरिनासाथ आयोगहरू विघटन गर्ने सिलसिलाले यो समस्या असाध्यै गिजोलिएको छ। अति गम्भिर विषयलाई खेलाँची गरिएको छ। नवपुस्ताको भदौ, २०८२ को आन्दोलनपछि गठन भएको सरकारले अरु संरचना नचलाए पनि भूमि आयोग भने खारेज गरिदियो। भूमि आयोगको तर्फबाट अध्यक्ष हरिप्रसाद रिजालले दिएको रिटको पक्षमा सर्वोच्च अदालतले आदेश दिएको छ। आदेशपछि आयोगले पुनः काम थालनी गरेको छ। र सम्भवत् अब यो आयोगले आफ्नो कार्यअवधिभर काम गर्न पाउने अपेक्षा गरिएको छ।

फगत संरचना ज्यूतिँनु महत्वपूर्ण होइन। यसले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न सक्छ की सक्दैन ? त्यो महत्वपूर्ण हुनेछ। अब, एक निकायले अर्कोलाई औंला देखाएर जिम्मेवारी सारेर पन्छिने छुट छैन। सबैले तोकिएको जिम्मेवारीअनुसार आत्मसाथ गर्दै, त्यसबाट आउने परिणामप्रति जवाफदेही हुँदै आआफ्नो दायित्व प्रभावकारी ढङ्गबाट निर्वाह गरेर अघि बढ्न जरुरी छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि आयोग, जिल्ला समिति, स्थानीय सरकार, नागरिक समाज र भूमिहीन र अव्यवस्थित बसोबासीको सङ्गठनहरूसँग मिलेर यो कामलाई सफल बनाउनु जरुरी छ।

### व्यापक सचेतीकरण र जागरण

भूमिहीन र अव्यवस्थित बसोबासी झण्डै १२ लाख परिवारको निवेदन आयोगमा परेको छ। निवेदन भरेर जग्गाधनी पुर्जाको पर्खाईमा बसेर जग्गा प्राप्ति हुन सक्ने आधार धेरै कम छ। प्रत्येक भूमिहीन एवं अव्यवस्थित बसोबासी परिवारले निवेदनको कार्वाही के कसरी भइरहेको छ ? प्रक्रिया कहाँ पुगेको छ ? कहिलेसम्म प्रक्रिया टुङ्गिन्छ ? यस विषयमा सम्बन्धित वडा, स्थानीय तह र जिल्ला समितिमा बरोबर घच्घच्याउन आवश्यक छ। कानुन, नियम र कार्यविधिमा उल्लेख भएको विषयमा जानकारी राख्नु पनि उत्तिकै आवश्यक छ। र भूमि हक प्राप्तिको लागि निरन्तर सचेत तवरले आवाज उठाउन जरुरी छ।

निवेदन पेश गरेर घरमा बसेर पुर्जा हातमा आउँदैन। र त्यस्तो सोचेर बस्ने हो भने आयोगको समयअवधि समाप्त हुँदासम्म पनि परिणाम शून्य हुनेछ। जग्गा प्राप्ति गर्न लामो समयदेखि कुरिबसेका परिवारले पुर्जा नपाउँदा स्वभाविकरूपमा केही असन्तुष्टिहरू छन्। सत्य कुरा के हो भने भूमि प्राप्तिका लागि निवेदन पेश गरेर, अनि चिन्ता र असन्तुष्टि मात्रै व्यक्त गरिबसेर जग्गा प्राप्ति हुँदैन। त्यसैले सम्पूर्ण भूमिहीन र अव्यवस्थित बसोबासी आफ्नो समुदायमा सङ्गठित हुने, समस्याबारे छलफल गर्ने र समाधानका लागि आवश्यक निकायमा समन्वय गरी रचनात्मक दबाब दिनु जरुरी छ।

यो काम जग्गा प्राप्तिका वा एक थान लालपुर्जा प्राप्तिका लागि मात्रै होइन, कुन व्यक्ति वा परिवारलाई कति जग्गा दिँदा न्याय हुन्छ ? एउटा घर उभ्याउने जग्गा नभएका परिवार, खेतीपातीका लागि एक टुक्रा जग्गा नभएको परिवार, अथवा, एक-दुई आना (सानो आकारको जग्गा) मात्रै जग्गा

भएकालाई कसरी व्यवस्थापन गर्ने ? जोखिमयुक्त क्षेत्रमा बसोबास गरेकालाई कसरी व्यवस्थापन गर्ने ? कानुनले दिन मिल्दैन भनेको जग्गामा बसेकालाई कसरी व्यवस्थापन गर्ने ? यी विषयमा छलफल र दबाब दुबै जरुरी छ । अहिले जहाँ जसरी बसोबास गरेको छ, त्यसरी नापी गर्ने हो ? की बाटो, सडक, सामुदायिक संरचनालगायतलाई समेत चाहिने जग्गा छुट्याएर आवश्यक जग्गा नापी गर्ने हो ? यी विषयमा पनि टोल टोलमा छलफल हुनु जरुरी छ ।

अहिलेकै हिसाबले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्न सकिने अवस्था हुँदैन भने जग्गाधनी प्रमाण पुर्जा पाइसके पनि त्यसले ठुलो तात्विक परिवर्तन आउदैन । त्यसैले आफ्ना समस्या बारे, समाधानका विकल्प बारे र सम्बन्धित निकायलाई यस विषयमा काम गर्न, रचनात्मक दबाब दिन स्वयम् भूमिहीन र अव्यवस्थित बसोबासी परिवारको ठुलो भूमिका छ ।

अब स्वयम् पीडितहरू नै नजुर्मुराइकन हुँदैन । आफ्नो आवाजलाई बलियो नबाइकन, व्यापक परिचालन नगरिकन, घरघरमा, टोलटोलमा, वडा वडामा परिचालन नभइकन, छलफल नगरिकन यो काम सफल बनाउन सकिँदैन । त्यसैले सबैले अवसरलाई चिन्नुपर्दछ, मौकालाई जान्नु पर्दछ । सचेत तवरबाट, शसक्त भएर, सङ्गठित भएर आन्दोलित हुनु जरुरी छ । यसो भयो भने मात्रै अधिकार लिन सकिने आधार बन्न सक्छ ।

जग्गा पाउने, बास सुरक्षित गर्ने विषय हाम्रो मात्रै होइन, भावि पुस्ताको भविष्यसँग समेत जोडिएको विषय पनि हो । यो त हाम्रो आधारभूत आवश्यकतासँग जोडिएको, मौलिक हकसँग जोडिएको विषय हो । त्यसैले अरु कसैले गरिदेला भनेर बस्नु विलकुल हुँदैन । त्यसका लागि स्वयम् भूमि अधिकारबाट वञ्चितको व्यापक आन्दोलन उठ्नु जरुरी छ ।

भूमि समस्या भएका टोल-बस्तीका भूमिहीन र अव्यवस्थित बसोबासीको विवरणहरू स्वयं अधिकारबाट वञ्चितहरूले नै तयार गर्ने, को भूमिहीन ? को अव्यवस्थित बसोबासी ? कति जग्गा उपयोग गरेको ? नकरात्मक सूचीमा पर्ने कति ? सोही ठाउँमा जग्गा दिन मिल्ने कति ? थप नयाँ स्थानमा जग्गा दिन सकिने कति ? यस्तो विवरण तयार गरेर, नक्शा बनाएर टोल टोलमा छलफल गर्न पर्छ । यस्तो विवरण लिएर जग्गाधनी पुर्जा दिन केले रोक्यो ? भनेर आवाज उठाउने र सञ्चार माध्यममा पुग्ने आदि काम गर्नुपर्दछ । र यो काम सङ्गठन, भूमि अधिकार मञ्च भएको ठाउँमा सङ्गठनले नै गर्नुपर्दछ । आफ्नो गाउँ समुदायको भूमि किताब नै बनाएर र सङ्गठनले आफ्नो अडान तयार गरेर अभियान गर्नुपर्दछ ।

## स्थानीय सरकारको रणनीतिक सङ्लग्नता

भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधानमा स्थानीय सरकारको भूमिका महत्वपूर्ण छ । कुनै स्थानीय सरकारले यसलाई धेरै नै प्राथमिकता दिएर काम गरिरहेका छन् भने कतिपयले सामान्य रूपमा लिएका छन् । जग्गाधनी प्रमाणपुर्जा वितरणलाई मात्रै उपलब्धिमा हिसाब गर्नु हुन्न । आफ्नो स्थानीय तहका भूमिहीन र अव्यवस्थित बसोबासीको विवरण सत्यापन गरी कार्यपालिकाको बैठकबाट अनुमोदन गरेर राख्न सकेमा एउटा महत्वपूर्ण उपलब्धि हुनेछ । त्यस्ता परिवारले जोतभोग गरेका जग्गाहरू नापेर विवरण तयार गर्ने, कच्ची बस्तीहरूलाई पक्की बनाउने, जोखिम क्षेत्रमा रहेकालाई स्थानान्तरण गर्ने जग्गा खोज्ने र कर लिने कार्यलाई अगाडि बढाउन सके भूमिहीन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रक्रियाको करिब ८० प्रतिशत हिस्सा काम सम्पन्न हुनेछ । त्यसैले निवेदन लिने, त्यसको सहि तथ्य जाँच्ने, रेकर्ड राख्ने, अव्यवस्थित बसोबासीहरूको पहिचान गर्ने । र, उनीहरूलाई मिलेसम्म अहिले बसोबास, र भोगचलन गरेको जग्गा नमिले अन्यत्र सुरक्षित जग्गा पहिचान गरी व्यवस्थापन गर्न स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुनेछ ।

पुर्जा वितरणको अन्तिम निर्णय स्थानीय सरकारले गर्न नसक्ने भए पनि पुर्जा वितरणको आधार तयारीको काम स्थानीय तहले गर्न सक्छ । स्थानीय तहले भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण गरी त्यसको व्यवस्थित डाटाबेस बनाउने मुख्य कार्य गर्नुपर्छ । यसरी भूमिहीनको व्यवस्थित तथ्याङ्क राख्दा भोलीका दिनमा अन्य विकास र जीविकोपार्जनका कामहरूमा प्राथमिकीकरण गर्न मद्दत पुग्छ । र स्थानीय कार्यपालिकाबाट अनुमोदन भएको भूमिहीन परिवारको यथार्थ तथ्याङ्क हुनु भनेको महत्वपूर्ण र ठुलो कुरा हो ।

कमजोर अवस्थाका बस्तीहरूलाई व्यवस्थितरूपमा व्यवस्थापन गर्नु भनेको पनि ठुलो काम हुनु हो । यो जिम्मेवारी पनि स्थानीय तहमा भएको हुनाले प्राथमिकतामा राखी काम गर्नु जरुरी छ । त्यसका लागि एक प्रतिबद्ध टिम परिचालन गर्नु आवश्यक छ ।

स्थानीय तहले आफ्नो भूमि ऐन निर्माण गर्नु पनि जरुरी छ । ऐन निर्माण गरिँदा अहिलेको यो कामलाई व्यवस्थित गर्न सघाउँछ । यसमा थप ध्यान जानु आवश्यक छ । स्थानीय तहको सहकार्य र सक्रियताबिना यो कार्य सफल हुने सम्भावना छैन ।

## जिल्ला समितिको क्रियाशिलता

यो काम सफल बनाउन भूमि आयोगका जिल्ला समितिहरूको क्रियाशीलता र जवाफदेहीता महत्वपूर्ण हुनेछ । ७७ वटै जिल्लामा आयोग बनेको छ । जिल्ला आयोगहरू अपेक्षाकृत सक्रिय नभएको अवस्था छ । त्यसरी परिणाम आउँदैन । कतिपय जिल्लामै ४०/५० वटा मात्रै भूमिहीनका निवेदन परेका भए पनि काम सकिएको छैन । पुर्जा वितरण भएको छैन । एक हजारभन्दा कम निवेदन परेका जिल्लाहरूको अवधि अब फागुनमा सकिँदै छ । यी जिल्लामा एउटा पुर्जा पनि वितरण हुन नसक्नु अत्यन्तै दुःखद् पक्ष हो ।

जिल्ला समितिमा रहन मरिमेटेर लाग्ने तर, जिम्मेवारी पूरा नगर्ने हो भने यो जिम्मेवारी प्राप्त व्यक्तिको लागि पनि पश्चातापको विषय हुनेछ । त्यसैले समय छँदै क्रियाशीलता देखाउनु जरुरी छ । दिन-रात खट्नु जरुरी छ । केही जिल्ला समितिहरूले यसलाई अवसरका रूपमा लिएर परिणाम निकालिसकेका छन् ।


जिल्ला समितिका (सरकारबाट नियुक्त हुनुभएका एवं सरकारी कर्मचारीबाट

प्रतिनिधित्व गरिराख्नुभएका) सबै सदस्यहरूले यो अवसर र जिम्मेवारी महत्वपूर्ण हो भन्ने रूपमा बुझ्नु जरुरी छ। मैले के पाउँछु भन्नुभन्दा पनि जिम्मेवारी महत्वपूर्ण हो, मसँग भूमिहीन एवं अव्यवस्थित बसोबासीको निरास जिन्दगीमा खुसी ल्याउने काममा योगदान गर्ने अवसर छ भन्ने हिसाबले मनन् गर्नु जरुरी छ। आयोग भनेको फरक हो, अन्य सरकारी निकायमा जस्तो कार्यालय समयमा मात्रै काम गरेर परिणाम निस्कदैन। यसका लागि थप समय कार्य गर्नुपर्ने हुन्छ। स्थानीय तहबाट प्राप्त सिफारिसको १५ दिन भित्र निर्णय गरिसक्नुपर्ने अनिवार्य व्यवस्था गर्न सके अहिलेको प्रक्रियाबाट केही आशा गर्न सकिन्छ।

### समन्वय र सहकार्य

सरोकारवालाहरूले एक-अर्कालाई दोषारोपण गरिबसेर हुँदैन। यसरी परिणाम आउँदैन। जटिल खालको काम भएको हुँदा सम्बन्धित निकायका नेतृत्वले सबैलाई समेटेर लैजान जरुरी छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि समस्या समाधान आयोगको राष्ट्रिय समिति, प्रदेश सरकार, जिल्ला समिति र स्थानीय सरकार, सबैले जिम्मेवारीपूर्वक काम गर्नुपर्छ। काम गर्ने क्रममा आइपर्ने समस्याहरूलाई जनमानसमा राख्दै जाने हो भने यो समस्या छिट्टै हल गर्न सकिन्छ। मन्त्रालयले आयोगलाई मात्रै देखाएर हुँदैन। वार्षिक नीति तथा कार्यक्रममा स्वयम् मन्त्रालयले गरेको बाचालाई पुरा गर्न जिम्मेवार हुनु आवश्यक छ।

यस अलावा भूमि अधिकारको क्षेत्रमा काम गरिरेहका विभिन्न संघ संस्थाहरूलाई पनि यो काममा समेटेर लैजान सके छिटोभन्दा छिटो यो काम सम्पन्न गर्न सकिन्छ। र, यस कार्यका लागि ठोस योजना हुनु आवश्यक छ। र, यो विषयलाई राजनीतिक दलको पनि प्रमुख छलफल र जिम्मेवारीको क्षेत्र बनाउनु आवश्यक छ।



जगत बस्नेत

# भूमि समस्या समाधानमा आयोग : अनुभव र सिकाइ



लामो समयदेखि जटिल मुद्दाको रूपमा रहेको भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासी परिवारको लागि भूमि व्यवस्थापन गर्न संविधान निर्माणपछि विभिन्न चरणमा भूमि आयोग (२०७७, २०७८ र २०८१) गठन भई प्रयास हुँदै आएको छ। यी आयोगहरूको निरन्तरता र नीतिगत स्थिरता नहुँदा भूमिहीनका समस्या समाधानमा चुनौती भने आयो। यद्यपि यी आयोगहरूले एक-अर्काको कामको निरन्तरता दिन भने प्रत्यन्त गरे, जसले गर्दा निवेदनको तथ्याङ्क एकीकृत र व्यवस्थापनमा मद्दत पुग्यो।

नेपालको संविधानको मौलिक हकको धारा- १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा- १८ मा समानताको हक, धारा- २५ मा सम्पत्तिको हक, धारा- ३६ मा खाद्य सम्बन्धी हक, धारा- ३७ मा आवासको हक, धारा- ४० मा दलितको हक, धारा- ४२ मा सामाजिक न्यायको हक, र धारा- ४३ सामाजिक सुरक्षाको हक व्यवस्था गरिएको छ। धारा- ५१ को 'सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी नीति' अन्तर्गत 'मुक्त कमैया, कमलरी, हरवा चरवा, हलिया, भूमिहीन, सुकुमबासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्ने ग्यारेण्टी गरिएको छ।

यसैअनुरुप सरकारले संविधान कार्यान्वयनको शुरुवातको लागि भूमिसम्बन्धी ऐनको सातौं संशोधन २०७५ मा गऱ्यो, जसमा भूमिहीन दलितलाई भूमि दिइसक्नुपर्ने समयावधि ३ वर्ष तोकियो। भूमिसम्बन्धी ऐनको आठौं संशोधन २०७६ मा भयो र दफा ५२ थपियो- (क) मा 'नेपाल सरकारले भूमिहीन दलितलाई एक पटकका लागि तोकिए बमोजिम तीन वर्षभित्र जमिन उपलब्ध गराउने छ'। र (ख) मा 'भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने' छ।

जसअनुसार, एकपटकको लागि नेपाल सरकारले भूमिहीन दलित र भूमिहीन सुकुमबासीले आबाद कमोद गरिरहेको स्थानमा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गामा तोकिदिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउने व्यवस्था राखियो।

सरकारले यसबीचमा गठन गरेका तीन वटै आयोगहरू देवी ज्ञवाली (२०७७), केशवप्रसाद निरौला (२०७८) र हरिप्रसाद रिजाल (२०८१) सरकार फेरिएपिच्छे विघटनमा परे। यद्यपि हरिप्रसाद रिजाल नेतृत्वको भूमि समस्या समाधान आयोगलाई सर्वोच्च अदालतले काम गर्न आदेश दिएको छ। यो सकारात्मक पक्ष हो।

पछिल्ला तीनवटै आयोगमा परेकोसमेत असोज २०८२ मा भूमि समस्या समाधान आयोगले गरेको अद्यावधिक विवरणअनुसार निवेदनको विवरण निम्न छन्।

मूलीको निर्देशनअनुसार चल्थे, किन राज्यको शासनमा जाने भन्ने थियो। त्यसैले जमिन नापे कर तिर्नुपर्छ, नतिरे प्रहरीले समातेर लैजान्छ, अदालत जानुपर्छ। त्यसैले जमिन कमाउन पाएकै छ, किन नापी गर्ने ? कति आदिबासीले जमिन नाप्दै नापेनन्। उदाहरणका लागि, मनाङको तत्कालिन सात गाविसको एउटै पुर्जा छ। आज धेरै घरपरिवार यस्तै कारणले भूमिहीन बन्न पुगेका छन् तर जमिन जोतिरहेका छन्।

दोस्रो, जमिनको कर धेरै थियो। २००८ सालसम्म राज्यको बजेटको ६२ प्रतिशत जमिनको करले धान्थ्यो। २०२२ सालसम्म पनि ४२ प्रतिशत जमिनबाट उठेको करबाट राज्यको बजेट बन्थ्यो। कर बढी भएकोले जमिन दर्ता गर्नेतिर मानिसहरू लागेनन्। तर जमिन जोत्न पाएकै छ भन्नेतिर लागे र आज तिनै परिवार भूमिहीन छन्।

तेस्रो, भूमि सुधार लागु भयो। जमिनदारले मोहीयानी दिनुभन्दा ऐलानी जमिन जोत भने। सोझा किसान किन जमिनदारसँग झगडा गर्नु भनेर जङ्गल फाडेर खेती गर्न लागे। जमिन दर्तातिर लागेनन्। विशेषगरी तराई-मधेशका जिल्लामा यस्तो समस्या बढी छ। फेडरिक गेज, 'क्षेत्रीयता र विकास किताब'मा लेख्छन्, थारु र दलितले जमिन जोत्न पाए, तर जमिनको पुर्जा पाएनन्। आज तराई मधेशमा ठुलो सङ्ख्यामा भूमिहीन छन्।

चौथो, नापी हुँदा नापी टोली गाउँघर जाँदा कि जमिनदार, कि तत्कालीन प्रधानपन्चकोमा बसे। उनीहरूले जति भने त्यती नापी भयो। 'वन' लेख भनेको ठाउँमा वन नै लेखिदिए। कतै गौचारण, बाटो, हाट, घाट, कुलो, नुनथलो, डगर, बगर लेखिदिए, जुन कुरा फिल्ड बुकमा अहिले पनि छ। गौचरण वा बाटो वा डगर-बगर लेखेको ठाउमा भूमिहीन बसेका छन्, त्यो पनि ५० वर्षभन्दा बढी समयदेखि, जसलाई अहिले पनि लालपुर्जा लिन गाह्रो परिरहेको छ।

| प्रदेशको नाम | भूमिहीन दलित | भूमिहीन सुकुमबासी | अव्यवस्थित बसोबासी |
|---|---|---|---|
| कोशी | २१,३२२ | ५५,१६८ | १,६३,३४७ |
| मधेश | १८,४१२ | २२,२४३ | ७०,६१७ |
| बागमती | ६,४१७ | २०,६३१ | १,००,७१४ |
| गण्डकी | ८,२५९ | १३,००३ | ६८,२४७ |
| लुम्बिनी | २२,८६२ | ४१,८६५ | २,४१,१८७ |
| कर्णाली | २,९३३ | १,४५२ | ४८,३५५ |
| सुदूरपश्चिम | ११,०५५ | १६,९४१ | १,९७,९८२ |
| **जम्मा** | **९१,२६०** | **१,७१,३०३** | **८,९०,४४९** |

## भूमिहीनका केही प्रकारहरू

पहिलो, Art not to being Governed किताबमा - James C. Scot ले (शासित नहुनेकला)मा लेखेका छन्, आदिवासी जनजाती आफ्नो समुदायको

पाँचौ, तत्कालिन नापीको समयमा केही मान्छेले नापी टोलीलाई खसी-बोका, कुखुरा, दाम दिन सकेनन्। त्यसो हुँदा उनीहरूको जमिन नापी भएन। निकुन्ज वा सामुदायिक वन पछि बने। मानव-समुदाय अगाडिदेखि बसे, २०१८ सालदेखि बसेकाहरूले पनि आजसम्म पुर्जा पाएका छैनन्।

साविक नापी हुँदा ९४ लाख जनसङ्ख्या थियो। अहिले ३ करोड छ। १ करोड र ३ करोडलाई जमिनको क्षेत्रफलको सम्बन्धलाई पनि हेरौं। अहिले नेपालमा करिब २५ प्रतिशत भूभाग (१ करोड २५ लाख कित्ता जमिन) अनौपचारिक भूसम्बन्ध अर्थात लालपुर्जाबिना आमोद-कमोद र बसोबास हुँदै आएको छ। यसरी हेर्दा कतिपय भूस्वामित्व, औपचारिक, अर्धऔपचारिक, अनौपचारिक र अतिक्रमणका रूपमा छ। जसको समस्या समाधान हुन बाँकी छ। यी सबैबाट राज्यलाई करिव एक अर्ब रूपियाँ वार्षिक घाटा छ। कसरी लालपुर्जा नहुनेले मालपोत तिर्दैन, सम्पत्ति कर दिर्दैन, मालपोतमा गएर जमिन पास गर्दैन। यी स्रोत नै बन्द भएपछि राजश्व पनि उठ्ने कुरा भएन।

## भूमिहीन र अव्यवस्थितका प्रकार

- पुर्स्तौंदेखि जमिन जोत-भोग गरिआएका र जग्गामा बसोबास गरेका भूमिहीन दलित र भूमिहीन सुकुमबासी।
- नदी-बाढी, पहिरोले विस्थापित भूमिहीन र अव्यवस्थित बसोबासी।
- लामो समयदेखि बसोबास गरेका तर नापीमा वन जनिएका भूमिहीन र अव्यवस्थित बसोबासी।
- पुरानो बसोबास भएका तर नक्सा/जग्गा दर्ता नभएका परिवार वा नापीले विवादका कारण नाप्न नै छोडि दिएका परिवार।
- उद्योग, विकास, निकुञ्ज, बाटो विस्तार आदिबाट विस्थापित परिवार। शहरी भूमिहीन, मजदुर, भाडा तिरी बस्ने वर्ग।
- धेरै परिवारसँग लालपुर्जा भएपनि जमिन छैन। कि बाढी डुबानमा छ, कि पहिरोमा छ, कि खोलामा।

- यि बाहेक अनेकन् कारणले भूमिहीन र अव्यवस्थित बसोबासी समस्या भोग्नेहरू छन् ।

भूमि व्यवस्थापन केवल कानुनी वा प्रशासनिक विषय मात्र होइन् । सामाजिक संरचना, राजनीतिक शक्ति सन्तुलन, ऐतिहासिक उत्पीडन, जातीय-वर्गीय विभेद र राज्य विस्तार प्रक्रियामा निहीत असमानतासँग पनि गाँसिएको छ । यसैले एक पटक सम्पूर्ण भूमिसँग जोडिएको जनताको समस्या समाधान हुनुपर्छ भन्ने हो ।

## सरकारले लिएको बाटो

सरकारले भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनको बाटो लिएको त छ तर, प्रभावकारी भएको छैन । त्यसैले भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि सरकारले दुई प्रकारको बाटो लिन जरुरी छ । पहिलो- कानुनी तथा संस्थागत प्रबन्ध गर्ने, औपचारिकरूपमा हक हस्तान्तरण र किनबेच गर्ने व्यवस्था मिलाउने । दोस्रो- व्यवस्थापनको मोडालिटी र कार्य-प्रक्रिया तय गरी भविष्यमा समस्या दोहोरिन नपाउने गरी समस्या समाधान बाटो लिने ।

## केही अनुभव

भूमिसम्बन्धी काम गर्न आयोग क्रियाशील छ । जिल्लामा समितिहरू छन् । स्थानीय तहहरू पनि चासो राखीबसेका छन् । यद्यपि यो समस्या समाधानमा केही अन्यौलताहरू, केही बुझाईमा भिन्नता र केही प्रक्रियाहरू नमिलेको जस्तो पनि छ । जस्तो, आयोगका जिल्ला सदस्यहरूको भूमिबारेमा कमजोर ज्ञान र बुझाई छ । उनीहरू फरक पृष्ठभूमिका बढी छन् ।

अर्कोतर्फ, भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या समाधानमा स्थानीय तहको सक्रियता पनि बढाउन जरुरी छ । आयोगले आशा गरेजस्तो सबै पालिकाबाट सहयोग हुन सकेको छैन ।

भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या समाधानमा राजनीतिक पार्टीको पनि मौनता छ । उनीहरू आयोग बनाउन चासो राख्छन्, त्यसपछि काम भयो वा भएन भनी हेर्दैनन् वा चासो नै राख्दैनन्, जसले गर्दा जिल्ला र स्थानीय तहहरूमा देखिने गरी उपलब्धि आउन सकेको छैन ।

आयोग तिनै तहका सरकारको दायित्वभित्र पर्छ । प्रदेश सरकारले पनि आफ्नो प्रदेशलाई भूमिहीन मुक्त बनाउनको लागि अभियानमा सहयोग गर्न उत्तिकै जरुरी देखिन्छ ।

**केन्द्रबाट जिल्ला र पालिकामा पठाइएको अमिन र सर्भेक्षकले पर्याप्त स्रोत साधन र उपकरण नहुँदा नापी कार्यलाई गति दिन सकेका छैनन् र नापीको काम प्रभावकारी हुन सकेको छैन । अर्कोतर्फ जिल्ला र स्थानीय तहमा राजनीतिक सयन्त्र जति सक्रिय हुनुपर्ने त्यो नभएको देखियो । कतिपय ठाउँमा द्वन्द्वकालमा कार्यालयका कागजात जले- प्रमाण जुटाउन गाह्रो भएर पनि यो अभियानमा कठिनाइ आइरहेको पाइयो ।**

जिल्ला आयोगमा पर्याप्त स्रोत र जनशक्ति छैनन् । वन कार्यालयलगायत जिल्ला स्थित सरकारी कार्यालयको सक्रियता र सहयोग कमजोर छ । जिम्मेवारीपूर्ण ढङ्गबाट सहयोग गर्ने र चासो लिइएको पाइएन ।

केन्द्रमा आयोगले अधिकांश निर्णयमा मन्त्रालयको निर्णय कुर्नुपर्ने, सोध्नुपर्ने हुँदा कार्यान्वयनमा ढिला हुने समस्या पनि छ । जसले गर्दा जग्गा दर्ता अभियानमा निर्णयहरूमा पनि ढिलाई हुने समस्या पनि छ ।

पञ्चायतकालिन प्रधानपञ्च वा जमिनदारको निर्देशनमा भएको नापी- साविक नापीमा 'वन, गौचरण, खोला, बाटो, डगर, बगर, विरह' लेखिएको छ, जहाँ हजारौं परिवार भूमिहीन र अव्यवस्थित बसोबासको जोतभोग छ, यहाँको कार्य-प्रक्रिया अघि बढ्न सकेको छैन । कानुनी उल्झनहरू छन् । जसले गर्दा आयोगको काममा पनि प्रभाव परेको छ ।


ऐन, नियमावली, निर्देशिका- मालपोत, जग्गा नापजाँच ऐन, वन ऐन, भूमि ऐन र नियमावली आपसमा बाझिएको वा अस्पस्ट छन्, यसलाई एकीकृत बनाएर सरल र स्पष्ट बनाउनुपर्छ ।

केन्द्रबाट जिल्ला र पालिकामा पठाइएको अमिन र सर्भेक्षकले पर्याप्त स्रोत साधन र उपकरण नहुँदा नापी कार्यलाई गति दिन सकेका छैनन् र नापीको काम प्रभावकारी हुन सकेको छैन । अर्कोतर्फ जिल्ला र स्थानीय तहमा राजनीतिक सयन्त्र जति सक्रिय हुनुपर्ने त्यो नभएको देखियो । कतिपय ठाउँमा द्वन्द्वकालमा कार्यालयका कागजात जले-प्रमाण जुटाउन गाह्रो भएर पनि यो अभियानमा कठिनाइ आइरहेको पाइयो ।

## अन्त्यमा,


भूमि व्यवस्थापनको लागि गत ३०-५० वर्षसम्म कागजमै सीमित रह्यो । तर भूमि समस्या समाधान समुदायको जीवन-इतिहास, परम्परा, प्राकृति भू-परिवर्तन र सामाजिक न्यायसँग जोडिएको विषय हो ।

२०७७, २०७८ र २०८१ मा गठन भएका भूमि आयोगहरू नेपालको भूमिसुधार इतिहासमा 'टर्निङ पोइन्ट' हुन् । नेपालमा भूमिहीनता बाँकी रहिरहनु राज्यको संस्थागत कमजोरीको परिणाम हो । भूमि समस्या समाधान नक्सा मिलाउने काम होइन– सामाजिक न्याय स्थापितसहित नेपाललाई समुन्नत बनाउने प्रक्रिया हो । प्रविधि, समुदाय, राजनीतिक दल, सरकारी निकाय र कर्मचारी र राज्यको सहकार्यबिना भूमि समस्या समाधान असम्भव छ । आयोगहरू असफल भएनन, तर राजनीतिक अस्थिरताले अधुरो राख्यो । अव, नेपालको भूमि प्रशासन कागजमा मात्र होइन, समुदायको जीवनमा आधारित भएर पुनर्निर्माण हुनुपर्छ ।



केशव दाहाल

# भूमि कथा : बिल्टु



यो मेरो गाउँको कथा हो । तपाईंको गाउँसँग मिलेमा संयोग मात्रै नठान्नु होला । बिल्टु मुसहरकी श्रीमती थला परेको १५ दिन भयो । खै के भयो भयो, एक्कासि बुखार चढ्यो । निकै कडा बुखार । भख्खर ३५ वर्ष पुगेकी हट्टाकट्टा दुखिनी चमार अकस्मात ओछ्यान परी । अघिल्लो राती गिरहतको बड्का घरबाट चिउरा कुटेर त्यस्तै १२ बजेतिर फर्किएकी ऊ बिहान उठ्नै सकिन । त्यसपछि बिस्तारै गल्दै गई र अन्ततः लडी । रोग पनि कस्तो भने, बुखार बढेपछि ऊ थरथर काम्न थाल्थी । चिच्याउथी र अन्ततः बेहोस् हुन्थी ।

विल्टुलाई थाहा थियो कि बुखार आगो जस्तो तेज छ । तर, थाहा पाएर मात्रै के गर्नु ? उपचार गर्न पैसा चाहिन्थ्यो, जो ऊ सँग थिएन । अस्पतालमा मानवताले भन्दा धेरै पैसाले काम गर्छ भन्ने कुरा उसले गत साल मात्र सुनेको थियो । यसर्थ बिल्टुसँग भगवानलाई गुहार्नु बाहेक अरु उपाए थिएन । त्यसैले नै उसले अर्को साल केचना मेलामा देवीलाई वैगुन चढाउने भाकल गरेको थियो । यति गरेपछि दुखिनीको बुखार ठिक हुन्छ भन्नेमा ऊ ढुक्क थियो ।

खासमा भगवानलाई विश्वास गर्नु बाहेक उसँग अरु विकल्प पनि थिएन । दुखिनीको ठुलो निधारतिर हेर्दै बिल्टुले पहिलो पटक आफ्नै मनलाई सम्झायो- जईनजात जब्बरजैठ छी । ओक्रा सङ्ग यमराजो हायर जेते ।

साँझ पर्‍यो । तर त्यो दिन बिल्टुलाई आफ्ना लागि खाना पकाउन पनि मन भएन, खान पनि । आफ्नो चिन्ता गरेर के हुन्थ्यो ? बरु उसलाई चिन्ता थियो दुखिनीको । उसलाई लाग्यो, दुखिनीले अलिकति गरम-पानी पिए हुन्थ्यो । थोरै रहरको दालसँग जाउलो खाए हुन्थ्यो । बिल्टुले अँगेनामा दाउरा ठोस्यो र पानी उमाल्न भाँडो बसायो । त्यतिखेरै हाँसका दुईटा पोथी क्वायक-क्वायक गर्दै वसरामा चडे । तिनीहरूलाई समाउन जसै बिल्टु बाहिर निस्कियो, उसले डगरमा ताजा हावाको अनौठो सर्सराहट महसुस गर्‍यो । उसलाई लाग्यो त्यो दिनको हावामा विशेष सुगन्ध छ । मैदानको ताजा माटोको सुगन्ध । ऊ आँगनमा उभिएर पश्चिम आकाशतिर हेर्न थाल्यो । आकास ताजा र भरिलो थियो ।

आकास हेर्दै उसले सोनालाल मालिकलाई सम्झियो, आफुलाई सम्झियो, बुखारले बेहोस लडेकी आफ्नी प्रिय दुखिनीलाई सम्झियो र लामो सास तान्यो । उसले मनमनै भन्यो- 'अब सब चिज निक भ्याजेते ।'

उसलाई थाहा थियो, पानी परेपछि सोनालाल मालिकको रोपाई हुन्छ । उसले जोत्न पाउछ । जोतेपछि पैसा आउछ । र, पैसा आएपछि मात्र दुखिनीको दबाईमुलो हुन्छ । आफ्नो भाग्यको साइनो पानीसँग कसरी जोडिएको छ, उसले भेउ पाएको थियो । हाँसलाई खोरमा थुन्दै गर्दा उसले मनमनै हिसाब गर्‍यो । सायद पन्ध्र दिनमा मालिकको ढैवा कित्ता रोपेर सकिन्छ । अनि त दुई हजार कसो नदेलान् । ऊ पन्ध्र दिनमा पैसा आउने कुरामा ढुक्क थियो । त्यसैले हाँसका पोथीहरूलाई सम्बोधन गर्दै उसले भन्यो- एई हांसा सुनु अवके दुई अठबार के वाद सब निकनाक भ्याजेते ।'

बिल्टु मुसहर सोनालाल अग्रहरीको 'हरवा' हो । सोनालाल अग्रहरी बिल्टुको 'गिरहत' । हरवा र गिरहतको त्यो सम्बन्ध आजको हैन तीन पुस्तादेखिको हो । जसको साक्षी थियो त्यो गाउँको कमदगाछी । जो अहिले आफै बुढो र परित्यक्त देखिन्थ्यो । त्यो बुढो कदमगाछीले देखेको सानोलाल अग्रहरी पूर्वी तराईको ठुलो मान्छे हो । जसको त्यहाँ नाम मात्रै थिएन, सान पनि

थियो । उसको पचास बिघाजति जमिन थियो ।

भूमि ऐनले पनि नदेखेको उम्दा खेत । गाउँमा नाम हुन जमिन हुनै पर्थ्यो । उसका दुईवटा मिल थिए । गाउँमै एउटा सिनेमा हल थियो । र, काठमाडौं जान २ वटा नाईट बसहरू चल्थे । उसको एउटा घर विराटनगरमा थियो । अर्को गाउँमा । मुख्य कुरा के भने उसले नयाँ संविधान आएपछि मेयरको चुनाव जितेको थियो । त्यसैले ऊ प्रायसः गाउँमा बस्थ्यो । भन्थ्यो- 'हम्रा गाँवके खुब मामत लागैछे ।'

गाउँमा कुनैबेला सोनालालको हजुरबा हात्ती लिएर डुल्ने गर्थ्यो । उनको नाम थियो गजाधर अग्रहरी । ऊ पनि त्यसै भन्थ्यो । भन्थ्यो- 'हम्रा गाँवके खुब मामत लागैछे ।'

बुढापाकाहरू भन्थे गजाधरको घर पछाडी उसको गोप्य श्मसान थियो । र, ऊ जवान केटीहरूलाई मारेर त्यहि दफनाउथ्यो । गजाधरका पाँच भाई छोराहरू थिए । उनीहरू सबैसँग घोडा थियो र उनीहरूको हातमा हुन्थ्यो खतरनाक चाबुक । चाबुकलाई स्याईस्याई हावामा घुमाउँदै उनीहरू पनि गाउँ डुलिबस्थे । त्यो चाबुक कतिबेला कुन निर्धो थारु वा मुसहरको ढाडमा बज्रिन्थ्यो कसैलाई थाहा हुँदैनथ्यो । कोही भन्थे गजाधर आफु नपुंसक थियो । र, उसले कुनै दैत्यबाट पाँच भाई छोराहरू जन्माएको हुनुपर्छ । त्यसैले उनीहरू सबका सब दैत्यजस्तै थिए । बेईमान, अपराधी र खुंखार ।

पाँच भाई मध्ये कान्छा भाईको एकमात्र छोरो थियो, सोनालाल । सोनालाल गाउँलेलाई कति माया गर्थ्यो, उही जानोस् । खासमा त्यो 'माया' अग्रहरी परिवारको श्राप थियो की आर्शिवाद भगवानलाई नै थाहा होला । अवश्य नै भगवानको बहिखातामा त्यो मायाको हिसाब-किताब लेखिएको हुनुपर्छ । तर दुखिनी भन्थी- उसको माया मुसाको जस्तै हो । मंसिरमा भाले मुसाले धान थन्क्याउन धेरै पोथीसँग विहे गर्छ र माघ लागेपछि सबैलाई खेद्छ । नभन्दै, जब पानी पर्न सुरु हुन्थ्यो, सोनालाल गरिब किसानहरूलाई खुब माया गर्थ्यो । तर जव मंसिरमा सोनालालको खेतमा दाई सकिन्थ्यो, त्यसपछि मायाको भकारी रितिन्थ्यो ।

दुखिनी भन्थी- यो सोनालालवा आदमी नै छे, चुतिया छे । त्यसो त जेठदेखि पुससम्म सोनालाल मुस्कुराई रहन्थ्यो र माघदेखि वैशाखसम्म रिसाई रहन्थ्यो । ऊ आठ महिना किन खुसी हुन्थ्यो ? र चार महिना किन रिसाउथ्यो ? कसैलाई थाहा थिएन । रिसाएपछि उसको मुखबाट गाली मात्रै निस्किन्थ्यो । गाली गर्दा उसको अनुहार दुम्सिको जस्तो तिखो हुन्थ्यो । दाँत ओठलाई ठेल्दै बाहिर निस्किन्थे । जो फलामका जस्ता धारिला देखिन्थे । र, उसको जिब्रो सर्पको जस्तै लाललाल हुन्थ्यो । ऊ गाउँनै थर्काउदै कराउथ्यो- बुरचोदी, हरामी ।

तर, बिल्टुलाई सोनालालले आजसम्म कराएको थिएन । वास्तवमा मालिकको गाली खानुपर्ला भनेर आजसम्म बिल्टु उसको अगाडि नै परेको थिएन । अगाडि नै नपरेपछि कराउने कुरै भएन । किन हो सोनालालसँग बिल्टु मात्रै होइन दुखिनी पनि परपरै हुन्थी । ऊ भन्थी- साला बुडबक हरामी घुरघुरके हमर सिना ताकैछे । ओक्रा आँख फोड्दैने मन हेइछे । यसरी नै बिल्टु र सोनालालको सम्बन्ध चलिनै रहेको थियो ।

बिल्टुले दुखिनीलाई पानी उमालेर दियो । एकछिन निधारमा हात राख्यो । र, फेरि बाहिर आँगनमा निस्कियो । झुप्रोमाथि आकासमा त्यो दिन विशेष हलचल थियो र हलचल बढ्दै थियो । बिल्टुले बादलको बेग जाँच्न खोज्यो । पश्चिम उत्तरको पर्वतमालामाथि बादलका घुर्मैला पत्रहरू छिटोछिटो पूर्वतिर हानिदै थिए । उसले बादलको रङ्ग नियाल्यो । जो ताजा, भारी र सजिव देखिन्थ्यो । ऊ निश्चिन्त भयो, आज अवश्य नै पानी पर्नेछ । आकासको हलचलले बिल्टुको लुलो ज्यानमा ज्यान भरियो । मनमा आशाका नयाँ किरणहरू नाच्न थाले ।

भित्र ज्वरोले अर्धचेत भएकी दुखिनी विस्तारै घुर्दै थिई । ऊ नजिकै गयो र अध्यारोमा दुखिनीको अनुहार छाम्न थाल्यो । सायद उसले निन्द्रामै आफ्नो श्रीमान्‌को अनुभव गरी, त्यसैले ऊ घुर्न छोडी । उसको नाकबाट देउरालीमा सिरसिर हावा चलेजस्तो स्वासको धिमा गतिमात्र सुनिँदै थियो । त्यहीबेला आकाश गर्जियो ।

हावाको झोंका फुसको छानामा ठोकियो र पानी छिट्टयाउन थाल्यो । पानीसँगै बिल्टुका पीडाहरू गाएब भए । तत्क्षण उसका सयौं दमीत इच्छाहरू ब्युँझिएर आए । बिल्टुले श्रीमतीलाई अँगालो हाल्यो । तर ज्वरोले तातेको दुखिनीको अनुहारमा स्पर्श हुनसाथ बिल्टुका सबै आवेगहरू सेलाए । बिल्टुको मन दुःखको भारी बोकेर सिधा आकासतिर उड्न थाल्यो ।

वैशाख लाग्दै थियो । त्यसैले तराईमा सिरुवा मेलाको रमझम सुरुहुँदै थियो । यो आजभन्दा १३ वर्ष अगाडिको कुरा हो । त्यहि मेलामा उसले पहिलो चोटी दुखिनी चमारलाई देखेको थियो । कालो अनुहारमा टल्किएका सेता दाँतका लहर, ठूला-आँखा, रातो लिपिष्टिकले रङ्गिएका पोटिला ओठ र गाडा निलोमा कलेजी बुट्टा भएको कुर्ता सुरुवाल । उसलाई अझै सम्झना छ, त्यो दिन उसलाई दुखिनी कृष्टी केसी जस्तै हिरोइन लागेको थियो ।

दुखिनीलाई देखेको रात ऊ कसैगरी निदाउन सकेन । उसलाई पहिलो नजरमै प्रेम भयो । त्यसको तीन दिनपछि उनीहरूले दोस्रो भेट गरे । तेस्रो भेटमा उनीहरूले आलुचप र प्याजी अघाँउजी खाए र रातीको सो सिनेमा हेरे । सिनेमा हेरेर बाहिर निस्कीदा रात छिप्पिदै थियो । बाटोमा उसले पहिलो चोटी दुखिनीको हात समायो । दुखिनी लजाई । खासमा त्यो बेला बिल्टु पनि लजाएको थियो । त्यसको हप्तादिनपछि उनीहरूले भागेर विवाह गरे । कुनै रितीरिवाज, घरदेख, भोजभतेर, बाजागाजा र आफन्ति बिना नै एक्लो बिल्टु मुसहरले दुखिनी चमारलाई भगायो ।

त्यसपछि उनीहरूको कथाले नयाँ मोड लियो । विहेपछि बिल्टु र दुखिनीले ऐलानी जग्गामा सानो झुप्रो हाले । बाँसका झिक्राहरूले बारेर दिवाल खडा गरे । भान्सा र ओछ्यान छुट्याए । दुखिनीले पोखरीको लिस्याइलो माटोले लिपपोत गरी । उसँग चाँदीका एकजोर कल्ली थिए, बेचेर पाँच वटा हाँसका टिउला किनी । आँगनको डिलमा सुँगुरको पाठो खेल्न थाल्यो ।

आफ्नो झुप्रोमा दुखिनीसँग बिताएको पहिलो दिन र रात उसले अझै बिर्सिएको थिएन । सिनेमा जस्तै सुन्दर थियो त्यो सब । त्यो दिन उनीहरूले रहु माछाको झोलसँग बासमती चामलको भात खाए । दुखिनीले टमाटरको अचारमा सिद्रा झानेर स्वादिलो

पारी । जस्तो की अचारमा उसले आफ्नो मायाको स्वाद पनि घोलेकी थिई । त्यसपछि दिनभर उनीहरूले आफ्नो नयाँ झुप्रोमा छानो हाले र लगत्तै साँझ पर्‍यो । बिल्टुका लागि त्यो रात जीवनकै सबैभन्दा छोटो रात थियो ।

यसरी उनीहरूको गृहस्थी सुरु भयो र सँगै जीवनले नयाँ भाका हाल्न थाल्यो । एक दिन बिहान हाँसका टिउलाहरू आँगनमा चरेको हेर्दैगर्दा बिल्टुलाई पहिलो चोटी लाग्यो कि अब उसको भाग्य खुल्नेछ । उसलाई लाग्यो कि उसका पितृहरू उसँग रिसाएका छैनन् । अब उसका सपनाहरू पुरा हुनेछन् ।

बिहान सखारै दुखिनी उठ्थी, घर लिपपोत गर्थी र उसलाई निन्द्राबाट ब्युँझाउथी । बिल्टु कहिलेकाँही काममा जान अल्छि गर्थ्यो । यस्तोबेला ऊ बिल्टुलाई गाली पनि गर्थी । तर गाली गर्दा पनि उसका आँखामा भने मायाको समुन्द्र उर्लिरहेको हुन्थ्यो । त्यसपछि बिल्टु अल्छि मान्दै उठ्थ्यो र गिरहतको खेततिर जान्थ्यो ।

त्यो सबै उसका लागि आनन्दको कुरा थियो । उनीहरूको जीवन लगातार १३ वर्ष यसरीनै दुःख र सुखको समुन्द्रमा हेलिँदै गयो ।

कल्पनाको आकासबाट बिल्टु फेरी आफ्नै झुप्रोतिर फर्कियो । सामुन्ने थिई बुखारले लडेकी प्रिय दुखिनी । उ बेलाकी रसिली, भरिली र मायालु दुखिनी सम्झिएर बिल्टुका आँखा रसाए । यो चमारनी उसका लागि कति महत्वपूर्ण छ त्यो दिन उसले बुझ्यो । बिल्टु मुसहर फेरी प्रेममा पर्‍यो । त्यो प्रेममा उसले आफुलाई बिर्सियो, सोनालाल मालिकलाई बिर्सियो र मालिकको बाँझो खेत पनि बिर्सियो ।

खासमा त्यो रात उसले दुखिनीबाहेक अरु सबै सबैलाई बिर्सियो । सुत्नेबेला उसलाई दुखिनीको अनुहार फेरी हेर्न मन लाग्यो । बिल्टुले सलाई कोर्‍यो । सलाईको सानो उज्यालोमा दुखिनीको अनुहार झलक्क देखियो र पुनः सर्वत्र अँध्यारो भयो । बिल्टु ओछ्यानमा बस्यो र तर दुखिनी चुपचाप रोईरहेकी पायो । किन रोई दुखिनी ? किन बग्दैछ उसको आँखाबाट आँसु ? उसले सबैभन्दा धेरै माया गरेकी प्रियजनलाई भगवानले किन सजाय दिँदैछन् ? बिल्टुसँग प्रश्नहरू त धेरै थिए । तर, जवाफ थिएन । उसले दुखिनीलाई अँगालो मार्‍यो र आफु पनि रुन थाल्यो ।

अर्को दिन बिहानैबाट खेतको काम सुरु भयो । रातीको पानीले किसानहरूमा नयाँ उत्साह जगाएको थियो । र, सोनालालको खेतमा पनि बिहानैदेखि चहलपहल सुरु भइसकेको थियो । निकै ढिलोगरी बिल्टु सोनालालको आँगनमा पुग्यो । गोरु फुकायो । हलो बोक्यो र लाग्यो खेततिर । उसले गोरु नार्‍यो र जोत्न थाल्यो । तर, त्यो दिन बिल्टुको मन कसैगरी खेतमा अडिएन । उसको मन सुकेको थियो । हेर्दा ऊ शान्त थियो । चुपचाप थियो । तर, उसको भित्र कतै आगो बल्दै थियो । जुन आगोलाई खेतका गह्राहरूमा छचल्किएको पानीले किमार्थ निभाउँन सक्दैनथ्यो ।

त्यो दिन पहिलो चोटी बिल्टुलाई आलीमा बसेर रुन मन लाग्यो । उसलाई लाग्यो, उसको भाग्यमा दाग लागेको छ, जो कसैगरी पखालिँदैन । ऊ अब विश्वस्त भयो की, उसलाई पुर्खाहरूको श्राप छ । ऊ अभागी मान्छे हो । बिल्टुको टाउको दुख्न थाल्यो । हातहरू काम्न थाले र छाती भित्रबाट आगोको मुस्लो छुट्लाजस्तो भयो । उसको वरिपरी अँध्यारो छाउँदै गयो । ऊ रिसाउँदै गयो ।

खासमा ऊ कोसँग रिसाएको हो, उसैलाई पनि थाहा थिएन । बिल्टुसँग हिजै मात्र बनाएको बाँसको गतिलो लौरो थियो । उसले लौरो समाएको हातमा जोडले तीन पटक थुक्यो र गोरुलाई पो चुट्न थाल्यो । वास्तवमा उसलाई त्यो दिन आफुले जोत्दै गरेको गोरुसँग धेरै रिस उठेको थियो । सायद उसलाई त्यो दिन आफैसँग सबैभन्दा धेरै रिस उठेको थियो ।

अब यसरी हुँदैन ? एक्कासी उसको मनले उसैलाई भन्यो । नाथे बिल्टु वर्षौवर्ष अर्काको खेत जोतेर तैले के पाइस् ? ज्वरोले थलिएकी आफ्नी जाहानलाई उपचार गर्न नसक्ने तेरो यो दुनियाँमा के काम ? बिल्टुको मनले जीवनमा पहिलो चोटी उसैलाई प्रश्न गर्‍यो ।

घाम भख्खर टाउको माथिबाट कुमतिर झर्दै थियो कि बिल्टुले गोरु फुकायो । हलो र गोरुलाई त्यसै खेतमा अलपत्र छोडिदियो र ऊ लाग्यो कदमगाछितिर । कदमगाछी चोकको देब्रेतिर लौहाको रक्सि दुकान थियो । उसले एक ग्लास रक्सि स्वाट्ट पार्‍यो । नुनमा चोवेर एउटा सिङ्गो खोर्सानी चपायो । भिखनको माछा पसलबाट उधारोमा जिउँदै आधा केजी मुग्री माछा किन्यो । र, लाग्यो आफ्नै झुप्रोतिर ।

ऊ बर्वराउँदै र कराउँदै अगाडी बढ्यो । भन्दै थियो- 'माईकी अब हम् रिक्सा चलावेले जैछे, गिरहत के हर नै जोत्वे ।' आफ्नी दुखिनीलाई रिक्सामा चढाएर कदमगाछी चोक तीन फन्का घुमाउने उसले मनमनै सङ्कल्प गर्‍यो । खासमा उलाई निकै हतार थियो । त्यसैले ऊ आजै रिक्सा किनेर दुखिनीलाई घुमाउन चाहन्थ्यो । आजै ऊ तारेका माछासँग रक्सि पिउन र आफ्नी श्रीमतीसँग बसेर सिनेमा हेर्न चाहन्थ्यो । त्यो दिन उसको चाल, ढाल र भाषा सधैंको भन्दा नितान्त फरक थियो ।

बिल्टु आफ्नो घरको आँगनमा पुग्यो । झुप्रो उही थियो । आँगन र आँगनमाथिको बसरा उही थियो । बसरामा उसरी नै एकजोडी पोथी हाँसहरू बसेका थिए । झुप्रोमा उसरी नै टिनको ढोका लागेको थियो र सबै कुरा उसरी नै सुनसान थियो । बिल्टु घरभित्र पस्यो । घर चकमन्न थियो र दुखिनी ओछ्यानमा सुतिरहेकी थिई । उसले दुखिनीलाई नियालेर हेर्‍यो । ऊ उसरीनै शान्त थिई । थोरै उज्यालो, सिरुवा मेलामा पहिलो पटक देखेजस्ती, थोरै मुस्कुराए जस्ती, थोरै सरमाए जस्ती, थोरै रमाए जस्ती । उसले दुखिनीका आँखामा आँखा मिलाउन खोज्यो । खासमा ऊ दुखिनीलाई आफ्ना सपनाहरू सुनाउन चाहन्थ्यो । तर दुखिनी मौन थिई । उसका गालामा भख्खर बगेका आँसुका डोवहरू ताजै थिए तर बाँकी सबै कुरा चिसो र स्थिर भइसकेको थियो ।

दुखिनीका छेउमा बिल्टु असहाय झैं उभियो । अगाडी बुखारले भन्दा धेरै गरिबीले आक्रान्त दुखिनीको लास लम्पसार थियो । बाँकी सबै मैन र निस्प्राण । मात्रै माछाहरू प्लाष्टिकको झोलामा छट्पटाउदै थिए । यहिनेर तपाइँहरूलाई एउटा कुरा बताउँछु त्यो के भने, खासमा ति माछाहरू थिएनन् । ति त बिल्टुले धेरैपछि देखेका सपनाहरू पो थिए । ✿



रघुनाथ लामिछाने

# जीवनमा जग्गा छैन, त केही छैन



रूपा राना । कञ्चनपुरको लालझाडी गाउँपालिकामा बस्छिन् । उनको झुपडी रहेको थलो नरङ्गा सामुदायिक वनको नाममा छ । रूपा यसअघि वाइसी बिचवामा बस्थिन् । २०६४ सालमा बाढीले लखेटेपछि कहीँ बस्न नपाएकाले यहाँ आएकी हुन् । अहिले नदी बगिरहेको सोही ठाउँमा पनि रूपाको आफ्नै जग्गा थिएन । ऐलानीमै बस्थिन् । तर त्यही ऐलानीलाई पनि बाढीले छाडेन । जसरी पनि खान त परिहाल्यो । साइकलमा करिब सवा घण्टाको यात्रा गर्नु र बूढाबूढी नै जे पाइन्छ, त्यही मजदूरी गरेर प्राप्त हुने आम्दानीले जीविका चलाउनु रूपाको परिवारको बाध्यता हो ।

## जग्गा छैन त केही छैन

१३, ९ र ५ वर्षका ३ छोराछोरी छन् रूपाका तर कुनै पनि पढ्न जाँदैनन् । उनले सुनाइन्- 'विद्यालयमा भर्ना गर्न गएको जन्म दर्ता माग्यो । हामीसँग जन्म दर्ता थिएन । त्यसैले भर्ना नै लिएन ।' जन्म दर्ता किन नगरेको त ? प्रश्न खस्न नपाउँदै भनिन्- नागरिकता नै छैन । नागरिकता नै नभएपछि बिहे दर्ता हुने कुरै भएन । बिहे दर्ता नभएपछि जन्म दर्ता पनि हुन्न । उनको बस्तीबाट करिब एक किलोमिटर मात्र टाढा छ- शारदा मावि । तर रूपाका सन्तानका लागि भने यो विद्यालय यहाँ हुनु र नहुनुबीच कुनै फरक छैन ।

स्वास्थ्य चौकी पनि नजिक छ तर रूपाको परिवार समस्या पर्दा पनि खासै जाँदैनन् रे । किन ? 'औषधि नै दिँदैनन्, आखिर औषधिका लागि मेडिकलमै जानुपरेपछि त्यहाँ किन गइरहनु ?' गरिब र भूमिहीन तथा श्रमजीवीलाई कर्मचारीले गर्ने व्यवहार नै छुट्टै छ । उनीहरूले पाउने सेवा कि दयामायामा आधारित हुन्छ कि त रहलपहल मात्र ।

धेरैको सुझाव हुने गरेको छ- अधिया कमाएर खानु नि । तर खुकुरीको चोट अचानोलाई मात्र थाहा हुन्छ । खेती गर्न मल चाहियो । मलका लागि वस्तुभाउ पाल्नुपर्‍यो । वस्तुभाउ पाल्न ठाउँ हुनुपर्‍यो । घाँस/पराल हुनुपर्‍यो । जोत्नका लागि आफ्नै गोरु, राँगा हुनुपर्‍यो । त्यसैले यी सबैका लागि पैसा तिरेर खेती गर्दा अधियाबाट फाइदा हुँदैन । यस्ता सुझावकर्तालाई रूपाको जवाफ छ- भूमिहीनलाई अधियामा खेती गर्न सल्लाह दिने भनेको खेतीपातीको हिसाबकिताब नबुझेकाले मात्र हो ।

नागरिकता बनाउन, घरमा धारा राख्न, विद्युत्को मिटर राख्नदेखि केही ससानो उद्यम गर्न कर्जाका निम्तिसमेत जग्गा धनी प्रमाणपुर्जा खोज्छन् नेपालका कानुन र कार्यालय । सोझो अर्थमा भन्दा सरकारी सुविधालाई जग्गा धनी प्रमाण पुर्जासँग जोडिएको छ हरेक ठाउँमा । त्यसैले हाम्रो सन्दर्भमा जग्गामा कानुनी स्वामित्व नहुनु भनेको जिन्दगीमै केही पनि नहुनु हो । त्यसैले रूपा आफ्नो जिन्दगीलाई जिन्दगी पनि भन्ने कि नभन्ने भन्ने दोधारमा छिन् यतिबेला ।

## जग्गा बाँड्न नहुने कुतर्क

एकातिर भूमिवाल र अर्कोतिर भूमिहीन गरी २ वर्गका नागरिक सिर्जना गरियो मुलुकमा । अनि राज्यद्वारा प्रदान गरिने सेवा/सद्‌विधा यी २ वर्गका लाई फरक-फरक बनाइयो । भूमिमा स्वामित्व नहुनेले कि सुविधै नपाउने भए, पाइहालेमा पनि बाँकी रहेमा, पुगेमा, कसैले दयामाया देखाएमा वा सङ्घर्ष गरेमा मात्र पाइने विधि बसालियो । सोझो अर्थमा भन्दा भूमिहीनलाई दोस्रो दर्जाको नागरिकमा परिणत गर्‍यो, राज्यले नै । अनि त्यहीअनुसारको व्यवहार गर्‍यो

कर्मचारीतन्त्रले। जसलाई पछ्याउँदै आयो समाजले। यसरी भूमिहीनलाई चारैतर्फबाट किनारीकृत तुल्याउने होड नै चल्यो। जुन अद्यापि जारी छ। रूपा त्यसैको एक जल्दोबल्दो साक्षी प्रमाण हुन्।

यसैबीच केही स्वघोषित बुद्धिजीवीहरू, भूमि विज्ञहरू, शहरी विद्वान्‌हरू भूमिहीनलाई जग्गा बाँड्न नहुने कुतर्क गरेर समय व्यतीत गरिरहेका छन्। अहिलेको समयमा पनि जग्गा बाँडेर सम्भव हुन्छ ?, कहाँबाट ल्याउने त्यत्रो जग्गा ? भन्नेहरूले अहिले भूमिहीन दाबी गरेर बास र जीविकाका लागि जमिन माग गरिरहेकालाई हुकुमबासीको बिल्लासमेत लगाउने गरेका छन्। अर्थात सुकुमबासीले छलढाँट गरिरहेका आरोपसमेत लगाइरहेका छन्।

जग्गा बाँड्न नहुने कुतर्क तिनको हो जो आफ्नो सिरानमा टन्न जग्गा धनी प्रमाणपुर्जा हालेर आरामले निदाउने वर्गमा पर्छ। उनीहरूलाई बाँड्ने जग्गा कहाँबाट ल्याउने भनेर प्रश्न गर्ने विद्वान्‌हरू ती वर्गमा पर्छन् जो मानिस हावामा तैरिरहन सक्ने कल्पनामा विश्वास गर्छन्। हैन भने अहिले जति पनि भूमिहीन बसिरहेका छन्, आखिर ती त यही धर्तीमै छन्। भोलि तिनलाई बसोबास थलो उपलब्ध गराउनुपर्दा न भएको जमिन तन्काउनुपर्छ न त विदेशको जमिन किन्नै पर्छ। भएकै जमिनलाई व्यवस्थापन गरेर भूमिहीनलाई बसोबास गराउने कुरा गर्दा यिनको कन्सिरी किन तात्छ भन्ने बुझिनसक्नु रहस्यको विषय बन्दै आएको छ।

अर्को अचम्म त यहाँ छ कि जब जब सरकारले आयोगमार्फत वा अन्य कुनै संयन्त्रमार्फत भूमिहीनलाई जमिन वितरण गर्ने घोषणा गर्छ, कार्यक्रम ल्याउँछ, ठीक त्यतिबेला नै यस्ता कुतर्कवालाको चर्को आवाज मुखरित हुने गर्छ। सम्भ्रान्त वर्गले लगानी गरेको मूलधारे भनिने सञ्चार माध्यममार्फत यिनीहरू भूमिहीनको उछितो काड्नमा तल्लीन हुन्छन्। अनि त्यस्तै प्रपोगन्डा मच्चाउने सञ्चार माध्यमदेखि सरकार डराउने र पछि हट्ने अभ्यास देखिँदै आएको छ। अहिलेसम्म रूपा रानाहरू भूमिहीनकै बर्को ओढिरहन बाध्य हुनुपर्नाको मुख्य कारण यही हो।

राज्यप्रदत्त सेवा/सद्रविधालाई भूमिको स्वामित्वसँग जबर्जस्ती जोड्ने, उद्यम/व्यवसाय गर्न पाउने अधिकारलाई धितो शब्दमार्फत भूमिको स्वामित्वसँग नत्थी गर्ने अनि आफ्नै मुलुकभित्र जहाँ पनि स्वतन्त्रतवरले बस्न र विचरण गर्न पाउने हकलाई लालपुर्जाको तगारो अघि सारेर बन्देज गर्ने कार्य सनातनदेखि राज्यबाटै हुँदै आएको छ। अनि यस्तो अवस्थाबाट नागरिकलाई मुक्ति दिलाउनुपर्‍यो भन्दाचाहिँ हुन्न, सम्भव छैन, सकिन्न भनेर १२ हात माथि उफ्रने 'विद्वान्' हरूको विद्वतामाथि शङ्का गर्नैपर्ने अवस्था सिर्जना भएको छ।

**राष्ट्रिय आवास योजनाले 'सबैका लागि आवास' को अवधारणासहितको राष्ट्रिय आवास नीति २०६८ लागु भएको उल्लेख गरेको छ भने यो नीतिले प्रतिपादन गरेको लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवश्यक र उपयुक्त कार्यक्रमहरू पहिचान गरी आगामी १० वर्षका लागि व्यावहारिक र उद्देश्यमूलक योजनाका रूपमा राष्ट्रिय आवास योजना (२०७१) तर्जुमा भएको छ।**

### कानुनविपरित हर्कत

नेपाल पक्षराष्ट्र भएको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ ले आवासको अधिकारलाई पर्याप्त जीवनस्तरको अधिकारका रूपमा मान्यता दिएको छ। नेपालको संविधानको धारा ३७ मा आवासको हक उल्लेख छ। जसको (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भनिएको छ भने (२) मा कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भनिएको छ। त्यसैगरी संविधानको धारा ४० (६) मा आवासबिहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ भन्ने उल्लेख छ।

राष्ट्रिय आवास योजनाले 'सबैका लागि आवास' को अवधारणासहितको राष्ट्रिय आवास नीति २०६८ लागु भएको उल्लेख गरेको छ भने यो नीतिले प्रतिपादन गरेको लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवश्यक र उपयुक्त कार्यक्रमहरू पहिचान गरी आगामी १० वर्षका लागि व्यावहारिक र उद्देश्यमूलक योजनाका रूपमा राष्ट्रिय आवास योजना (२०७१) तर्जुमा भएको छ। यसरी नै नेपालको संविधानबमोजिम आवासबिहीन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको भन्दै सङ्घीय संसद्‌ले आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न आवासको अधिकारसम्बन्धी ऐन २०७५ बनाएको छ।

यसरी अन्तर्राष्ट्रियदेखि राष्ट्रिय कानुनसमेतले भूमिहीनलाई जमिन प्राप्तिको सुनिश्चितता गरेका छन् भने यिनै कानुन र प्रतिबद्धतालाई व्यवहारमा उतार्नु राज्यको दायित्व नै हुने गर्छ। यस्तै र यिनै दायित्व पूरा गर्न यतिबेला सरकारले भूमि समस्या समाधान आयोग गठन गरेर काम अघि बढाइरहेको छ। यस्तो बेलामा आयोगलाई सहयोग गर्नु र भूमिहीनहरूको पक्षमा माहोल बनाउनु त कता हो कता, उल्टै मेघ गर्जनको शैलीमा 'जग्गा बाँड्न हुन्न' भन्दै उर्लनु राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनको बर्खिलापमा उत्रनु हो।

लाखौँ भूमिहीन/सद्रकुमबासीमाथि पुस्तौँदेखि लादिँदै आएको अन्यायलाई निरन्तरता दिनुपर्छ भन्नु हो। लालपुर्जाधारीहरूले पुर्खादेखि लालपुर्जाको मुखै नदेखेकालाई गरेका अपमान हो। त्यसैले यस्तो कुतर्कवालाहरू कानुन विरोधी




पनि हुन् भन्न कुनै हिच्किचाहट मान्नुपर्ने अवस्था छैन । रूपा रानाले जग्गा पाउनु पर्दैन भन्नेहरू यही कारण संविधान विरोधी हुन् । कानुन मान्दिन भन्नेहरू हुन् । जसले के स्वार्थले हो कुन्नि, रूपाहरूको संवैधानिक हक हननमा सघाइरहेका छन् ।

## अव्यावहारिक प्रयास

केही मानिस आवासका लागि ठूला ठूला भवन बनाइदिनुपर्ने सुझाव दिन्छन् । कोही अरूको जमिन कमाएर खान सल्लाह दिन्छन् । अनि कोही भने कमाएर खानुपर्ने, यिनीहरूलाई बसिरहेको ठाउँबाट गलहत्याउनुपर्ने भनेर शासकहरूलाई उचाल्छन् । झट्ट हेर्दा यी सुझाव उपयुक्त लाग्छन् पनि धेरैलाई । जसले भूमिहीनता भोग्नुपरेको छैन, जसले लालपुर्जाको सपना देख्नुपरेको छैन, जसले दोस्रो दर्जाको नागरिकको नियति बेहोर्नुपरेको छैन, उसका लागि माथिका सुझाव प्रिय लाग्नु अस्वाभाविक पनि हैन । कतिपय अवस्थामा विज्ञहरूले समेत तारे होटलका ठूला पर्दामार्फत यस्तै सुझाव दिने गरेका छन् शासकहरूलाई ।

यस्तो सुझाउनेहरूले कीर्तिपुर र नागार्जुनमा बनाइएका ठूला भवनहरूमा किन भूमिहीनहरू बसेनन् भनेर कहिल्यै अध्ययन गरेका छन् ? कीर्तिपुरको एकाध कोठामा ५ जनाको परिवार कसरी बस्न सक्छ रूपाको ? यी ५ जनाले के खाने ? कहाँ काम गर्ने ? कसैले सोचेको छ ? नागार्जुनको ठूलो महलको एकाध कोठामा बस्नेले तुलसीको मोठ कहाँ बनाउने ?, नून/तेल खान भरथेग गर्ने २/४ चल्ला कहाँ पाल्ने ? यसबारे उनीहरू नाजवाफ छन् किनकि विद्वान्हरूको अनुसन्धानले भुइँ टेकेकै छैन । भुइँ नटेकी हासिल हुने विद्वताले व्यावहारिकता पत्तै पाउँदैन । अहिले नेपालको भूमि अधिकार अभियानले भोगेको एउटा समस्या यो पनि हो । जुन बुझ्न रूपाकै दयनीय दिनचर्या काफी छ ।

राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनले आवास थलोलाई मुन्टो लुकाउने ठाउँका रूपमा मात्र चिन्दैन । उसको त्यो थलो आवास हुनका लागि त्यो आगलागी, हावाहुरी आदिबाट सुरक्षित हुनुपर्छ । उसले नजिक रोजगारी पाउनुपर्छ । स्वास्थ्य सुविधा नजिकै हुनुपर्छ । स्वस्थता, स्वच्छता जस्ता मानव अधिकारसँग जोडिएका पक्ष पनि छँदै छन् । त्यसैले जमिनको स्वामित्वलाई एउटा झुपडी उभ्याउने ठाउँ मात्र, जेनतेन खुट्टा पसारेर लड्ने भुइँ मात्र सम्झन पाइन्न । उसको संस्कृति र संस्कारलाई परिपालना गर्न पनि त्यो थलो सक्षम हुनुपर्छ । आफ्ना सनातनी क्रियाकलाप निर्विवाद उपयोग गर्न पाउने अधिकारलाई पनि यसले सुरक्षित गर्छ ।

गरिखान पाउनु त सबै अधिकार प्राप्तिका लागि पनि मुख्य प्रवेश विन्दु हुने नै भइहाल्यो । के रूपा जमिनमा स्वामित्व प्राप्तिबिना यी अधिकारहरू उपयोग गर्न पाउँछिन् ? उत्तर सहज छ- अवश्य पाउँदिनन् । त्यसो हो भने हामी केही अव्यावहारिक प्रयासका आधारमा किन भूमिहीनले जमिन पाउनुपर्ने सामाजिक न्यायको मुद्दामाथि यति निम्न स्तरको भद्दा मजाक गरिरहेका छौँ ?

## सामन्तवाद मोह

नेपालमा सामन्तवाद (कुनै राज्यअन्तर्गतका सामन्त, जमिनदार, बिर्तावाल आदिलाई खेती, मोही आदिमाथि पूरापूर अधिकार दिइने शासन पद्धति) अझै पनि बलियो छ । आवरणमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र देखिए पनि अभ्यासमा भने अहिले पनि सामन्ततन्त्रको जरा निकै तलसम्म फैलिएको छ । त्यसैले त रूपा रानाहरूको केही धुर जमिनको वर्षौँदेखिको सपना अहिले पनि सपनामै सीमित छ । र, उनको सपनालाई विपनामा परिणत हुन नदिन स्वघोषित भूमि विज्ञ, योजनाविद् तथा कथित बुद्धिजीवीहरू मरिमेटेर लागेका छन् । जो सामन्ततन्त्रका मुख्य चालकसमेत हुन् ।

यसरी हेर्दा अहिले जग्गा बाँड्ने कार्यको विरोधमा हातै धोएर लागेकाहरूको नजरमा कुनै पनि हालतमा भूमिहीनलाई जग्गाको मालिक बनाउन हुन्न किनकि त्यसो भएमा तिनले उनीहरूको घरमा/जग्गामा काम गरिदिँदैनन्, भनेको मान्दैनन्, अप्ठेरो परेका बेला अग्रिम पैसा दिएर त्यहीबापत शोषण गर्न पाइन्न र ऊ पनि कतिपय ठाउँमा आफू जत्तिकै हैसियतवाला बन्नेछ । सबै उस्तै भए भने आफूसँग टन्नै लालपुर्जा भएको के मतलव भयो ? त्यसैले रूपाहरूलाई त्यही वनको झुपडीमा तड्पाउनुपर्छ । सुकुमबासीको कोखमा जन्मेर जग्गावाल बन्ने सपना देख्ने ?

## थुप्रै रूपा

रूपा एक्लै हैनन्, स्वघोषित विद्वान्हरूको विद्वताको शिकार भएकी । भूमि समस्या समाधान आयोग (२०८२ मंसिरमा हेरिएको वेबसाइट) का अनुसार भूमिहीन दलित ८८ हजार ८ सय ९५ र भूमिहीन सुकुमबासी १ लाख ६८ हजार ४ सय ४१ गरी नेपालमा २ लाख ५७ हजार ३ सय ३६ परिवार रूपा छन् ।



कर्णबहादुर नेपाली

# भूमिहीन दलितको संवैधानिक अधिकार कार्यान्वयनको प्रश्न ?



नेपालमा भूमिविहीन जनताको ऐतिहासिक पृष्ठभूमि जटिल र बहुआयामिक छ । यो राज्यले लिएको सामाजिक, राजनीतिक, आर्थिक मूल्यमान्यताको उपज हो । २० औं शताब्दीको मध्यसम्म सामन्तवादी समाज थियो, उतिबेला धेरैजसो जमिनको स्वामित्व शासक वर्गसँग थियो ।

राणा युग (सन् १८४६ देखि १९५१) को समयमा शासकहरूले बहुसङ्ख्यक जमिन र सम्पत्तिलाई नियन्त्रण राखे । जसले धेरै जातीय समूहहरूसहित बहुसङ्ख्यक जनसङ्ख्यालाई सीमान्तकृत र भूमिविहीन बनायो । भूमिको स्वामित्व केही कुलीन परिवार र उच्च जातका व्यक्तिहरूको हातमा केन्द्रित भइराख्दा तल्लो जात, सीमान्तकृत र आदिवासी समुदायहरूमा सामाजिक असमानता र भूमिविहीनतालाई निरन्तरता दियो ।

अर्कोतर्फ शताब्दीऔंदेखि जातिय छुवाछुत र भेदभावजस्तो अमानवीय प्रथाबाट प्रताडित समुदाय लामो समयदेखि सामन्त अभिजात वर्गको सेवक वा दासको रूपमा काम गर्नुपऱ्यो । यी वर्गको पहुँचमा जमिन नै थिएन । परम्परागत रूपमै भूमिहीन थिए । उनीहरू राजा रजौटाहरूको राज्यका वरिपरि बस्ने र सामन्तहरूलाई मनोरञ्जन प्रदान गर्ने तथा सेवा गर्ने जिम्मेवारीमा सिमित रहिरहे । उनीहरूलाई जमिनको महत्व पनि भएन र राज्यले सधैं उनीहरूलाई भूमिविहीन तथा श्रोतविहीन बनाइराख्यो र एकप्रकारको स्थायी सेवक नै बनाउन चाह्यो ।

हाल नेपालको संविधानको धारा-४० को उपधारा ५ र ६ मा 'भूमिहीन दलितलाई जमिन उपलब्ध गराउनुपर्ने' स्पष्ट संवैधानिक व्यवस्था हुँदा पनि दलित समुदायका भूमिहीनले जग्गा पाउन सकिरहेका छैनन् । यस्तो अवस्था भइराख्दा पनि यस विषयमा दलित संघसंस्था, अभियन्ता वा सरोकारवालाहरूले फिटिक्कै बोलेको देखिँदैन । त्यसकारण, नेपालको दलित समुदायको भूमिहीनताको अवस्था, संवैधानिक व्यवस्था र सरोकारवालाहरू विशेष गरी दलित सांसद, अभियन्ता र संघ संस्थाहरूको भूमिका कस्तो हुनुपर्छ त? भन्ने विषयमा यो आलेख केन्द्रित छ ।

## दलित कसरी भूमिहीन भइराखे ?

शताब्दीऔंदेखि जातीय छुवाछुत र विभेदजस्तो सामाजिक रूपमा जघन्य तथा मानवअधिकार हिसाबले अमानवीय प्रथाको सिकार भएका दलित समुदाय ऐतिहासिक रूपमा नै भूमिको पहुँचबाट सधै नै वञ्चित रहे । कुनै पनि शासकले दलित समुदायलाई जमिनको पहुँच तथा नियन्त्रणमा मूलप्रवाहीकरण गर्ने पक्षमा ध्यान दिएन । राणा शासनकालमा शासकले बाँड्ने जमिन, बिर्ता वा अन्य कुनै पदवी वा पुरस्कार नपाएका र सरकारी सेवामा नरहेका मानिसले जग्गा-जमिन जोड्ने उपाय हुन्थेन । जसले त्यो अवसर पाए, उनीहरूले भूमिमाथि स्वामित्व बढाउँदै लगे । शिक्षा र राज्यका अन्य सुविधा पाउने स्थानमा पनि उनीहरू नै रहँदा समाजमा उपल्लो वर्गको निर्माण भयो । (भुइयाँ, यज्ञश, २०७४) ।

यहाँ दलित समुदायलाई राज्यका सबै शासकहरूले प्रयोगको साधन मात्र बनाए र स्रोत साधन वा जमिनको पहुँचमा पुग्न नै सकेन । त्यसकारण युगौंदेखि जहाँ अप्ठ्यारो भूगोल, भीर तथा पाखा र खोला छेउमा थिए, उनीहरू त्यही नै बसे साथै कानुनी अज्ञानताका कारणले गर्दा पनि सरकारले जग्गाको नापजाँच गर्ने समयमा समेत आफु बसिरहेको जमिन समेत दलितले गुमाए र सधैंका लागि भूमिहीन

बन्न पुगे । नेपाल सङ्घीय लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दासमेत लाखौं दलितहरू भूमिहीन छन् ।

## भूमिहीन दलित र संवैधानिक व्यवस्था

भूमिविहीनताले व्यक्ति र समुदायका लागि गरिबी, खाद्य असुरक्षा, विस्थापन, सामाजिक बहिष्करण र शोषणको जोखिमलगायतका महत्वपूर्ण रूपमा सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा नकारात्मक असर पारिरहेको छ । नेपालमा सामाजिक न्याय र दिगो विकासका लागि भूमिहीनतालाई सम्बोधन गर्ने र सबै नागरिकको भूमिमा समान पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण विषय बन्नुपर्दछ ।

केन्द्रीय तथ्याङ्क विभाग लैङ्गिक तथा सामाजिक तथ्याङ्क शाखाबाट सञ्चालित नेपाल बहुसूचक सर्वेक्षण २०७५/७६ का अनुसार कूल जनसङ्ख्याको १७.४ % मानिसहरू बहुआयामिक गरिबीको रेखामुनी छन् । गरिबीको मुख्य कारण अधिकांश मानिससँग जमिन (भूमि) को स्वामित्व नहुनु हो । नेपालमा कुल खेतीयोग्य जमिनको ९०% हिस्सा जम्मा ५% ठूला एवं धनी मानिसहरूसँग मात्र रहेको बताइन्छ । बाँकी रहेको १०% जमिनमा ९५% मानिसहरूले गुजारा मात्रै चलिरहेको छ ।

अधिकांश परिवारलाई आफ्नो जमिनमा उत्पादन भएको खाद्यवस्तुले खान पुग्दैन । हामीकहाँ भूमिहीन, सुकुमबासी र साना किसानी गर्ने वर्गको सङ्ख्या अधिक छ । झण्डै ५ लाख नेपाली परिवारसँग आफ्नै जमिनमा घर बनाउने र खेती गरी खान पुग्ने जमिन छैन (कान्तिपुर, २७ भदौ २०७१) ।

भूमिहीनता गरिबीको एक रुप हो । जुन भयावह छ । समाजमा प्रत्येक मानिसहरूको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिकलगायतका पक्षसँग गहिरो सम्बन्ध हुन्छ । यी सम्बन्धहरूमा भूमिहीन समुदायको पहुँच स्वभाविक रूपमा अन्य समुदायको तुलनामा कमी छ ।

हाम्रो समाजमा जति पनि गरिब परिवार छन्, उनीहरू गरिब हुनुको एउटा मुख्य कारण उत्पादनको साधन भूमिमाथिको स्वामित्व नहुनु हो । विभिन्न समयमा राज्यको नीति तथा शक्तिको आडमा रहेकाहरूले आफूखुसी गरेको भूमि वितरण प्रणाली अन्यायमुखी भएको कारण कमजोर वर्ग जो राज्यका निकायसँग पहुँच राख्न सक्थेनन्, तिनै मानिसहरू भूमिविहीन हुन पुगेको तथ्य भुल्नु हुँदैन ।

हरेक मानव जीवन बाँच्नको लागि दैनिक उपभोग गर्नुपर्ने खाद्यान्न उत्पादन हुने एक मात्र स्रोत भनेको 'भूमि' हो । त्यसैले जो मानिसहरूसँग आफ्नो स्वामित्वमा भूमि हुँदैन, त्यस्ता परिवारको जीविकोपार्जन अति नै कष्ठकर हुन्छ । भूमिहीन परिवारलाई विहान-बेलुकी हातमुख जोर्न पनि धौधौ पर्छ । यसकारण भूमि र जीविकोपार्जनको पक्ष एक-अर्काका अभिन्न अङ्ग हुन् ।

मानिसहरूलाई सहजरूपमा विहान-बेलुकी पेट भर्नको लागि सहजरूपमा खाद्य वस्तुको उपलब्धता हुन सक्यो भने उनीहरूको जीविकोपार्जन सहज हुन्छ । भूमिविहीन, साना किसान, हरवा, चरवा, मोही किसान, हलिया किसान, महिला किसान आदि परिवार जो रातोदिन जमिनमै परिश्रम गर्छन्, तर उनीहरूसँग पर्याप्त जमिन नहुँदा विभिन्न खालका समस्याहरू भोग्न बाध्य छन् । यी वर्गलाई भूमिमा पहुँच पुऱ्याउने, जीविकोपार्जनको लागि विकल्पहरू दिने आदि कार्यमा राज्यले खास चासो दिएर काम गर्न सकेको पनि देखिँदैन । यो विडम्बना हो ।

जात व्यवस्थाले बनाएको विभेदको दलनमा पिसिँदै अधिकार र अवसरबाट वञ्चित दलित समुदाय भूमिमाथिको स्वामित्वमा पछाडि रहँदा कठिन जीवन बाँचिरहेका छन् । नेपाल सामाजिक समावेशीकरण सर्वेक्षण (एनएसआईएस, सन् २०१८)को तथ्याङ्कअनुसार, तराईका दलितमध्ये ३७% अर्थात् पाँच लाख १६ हजारसँग खेती गर्ने जमिन छैन । तराईका दलितभित्र पनि दुई लाख २४ हजार मुसहरमध्ये ७९% (एक लाख ८५ हजार) सँग घर बनाउनेसमेत जग्गा छैन ।

यसले के देखाउँछ भने, सामाजिक राजनीतिक आर्थिक सांस्कृतिक तथा हरेक पक्षमा पछाडि पारिएको दलित समुदाय भूमिहीनताको अवस्थामा रहँदा राज्यका विभिन्न सेवा सुविधाबाट वञ्चित देखिन्छन् भने अर्कातर्फ विभिन्न खालका व्यवसाय तथा उद्यम र आर्थिक उपार्जनका गतिविधिहरू गर्न समेत कठिन भएको छ । जमिनको पहुँच नभएको कारण दलित समुदाय खोलाको किनारा जङ्गलको छेउ, भीरपाखा तथा अप्ठ्यारो भूगोलमा बसोबास गर्न बाध्य छन् । यसैले विपद्का विभिन्न घटनाहरूबाट यी समुदाय नै पहिलो प्रभावित हुने वर्गमा पर्ने गरेको तथ्यले देखाउँछ ।

राणाकालमा भूमिको स्वामित्व प्राप्त गर्ने महत्वपूर्ण दुई समूहमा सेना र राजनीतिक पहुँच भएकाहरू थिए । उनीहरूसँग भूमिको उपभोग र बाँडफाँड गर्ने अधिकार थियो । भूस्वामित्वको वञ्चितीकरणमा 'परजा जात' (दलित) का मानिस थिए, उनीहरूमध्ये पनि कामी र सार्की बढी थिए । जनजातिभित्र (मासिन्या जात) भोटे, माझी, चेपाङ र कुमाल थिए । यी समुदायसँग राजनीतिक अधिकार र पहुँच दुवै थिएन । उनीहरू सेनामा जागीर खान पाउँदैनथे । (ल्यान्डअनरशिप इन नेपाल, महेशचन्द्र रेग्मी, १९७७)

भूमिको असमान वितरणले दलित र उत्पीडित समुदायलाई सयौं वर्षदेखि भूमिहीन बनाएको हो । मनुस्मृतिकालिन जात व्यवस्थाले दलितलाई सम्पत्ति जोड्न बन्देज लगायो । यसलाई शिरोधार्य गरेका यहाँका राजा र राणाहरूले कानुन नै बनाएर दलित समुदायलाई शिक्षा, अवसर र सम्पत्तिको स्रोतबाट हदैसम्म पाखा लगाए । तसर्थ, दलित समुदायले उठाएका आर्थिक मुद्दाहरूमध्ये भूमि र आवास सधैं केन्द्रमा रहेका छन् ।

नेपालको संविधान २०७२ ले धारा ४० मा दलितको हक, उपधारा (५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ । (६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ । साथै धारा ४७ मा मौलिक हकको कार्यान्वयन भनी संविधान घोषणा भएको मितिले ३ वर्षमा कार्यान्वयन गर्ने भनी समेत प्रष्ट व्यवस्था गरेको छ ।

## दलित अभियन्ता र संघ संस्थाहरूको भूमिका किन कमजोर ?

समाज कल्याण परिषद्मा करिब ६०० र महासंघको अभिलेख हेर्दा झण्डै ५०० दलित संघ संस्थाहरूको सङ्ख्या देखिन्छ । खासमा

यी सबै संघ संस्थाहरूको मुख्य उद्देश्य वा परिकल्पना नै दलित समुदायको अधिकार प्रवर्द्धन उनीहरूको आवाज बुलन्द गर्ने हो। तर, केहीबाहेक कसैले पनि भूमिहीन दलित समुदायको भूमिमा पहुँच पुऱ्याउने कुरामा सशक्त अभियान गरेर अघि बढेको देखिन्न। भूमिहीनलाई उनीहरूको हातमा जग्गाधनी पुर्जा पुऱ्याउने काममा सहजीकरण गरेको देखिँदैन।

दलित समुदायका अभियन्ताहरू राजनीतिक रूपमा केही नाराहरू उचाल्ने वा राजनीतिक सहभागिता भनी आवाज उठाउने तर, को मन्त्री भयो ? कसले के नियुक्ती पायो ? पाएन ? भनी बजार र चोकमा बोल्ने बढी देखिन्छन्। दलित समुदायले जमिन पायो ? कि पाएन ? वा कति पायो ? वा किन पाएन ? भनी आवाज उठाउने विषयमा धेरैको चासो कम देखिन्छ।

दलित समुदायको सामाजिक न्याय र सुशासन तथा अधिकारका लागि संवैधानिक आयोगका रूपमा राष्ट्रिय दलित आयोग छ त्यसले पनि सामान्यतः जातीय विभेद तथा छुवाछुत र हिंसाका घटनाहरूलाई केही रूपमा सम्बोधन गर्न प्रयास गरेतापनि यस्ता दलित भूमिहीनका भूमि अधिकारमा पहुँच पुऱ्याउने पक्षमा सशक्त रूपमा बोलेको देखिँदैन।

हामी कहिलेकाँही सोच्छौं कि यो काम अरुले गरिदेलान् वा राज्यले गरिदेला वा भूमि आयोगले गरिदेला। खासमा दलित समुदायका अभियन्ता या संघ संस्थाहरूले संस्थागतरूपमा एकतावद्ध भई आवाज नउठाउँदासम्म भूमिहीन दलितको भूमि अधिकार स्थापित हुन कठिन छ। अरुले गर्देला भनेर बस्ने हो भने भूमिहीन दलितले फेरी पनि जग्गा पाउने अवसरबाट वञ्चित हुनुपर्ने अवस्था छ। यो हाम्रो आफ्नै सवाल हो। त्यसकारण पनि दलित समुदायका संघ संस्था, दलित सासंद र अभियन्ताहरूको भूमिका महत्वपूर्ण छ।

१. नेपालको दलित आन्दोलन दाताको सहयोगमा आधारित बढी देखियो। दाताले जस्तो प्रकारको आर्थिक सहयोग गरे उतैतिर बढी केन्द्रित भएछौँ। त्यसकारण दलित समुदायका सवालमा लड्ने भन्दा पनि दाताका बजेट चलाउने र उनीहरूले जे भन्छन् त्यही काम गर्ने प्रवृत्ति छ।



भुइँतहका दलित समुदायका सामाजिक न्याय, मानवअधिकाका विषयलाई जसरी सशक्त तरिकाले उठाउनुपर्थ्यो, त्यो देखिन्न। दलितको भूमि अधिकारको सवाल प्राथमिकतामा परेको देखिन्न।

२. दलित समुदायका अभियन्ताहरूको खास उद्देश्य राजनीतिक रूपमा पद, सत्ता र नियुक्तिमा बढी केन्द्रित देखियो। त्यसकारण उनीहरूको ध्यान भूमिहीन दलितलाई भूमि अधिकार दिलाउनेमा जति हुनुपर्ने हो त्यो हुन सकेन। जसले गर्दा समुदाय तहका भूमिहीन दलित अधिकारविहीन भइराखेका छन्।

३. दलित भूमिहीनको मुद्दा केही दलित संघ संस्थाहरूले उठाए पनि दिगोपना हुन सकेका छैन। परियोजना केन्द्रित कार्यक्रमले अधिकार स्थापित गराउन कठिन छ।

४. भूमिहीन दलित समुदायका व्यक्तिहरू सङ्गठित भई राज्य वा संघ संस्थालाई हाम्रो मुद्दामा सहयोग गर ! भन्न सक्ने र सङ्गठित आवाज बन्न सकिरहेका छैनन। जसले गर्दा यो विषयमा धेरैको ध्यानाकर्षण हुन सकेको छैन। जवसम्म सामूहिक आवाज हुन्न तवसम्म राज्यले सुन्दैन।

५. दलित समुदायका जनप्रतिनिधिहरू स्थानीय तहमा छन् तर बढीभन्दा बढी महिला सदस्य मात्र छन् कसैले उनीहरूका कुरा सुन्दैनन् वा बोले पनि पत्याउदैनन्। केही व्यक्तिहरू प्रदेशमा छन् उनीहरू पनि पार्टीका कुरा बढ्ता सुन्ने तर दलित समुदायका सवाल कम उठाउँछन्। र अर्कोतिर उनीहरूका पनि कुराहरू संसद वा सरकारमा सुनिदैनन्। १६ जना प्रतिनिधि सभा र केही दलित सांसदहरू राष्ट्रिय सभामा छन्। उनीहरू पनि पहिलो त आफ्ना राजनीतिक दलका आदेश मान्नेहरू नै भए। दलित समुदायका सांसदहरूबीच एकता देखिँदैन। अर्कोतर्फ दलित जनप्रतिनिधिहरूमा दलित भूमिहीनताको सवाल र यसको प्रक्रियाबारेमा विषयवस्तुको ज्ञान र अनुभव अभाव देखिन्छ। त्यसैले उनीहरूको एजेण्डामा भूमिहीन दलितको भूमि अधिकारको सवाल प्राथमिकतामा छैन।

## अव के गर्ने ?

भूमिहीन दलितको मुद्दालाई तत्काल सम्बोधन गराउन दलित संघ संस्थाहरू र अभियन्ताहरू यस अभियानमा लाग्नै पर्छ। यो हाम्रो सवाल भएकोले अरुले यसमा काम गरिदेलान् र भूमिहीन दलितले भूमि प्राप्त गर्लान् भन्ने नसोचे पनि हुन्छ। बरु दलित समुदायका पहुँचमा भएका कुनै जमिनहरू छन् भने विचौलिया वा राज्य नै लागेर उक्त समुदायलाई थप भूमिहीन गराउने वा उनीहरूलाई लखेट्ने प्रकारका कार्यहरू गरिरहेको हामीले देखेको छौं।

नेपालको संविधानले नै ग्यारेण्टी गरिदिएको विषय अव कार्यान्वयन जानुपर्छ।

मधेसका ४६% दलित, ४१% मुस्लिम र ३३% आदिवासी जनजाति गरिबीको रेखामुनी रहेको तथ्याङ्कले देखाउँछ। मधेसमा यी तीन समुदायको उपस्थिति ५३% हाराहारी छ। यसको अर्थ, मधेसका बहुसङ्ख्यक जनता गरिबीको रेखामुनी छन्। सडक छेउको ऐलानी पर्ती जग्गामा फुसको छाप्रो तराईका दलितको नियति हो। वर्षा, हुरी र आगलागीले पनि तिनै छाप्रालाई पिरोल्ने हुँदा स्थिति कहालीलाग्दो छ। सरकारी तथ्याङ्कले भूमिहीनता तराईको सबैभन्दा ठुलो समस्या भएको देखाउँछ। तथ्याङ्कअनुसार तराईका करिब ३७% दलित र ३२% जनजातिसँग खेती गर्ने जमिन छैन। जति दलितहरूसँग जमिन छ, ती पनि कम उब्जाउ र सिँचाइ सुविधाविहीन छन्। ४१% मुस्लिम सुकुमबासी छन्। ७९% दलित मुसहर अर्काको जग्गामा बसेका छन्।

यतिबेला नेपाल पुनः राजनीतिक रूपमा एकप्रकारको सङ्क्रमण वा तरल अवस्थामा छ, जेनजीहरूको सेप्टेम्बर ७ र ८ मा भएको आन्दोलनले देशमा ठुलो धनजनको क्षतिसहित पूर्व प्रधानन्यायाधीश सुशिला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गरेको छ भने भूमिविहीनहरूको लागि काम गर्ने भनी बनाएको भूमि आयोगलाई संघदेखि स्थानीय तहसम्म विघटन गरेको थियो। जेनजी आन्दोलन हुनुको कारण वा यसको प्रतिफल एकातिर छ जसको व्याख्या यस आलेखको मर्मभित्र पर्दैन तर अहिलेको राजनीतिक तरलताले गर्दा खासमा भूमिहीन नागरिकहरूले जग्गा प्राप्ति गर्ने आशामा पुनः एकपटक अवरोध खडा गर्न खोजियो।

त्यसकारण, यसै राजनीतिक तरलताकोबीच पनि भूमिविहीनहरूको सवाललाई मूलप्रवाहीकरण गर्नु अति आवश्यक छ। यस समयमा अन्तरिम सरकार भएको अवस्थासमेत भूमिको सवाललाई निरन्तर उठान गर्न आवश्यक देखिएको छ। दलित समुदायका संघ संस्था र अभियन्ताहरूको काँधमा यस राजनीतिक सङ्क्रमणको अवस्थामासमेत दलित तथा समग्र भूमिहीनहरूलाई जमिनको पहुँचमा पुऱ्याउनुपर्ने महत्वपूर्ण जिम्मेवारी आएको छ। यसका लागि निम्न कार्यहरू कार्य गर्नुपर्ने देखिन्छ :

१. दलित संघसंस्थाहरू जसले विगतदेखि भूमिको सवालमा कार्य गरिरहेका छन् उनीहरूले अभियन्ताहरू समेत सङ्लग्न गरी भूमिहीन दलितको भूमि हक र अधिकारबारे सचेतना अभियान सञ्चालन गर्ने। भूमिसम्बन्धी काम गरिरहेका अन्य संघ संस्थासँग सहकार्य तुरन्त गर्ने।

२. विद्यमान सरकारलाई भूमिको सवालमा समेत कार्य गर्न दबाब सिर्जना गर्ने किनकी भूमिको सवाल आगामी निर्वाचनको मुद्दा बन्ने लगभग निश्चित छ। त्यसकारण, सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य साझेदारी गरी भूमिहीन दलितलाई सङ्गठित गर्ने कार्यमा सहयोग गर्ने। यसअघि निवेदन पेश गरिसकेका भूमिहीन दलितलाई यथासक्य जग्गाधनी पुर्जा दिलाउन सहजीकरण गर्ने।

**स्थानीय सरकारहरूसँग समन्वय गरी दलित भूमिहीनलाई पहिलो चरणमा जग्गा प्राप्ती प्रक्रियामा सहभागी गराउन र जग्गाधनी पुर्जा वितरण कार्यमा लाग्न सकारात्मक दबाब सिर्जना गर्ने। आवश्यक सहकार्य पनि गर्ने।**

३. विद्यमान सरकार, जिम्मेवार मन्त्रालय तथा निकायलाई भूमिहीन दलितलाई पहिलो प्राथमिकतामा राखी जग्गा दिने कुरामा दबाब सिर्जना गर्ने।

४. स्थानीय सरकारहरूसँग समन्वय गरी दलित भूमिहीनलाई पहिलो चरणमा जग्गा प्राप्ती प्रक्रियामा सहभागी गराउन र जग्गाधनी पुर्जा वितरण कार्यमा लाग्न सकारात्मक दबाब सिर्जना गर्ने। आवश्यक सहकार्य पनि गर्ने।

५. अहिले भूमिहीन दलितलाई उपलब्ध गराउने जमिनको हकमा कानुनमा केही ग्याप छ, सो सम्बन्धमा मिहीन समीक्षा गरी सरल कानुन निर्माण/संशोधन गर्न पैरवीहरू गर्ने। लिखित सुझावहरू पेश गर्ने। यसमा दलित जनप्रतिनिधि र सांसद्हरूले विशेष भूमिका निर्वाह गर्नुपर्छ।

६. देशैभरि भूमिहीन दलितहरूलाई सशक्त रूपमा उठ्न र आन्दोलन गर्न आव्हान गर्ने। यस पटक जसरी पनि भूमिहीन दलितलाई भूमिहीनताबाट मुक्त गर्ने।

७. दबाबमूलक कार्यक्रमहरू सडकबाट उठाउन विभिन्न सरोकारवालाहरूसँग सहकार्यहरू गर्ने। संघ संस्थाहरूले अगुवा निर्माण र परिचालनमा विशेष भूमिका निर्वाह गर्ने र स्रोतको व्यवस्थापन गर्ने।

८. संवैधानिक मौलिक हक कार्यान्वयन नभएको पब्लिक लिटिगेसन वा सरकारको नाममा सार्वजनिक मुद्दा दायर गर्ने। राज्य संयन्त्रलाई जवाफदेही बनाउनको लागि दबाबहरू बढाउने।

९. सबै तहका दलित समुदायका जनप्रतिनिधिहरूले आफ्नो पहुँच भएका सदन एवं सयन्त्रमा आवाज बुलन्द गरी भूमिहीनलाई जग्गा दिने कुरामा प्रमुख ऐजेण्डा बनाउने र कार्यान्वयनमा दबाब बढाउने एवं सहकार्य पनि गर्ने।

१०. दलितको क्षेत्रका काम गर्ने सामाजिक संघ संस्था, सामाजिक अभियन्ताहरूले भूमिहीन दलितको अवस्थाको विषयमा अध्ययनहरू गर्ने एवं गराउन पहल गर्ने र वास्तविक अवस्थाहरू बाहिर ल्याई भूमिहीन दलितको समस्या समाधानको लागि प्रमाणसहित पैरवीहरू गर्ने।

दलित उत्पीडित समुदायका गाँसबास र कपासका लागि विद्यमान राजनीतिमा क्रान्तिकारी रूपान्तरण आवश्यक छ। भूमिहीन नागरिकका भूमि अधिकारका सवालहरू राजनीतिक चुनावी नारामा मात्र सिमित भइरहेको सन्दर्भमा दलित अधिकारको क्षेत्रमा काम गर्ने संघसंस्था, दलित अभियन्ता र दलित अधिकारकर्मीले दलितको भूमि अधिकारको सवाललाई स्थापित गर्न र तार्किक निष्कर्षमा पुऱ्याउने यो समय धेरै नै सक्रियता तथा संकल्प लिनुपर्ने अवस्था छ।



मोती लामा

# काठमाडौंका अव्यवस्थित बसोबासी : स्थायी समाधानको खोजीमा



भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ (ग) अनुसार, "यो दफा प्रारम्भ हुदाँका बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भएतापनि आबादीमा परिणत भएको जग्गा कम्तीमा दश वर्ष अघिदेखि आबाद कमोत गरि आएका अव्यवस्थित बसोबासीलाई एक पटकका लागि नेपाल सरकारले निजहरूको आबाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरि जग्गा उपलब्ध गराउन सक्नेछ।" यो कानुनी परिभाषाले अव्यवस्थित बसोबासीको अवस्था र व्याख्या स्पष्ट पार्छ।

संयुक्त राष्ट्रसङ्घीय आवास कार्यक्रम (UN Habitat) अनुसार, विश्वमा हाल २.८ अर्ब मानिसहरूलाई पर्याप्त आवासको पहँच छैन। सोमध्ये १ अर्ब भन्दा बढी मानिस अव्यवस्थित बस्ती वा अनौपचारिक बस्तीमा बसोबास गर्छन्।

नेपाल सरकारले गठन गरेको भूमि आयोगहरूले हालसम्म स्थानीय सरकारमार्फत निवेदन सङ्कलन गरेको लगतअनुसार अव्यवस्थित बसोबासी परिवार सङ्ख्या ८,७५,१६४ छ। राष्ट्रिय भूमि आयोग र काठमाडौ महानगरपालिकाबीच २०७९ भदौ ९ गते कार्य सहमति भएता पनि हालसम्म काठमाडौ महानगरले लगत नलिदा भूमिहीन र अव्यवस्थित बसोबासी परिवारको आधिकारीक सङ्ख्या कति छ भन्ने सकिने अवस्था छैन। भूमिसम्बन्धी वकालत गर्दै आएको नेपाल बसोबासको विवरणअनुसार काठमाडौ जिल्लामा करिब १५ हजार अव्यवस्थित बसोबासी परिवार छन्।

काठमाडौं उपत्यका नेपालको राजनीतिक, आर्थिक र सांस्कृतिक केन्द्र हो, जसले रोजगारी, शिक्षा, स्वास्थ्य र जीवनस्तर सुधारका अवसर खोज्दै देशका विभिन्न भागका मानिसलाई दशकौंदेखि आकर्षित गर्दै आएको छ। नेपालका ग्रामीण क्षेत्रमा रोजगारीको अवसर सीमित हुनु, प्राकृतिक प्रकोपको असर र आधारभूत सेवाको कमीले मानिसलाई शहरतर्फ आकर्षित गरेको छ।

काठमाडौंमा जग्गा र घरको मूल्य अत्यधिक बढेकाले न्यून आम्दानी भएका परिवारका लागि भाडा तिर्न वा घर किन्न असम्भव छ। तीव्र शहरीकरण योजनाबद्धरूपमा अघि बढ्न नसक्दा र सरकारी आवास योजना प्रायः शहरी गरिब र अव्यवस्थित बसोबासी लक्षित नहुँदा, हजारौं मानिसहरू असुरक्षित र अव्यवस्थित बस्तीमा बसोबास गर्न बाध्य भएका छन्। यी बस्तीहरूमा खानेपानी, ढल, बिजुली, स्वास्थ्य सेवा जस्ता आधारभूत सुविधा पर्याप्त छैनन्। र कानुनी मान्यता नभएकाले बस्तीबासीहरूलाई आफ्नो बसोबास स्थाई हुने ग्यारेण्टी छैन।

सबैभन्दा ठूलो समस्या जग्गा स्वामित्व र कानुनी मान्यता अभाव हो। धेरैजसो बस्तीहरू सरकारी वा अन्य स्वामित्वमा पर्ने जमिनमा बनेका छन्। जसले कुनै पनि समयमा उनीहरूलाई जबरजस्ती उठीबास गरिने खतरा बढाउँछ। सरकारी दृष्टिकोण पनि बस्ती सुधारका सट्टा जबरजस्ती उठीबासतर्फ केन्द्रित हुने हुँदा, पुनर्स्थापना कार्यक्रमहरू पर्याप्त वा दिगो हुँदैनन्। यससँगै खानेपानी, ढल, सडक, बिजुली र स्वास्थ्य सेवा जस्ता पूर्वाधारको कमीले दैनिक जीवनमा थप कठिनाइ छ। औपचारिक बस्तीका मानिसहरूले यी अव्यवस्थित समुदायप्रति भेदभाव गर्ने वा सामाजिकरूपमा बहिष्कृत गर्ने प्रवृत्ति देखाउँछन्। बस्तीमा बसोबास प्रमाणपत्र नभएकाले विद्यालय भर्ना वा स्वास्थ्य सेवामा पहुँच पाउन कठिनाइ हुन्छ, जसले गरिबीको चक्रलाई अझै बलियो बनाउँछ।

यी समस्याको समाधानका लागि बस्तीलाई उठीबास नगरी त्यहीं आवश्यक पूर्वाधार निर्माण गर्ने इन-साइट अपग्रेडिङ (In-Site Upgrading) विकास प्रभावकारी हुन सक्छ। सडक, ढल, खानेपानी, बिजुली, घर सुधार र सरसफाइको व्यवस्था गरेर बस्तीको जीवनस्तर सुधार्न सकिन्छ। कानुनी मान्यता र जग्गा अधिकार सुनिश्चित गर्न जग्गाधनी प्रमाणपुर्जाको व्यवस्था गर्ने वा सहकारी मोडेलमार्फत सामूहिक स्वामित्व दिने व्यवस्था गर्ने उपाय

अवलम्बन गर्न सकिन्छ।

न्यून आम्दानी भएका परिवारका लागि सरकारी-निजी-समुदाय साझेदारीमा किफायती र सुरक्षित आवास निर्माण गरेर समाधान गर्न सकिन्छ। सबै बस्तीको आधिकारिक तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्नुपर्छ, जसले योजना बनाउन सहज हुन्छ। उच्च जोखिममा रहेका बस्तीहरूमा तत्काल अस्थायी सुरक्षा संरचना जस्तै तटबन्ध वा बाढी-सुरक्षा उपाय ल्याउनुपर्छ। साथै जोखिममा रहेका समुदायको हकमा समुदायको सहभागितामा स्थानान्तरण योजना तयारी गर्नुपर्छ। पर्याप्त बजेट, नीति र कानुनी ढाँचा सुधार गरेर आवास तथा जग्गा अधिकार र बस्ती सुधारलाई प्राथमिकता दिनुपर्छ। समुदायलाई योजना, कार्यान्वयन र अनुगमनमा प्रत्यक्ष संलग्न गराउन सकियो भने समाधान टिकाउ हुन्छ र स्वामित्वको भावना पनि बढ्छ।

समाधान कार्यान्वयनको क्रममा स्थानीय सरकार, समुदाय, नागरिक समाज, विकास साझेदार र निजी क्षेत्रबीचको सहकार्य अनिवार्य छ। यसरी मात्रै योजना दीर्घकालीन र व्यवहारिक बन्न सक्छ। साथै, बाढी, भूकम्प र मौसमजन्य जोखिमलाई ध्यानमा राखेर आवास निर्माण गर्नुपर्छ, र नदी किनार पुनर्जीवन र हरित क्षेत्र विकास गरेर वातावरणीय जोखिम घटाउन सकिन्छ।

अव्यवस्थित बसोबासीको सवाल केवल आवासको मात्र होइन, यो सामाजिक न्याय र मानव अधिकारको प्रश्न हो। शहरलाई समावेशी, सुरक्षित र दिगो बनाउन यी बस्तीहरूलाई कानुनी मान्यता, पूर्वाधार, आवास र सामाजिक सेवा प्रदान गर्नु अपरिहार्य छ। यदि राज्य, समुदाय र साझेदारहरूले मिलेर दीर्घकालीन समाधान लागू गर्न सके, काठमाडौं सबैका लागि सुरक्षित र समावेशी शहर बन्न सक्छ। यसरी, कुनै पनि नागरिकलाई आफ्नो घरबाट बलपूर्वक हटाइने त्रास हुने छैन, बरु उनीहरूलाई आफ्नो जीवनस्तर सुधार्ने अवसर प्रदान गर्न सकिन्छ। यसैले यतिबेला काठमाडौं उपत्यकामा रहेका भूमिहीन अव्यवस्थित बसोबासीले आफ्नो बसोबासीको कानुनी स्वामित्व र स्थायी समाधान खोजेका छन्। ✿



गोपाल गिरी

# भूमिहीनलाई जग्गा दर्ताको स्थलगत अनुभव र देखेको कुरा




केही समयदेखि बर्दिया जिल्लामा रहेका भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यलाई नजिकबाट नियाल्ने र अनुभव गर्ने अवशर पाएको छु।

भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधनबाट भूमिहीन दलित र सुकुमबासीको पहिचान र प्रमाणीकरण सम्बन्धित पालिकाको वडास्तरबाटै गर्ने। यस्ता परिवारलाई एकपटक निःशुल्क जमिन दिने। जमिन दिँदा सकभर बसोबास र खेतीपाती गरिआएकै ठाउँमा दिने। साविक ठाउँमा दिन नमिल्ने भए सरकारले उचित ठानेको कुनै सरकारी जग्गा भएपनि उपलब्ध गराउने र जग्गा उपलब्ध गराउने निर्णय आयोगको जिल्ला समितिले गर्ने गरी कानुनी व्यवस्थासहित सरकारको तर्फबाट कार्यविधि, संरचना र सूचना प्रणाली विकास भएको छ। यी सबै व्यवस्था हुँदाहुँदै पनि अपेक्षित नतीजा भने देखिएको छैन।

भूमिहीनलाई जग्गा प्राप्तिमा सहजीकरण गर्न सामुदायिक आत्मनिर्भर केन्द्र र ल्याण्डेसाबीच सहकार्य भई स्थानीय तहमा काम भइरहेको छ। ल्यान्डेसा, विश्वका सबैभन्दा गरिब क्षेत्रमा बसोबास गर्ने परिवारलाई अवसरमा पहुँच पुऱ्याई गरिबीको चक्र भत्काउन मद्दत गर्ने संस्था हो।

यसले सरकारहरूसँग साझेदारी गरेर नीतिगत सुधार र कार्यक्रम सञ्चालन गरी गरिब परिवार, खास गरी महिलालाई सुरक्षित र कानुनी भूमिसम्बन्धी हक अधिकार प्रदान गर्न सहयोग गर्छ। ल्याण्डेसाले हातेमालो गरेपछि आत्मनिर्भर केन्द्रले हौसलाका साथ यो काम अघि बढाइरहेको छ। यसको लागि एउटा प्रतिबद्ध टिम निर्माण भई बर्दियामा यो अभियान अघि बढाइयो।

त्यसैमा सहभागी भएँ। काम गरेर देखाउने

यति हुटहुटी थियो कि सरकारले कानुनी व्यवस्थापछिको तेस्रो आयोग गठनको सुरसार गरिरहँदा समानान्तर रूपमा हामीहरू कार्यक्षेत्र पहिचान गर्ने कार्यमा खटिई सकेका थियौँ ।

आयोग गठन हुँदासम्म टिमले भौगोलिक पहुँच र लाभग्राहीको सङ्ख्याका आधारमा कैलालीको जानकी गाउँपालिका र बर्दियाका बाँसगढी नगरपालिका तथा बढैयाताल गाउँपालिकालाई कार्यक्षेत्रको रूपमा छनौट र ती पालिकाको कार्य वातावरण एवं पूर्वाधार अध्ययन गरी बाँसगढीमा फिल्ड अफिस स्थापना गरिसकेको थियो ।

पालिकाहरूसँग सहकार्य गर्ने समझदारी गरेपछि पहिलो चरणमा टिमले अध्ययनको आधारमा, थप साधन स्रोत (कर्मचारी, कम्प्यूटर, प्रिण्टर, ब्याकअप, इन्टरनेट, नक्सा खरिद, सर्भे उपकरण आदि) को व्यवस्थाको लागि परामर्श गर्नुका साथै अफिस लेआउट मिलाउनेसम्मका कार्यहरू गरिए ।

यसमा पालिका प्रमुखको उच्च सक्रियता महसुस भयो । कार्य अनुभवको आधारमा बर्दियाको बारबर्दिया नगरपालिका र बाँकेको बैजनाथ गाउँपालिकामा कार्यक्षेत्र विस्तार गरियो । जग्गा वितरण प्रशासनिक प्रक्रियामात्र नभइ कानुनी वैधतासँग जोडिएको विषय हो ।

जग्गा वितरण कार्यलाई चुस्त र त्रुटिरहित बनाउन यसमा सङ्लग्न कर्मचारी र पदाधिकारीहरूलाई विषयवस्तुबारे सैद्धान्तिक एवं व्यवहारिक ज्ञान अपरिहार्य हुन्छ । यसका लागि भूमि व्यवस्थापनसम्बन्धी कार्यविधि, सहजीकरण सामग्री र बारम्बार सोधिने प्रश्न र निराकरण जस्ता पाठ्यसामग्री तयार गरी वितरण गर्नुका साथै वडा एवं पालिकाका प्रमुख तथा पदाधिकारीहरू, सहजीकरण समितिका सदस्यहरू र नाप नक्शामा खटिने प्राविधिकहरू गरी ७६६ जनालाई अभिमुखीकरण तथा नाप नक्शासम्बन्धी तालिमको व्यवस्था गरियो ।

### अभिमुखीकरणमा सहभागीहरू

पालिकास्थित भूमि शाखा र फिल्डमा कार्यरत कर्मचारीहरूसँग सहकार्य गर्दै गयौँ । त्यसक्रममा, कर्मचारीहरूमा कानुन तथा कार्यविधिद्वारा निर्धारित चरण बमोजिम निर्दिष्ट कार्यहरू निर्वाधरूपमा सम्पादन गर्न सक्ने

| पालिका | जनप्रतिनिधिहरू | | सहजीकरण समितिका टिम | | सर्वे प्राविधिक | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | बर्दियाका ३० जना र कैलालीका २६ जना सर्भे प्राविधिकलाई बाँसगढी र टिकापुरमा तालिम दिइएको |
| बाँसगढी | ७ | ४९ | २७ | १०७ | ५ | २५ | |
| बढैयाताल | ४ | ४३ | २४ | ९५ | - | - | |
| जानकी | १० | २६ | ३७ | ८१ | ११ | २६ | |
| बारबर्दिया | १२ | २४ | २७ | १०४ | - | - | |
| बैजनाथ | ६ | १६ | ० | ० | - | - | |
| जम्मा | ३९ | १५८ | ११५ | ३८७ | १६ | ५१ | |

क्षमता विकास हुनुका साथै अब त गर्न सकिन्छ भन्ने आत्मबल बढेको देखियो । यसलाई हामीले उपलब्धि ठानेका छौं । बाँसगढी नगरपालिकामा २०८२ वैशाख १६ मा पहिलो पटक नाप नक्शाको सूचना निस्केको थियो । अरु पालिकामा यो काम अलिपछि भयो । सूचनाअनुसार औपचारिकरूपमा फिल्ड कार्य सुरु भएपछि २०८२ साउनसम्मको भूमि वितरणको कार्यान्वयन स्थिति तलको तालिकामा दिइएको छ ।

### भूमि वितरणको अवस्था

| पालिका | फिल्डकार्य सम्पन्न भइ पालिकामा निर्णय प्रक्रियामा रहेको (परिवार सङ्ख्या) | | पालिकाबाट निर्णयार्थ समितिमा पेश भएको (परिवार सङ्ख्या) | | पुर्जा वितरण भएको (परिवार सङ्ख्या) | भूमि साक्षरताबाट लाभान्वित |
|---|---|---|---|---|---|---|
| | भूमिहीन | अव्यवस्थित | भूमिहीन | अव्यवस्थित | भूमिहीन | |
| बाँसगढी | ० | ० | २०५ | ४५५ | १४ | १८ |
| बढैयाताल | ३५ | ९५ | ३० | ५० | - | |
| जानकी | ५४ | ४० | ० | ० | - | |
| बारबर्दिया | १३ | १२४ | २८ | ० | - | |
| जम्मा | १०२ | १५९ | २६३ | ५०५ | १४ | १८ |

माथिको तालिकामा पालिकाको निर्णय प्रक्रियामा २६१ र समितिको निर्णयको प्रतिक्षामा ७६८ परिवार देख्न सकिन्छ । शून्यबाट यो अवस्थामा आउनु सामान्य होइन । तर सङ्लग्न संयन्त्रले अझ प्रभावकारीरूपमा काम गर्न सक्थ्यो र नतीजा यो भन्दा फरक हुन सक्थ्यो भन्ने मेरो बुझाई छ । यथार्थमा त्यस्तो भएन र हुन नसक्नुमा प्रत्यक्ष सतहमा नआएका अनेक कारण होलान् तर यहाँ मैले अवलोकन गरेका स्थानका सन्दर्भमा अपेक्षित नतीजा प्राप्त हुन नसक्नुका कारणहरूबारे मेरो अनुभव अनि बुझाई राख्न चाहन्छु ।

✿ बर्दियामा भूमि समस्या समाधानको लागि मध्यवर्ती क्षेत्रसम्बन्धी बुझाइ समस्याको रूपमा रहेको छ । वि.सं २०३२ मा कर्णाली सिकार आरक्षको रूपमा घोषणा गरिएको क्षेत्रलाई वि.सं २०४१ सालमा बर्दिया राष्ट्रिय निकुञ्ज बनाइयो । राष्ट्रिय निकुञ्जको वरिपरि मध्यवर्ती क्षेत्र तोक्ने व्यवस्था राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको चौथो संशोधनपश्चात वि.सं. २०५० मा भएको हो । मध्यवर्ती क्षेत्रको परिभाषामा 'स्थानीय जनताहरूलाई नियमितरूपले वनपैदावर उपभोग गर्न पाउने सहुलियत प्रदान गर्न तोकिएको निकुञ्ज वरिपरिको क्षेत्र' भनिएको छ । भने मध्यवर्ती क्षेत्रको व्यवस्थापन गर्दा 'उक्त क्षेत्रमा रहेको स्थानीय जनताको भूस्वामित्वमा कुनै असर पारिने छैन' भनिएको छ । यसबाट मध्यवर्ती क्षेत्रको अवधारणा लागु गरिएको क्षेत्रमा साविकमा बसोबास भइसकेको थियो भन्ने प्रष्ट हुन्छ । यद्यपि मध्यवर्ती क्षेत्रको स्पष्ट सीमाङ्कन छैन । बर्दियामा वि.सं. २०२२ सालदेखि नै नाप नक्शा भइ जग्गाधनी पुर्जा वितरण गरिएको थियो । हाल नापजाँच माग गरिएका जग्गाहरू तीनै साविक बसोबास र नापजाँच भएका क्षेत्र छेउछाउका

सरकारी पर्ती जग्गाहरू हुन् । मध्यवर्ती क्षेत्र भूमिसम्बन्धी ऐनअनुसार वितरण गर्न नमिल्ने जमिनको सूचीमा पनि पर्दैन र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीले कतै निषेध गरेको देखिन्न । यसर्थ मध्यवर्तीमा जग्गा नापजाँच गर्न मिल्दैन भन्नु तर्कसङ्गत देखिन्न ।

ढिलाइको अर्को विषय हो वन । अधिकांश स्थानमा वन क्षेत्रको सीमाना छैन । रुखको ठुटो वा जरो नै नभएपनि साविक नक्शामा वन लेखिएको भए वन हो भन्ने रटान वन पदाधिकारीको छ । ‘अभिलेखमा वनक्षेत्र लेखिएको भएतापनि आबादीमा परिणत भएको जग्गामा कम्तिमा दश वर्ष अघिदेखि आबाद् कमोत गरिआएको जग्गा उपलव्ध गराउन सक्ने’ स्पष्ट व्यवस्था भूमिसम्बन्धी ऐन २०२१ मा छ । दश वर्षअघिदेखि आबाद् कमोत भएको थियो थिएन भनी गुगलबाट सजिलै निर्क्यौल गर्न पनि सकिन्छ । कानुनी व्यवस्था र प्रविधिमार्फत पुष्ट्याई गर्न सकिने भएतापनि वन भनेर हलो अड्काई रहनु दुर्भाग्यपूर्ण छ ।

✿ अहिलेको प्रणालीमा लाभग्राहीको पहिचान, सत्यापन र अभिलेखीकरणको कार्य सम्बन्धित वडाबाट र त्यसको प्रमाणीकरण स्थानीय पालिकाबाट हुने गरेको छ । वडास्तरबाट लाभग्राहीहरूलाई आयोगले गर्न लागेको कामबारे जानकारी गराउने, नापजाँच गर्नुपर्ने जग्गाको पहिचान र तहगत क्षेत्र निर्धारणमा सहयोग गर्ने, जग्गा नापजाँचको क्रममा नापनक्शा गर्ने कर्मचारीलाई सहज वातावरण बनाउने जस्ता कार्य वडास्तरीय संयन्त्र (वडा समिति र वडास्तरीय सहजीकरण समिति) बाट सम्पन्न भएपछि सिफारिससहित सम्बन्धित स्थानीय तहमा पठाइन्छ । स्थानीय तहस्तरीय सहजीकरण समिति र कार्यपालिकाले निर्णयसहित प्रमाणित गरी आयोगको जिल्ला समितिमा पठाउने व्यवस्था छ । आयोगको जिल्ला समितिले स्थानीय तहबाट प्राप्त विवरणहरूको पुनःपुष्टिको लागि मालपोतमा पठाउने, दाबी विरोधको सूचना जारी गर्ने, जग्गा उपलव्ध गराउने निर्णय गर्ने र जग्गा दर्ता गर्न आउन सूचना प्रकाशन गर्ने जस्ता गतिविधिहरू अघि बढाउनुपर्ने हुन्छ । यसरी हेर्दा निर्णय प्रक्रियाको बाटो लामो छ र निर्णयकर्ताहरू सकारात्मक नहुने हो भने जहाँ र जहिलेसुकै अवरोध उत्पन्न हुन र गर्न सकिन्छ ।

भूमि वितरण जहिले पनि राजनीतिक एजेण्डा बन्नुका साथै विगतदेखि वितरणको निर्णायक नेतृत्व राजनीतिक व्यक्तिबाट हुने गरेको छ । यसका सकारात्मक र नकारात्मक दुवै पाटाहरू छन् । माथि उल्लिखित कतिपय पालिकाका वडा, स्थानीय कार्यपालिका र समितिको नेतृत्वमा रहेकाहरूको फरक वैचारिक आस्थाका कारणले पनि भूमि वितरण कार्यले यथोचित गति लिन नसकेको महशुस भएको छ ।

✿ ३० जेठ २०७९ मै तत्कालीन भूमि व्यवस्था मन्त्रीले आगामी वर्ष ३०० स्थानीय तहका ५ लाख भूमिहीनलाई पुर्जा वितरण गर्ने उद्घोष गर्नुभएको थियो (गोरखापत्र अनलाईन, ३० जेठ २०७९, सोमवार) । २०८० चैत्र ८ गते निरौला आयोग विघटन हुँदासम्म उक्त आयोगले जम्मा ५,३५३ पुर्जा वितरण गरेको थियो । हाम्रो भनाई र गराईलाई बुझ्न यति भए पुग्छ । आव २०८२/८३ को बजेट वक्तव्यको बुँदा ५६ मा ‘आगामी आर्थिक वर्षभित्र लगत सङ्कलन र प्रमाणीकरण गरी ५ लाख परिवारलाई जग्गाधनी प्रमाणपुर्जा उपलव्ध गराइने छ’ भनेर उल्लेख छ । यो काम आयोगमार्फत हुने भएकोले आयोगको वार्षिक लक्ष्य ५ लाख रहेछ भनेर बुझियो तर त्यो लक्ष्य हासिल गर्न कुन जिल्लाले कति कति योगदान गर्नुपर्ने हो ? बर्दियाको जिल्ला समितिले कति पुर्जा बाँडनु पर्ने हो ? जिल्लाभित्र पनि स्थानीय तहहरूको लक्ष्य कति हो ? यसप्रकार लक्ष्य निर्धारण गरी काम गर्ने चासो त्यहाँ देखिएन । लक्ष्य नै नभएपछि कार्ययोजना आवश्यक परेन, आवश्यक नपरेपछि कसैले बनाएन र नबनाए पनि कसैले सोधेन । भूमि वितरण कार्यले गति नलिनु लक्ष्य र कार्ययोजनाको अभाव पनि प्रमुख कारण हो ।

✿ भूमि व्यवस्थापनको लागि केन्द्रमै भर्ना गरेका एक हजार प्राविधिकलाई आयोगले जिल्ला समितिहरूमा खटाएको छ । सम्बन्धित जिल्ला समितिले पालिकाहरूमा खटाएको छ । केन्द्रले खटाएका प्राविधिकहरूमा विदेश भिसा लागेका, सुत्केरी विदामा बस्ने बेला भएका र कति त नक्शाको स्केल पढन नसक्ने अवस्थाका पनि भेटिए । आयोगबाट आएका कर्मचारीको भरमा काम हुन नसक्ने महशुस गरी पालिकाले पनि कर्मचारी भर्ना गरेका छन् । कतिपयले त जिल्लाले खटाएको भन्दा दोव्वर वा सोभन्दा बढी सङ्ख्यामा कर्मचारी भर्ना गरेको पाइएको छ । उदाहरणको लागि बाँसगढी नगरपालिकामा १ जना सर्भेक्षक र २ जना अमिन जिल्ला समितिले खटाएको छ भने पालिका आफैले २ जना सर्भेक्षक र ४ जना अमिन भर्ना गरेको छ । पालिकाहरूमा लगत सङ्कलनको कार्य प्रायः सकिएको छ । लगत सङ्कलनपछि लगतबमोजिम निस्सा प्राप्त गरेका लाभग्राहीहरूको जग्गा पहिचान (जग्गा नापजाँच)को काम गर्नुपर्ने हुन्छ । जग्गा नापजाँच गर्नुपूर्व लाभग्राहीलाई उपलव्ध गराउन सम्भाव्य जमिनको स्थलगत रूपमा अध्ययन र पहिचान गरी नापी टोलीबाट नाप नक्शा हुनेबारेको सूचना निकाल्नुपर्ने हुन्छ । यस्ता जमिन पहिचान गरी साविकका नक्शा र फिल्डबुक समेत सङ्लग्न गरी पालिकाहरूले सूचना प्रकाशित गर्न पठाएको देखिन्छ । सूचना प्रकाशितलगायतका कार्य गर्ने प्रयोजनका लागि नापी टोली गठन गरिएतापनि नाप नक्शाको सूचना निकाल्ने कार्य भइरहेको छैन । सूचना किन रोकिएको छ, पालिकाले यसको कारण थाहा पाउन सकेको देखिन्न । सूचनाको अभावमा नाप नक्शाको कार्य रोकिँदा ठूलो सङ्ख्यामा प्राविधिक जनशक्ति गफिएर दिन काटिरहेका छन् । यसरी निश्चित समयमा निश्चित काम सम्पन्न गर्ने गरी भर्ना गरिएका श्रमशक्तिको सहि उपयोग हुन सकिरहेको छैन ।

✿ भूमि वितरण अभियानमा सङ्लग्न अभियन्ताहरू फरक फरक मानसिकताबाट ग्रस्त छन् । राजनीतिक व्यक्तित्वले भूमि वितरणलाई तीव्रता दिन चाहन्छन् । उनीहरूले विगतमा बाचा गरेका छन् र भावी चुनावमा पनि लाभान्वित परिवारबाट भोटको अपेक्षा गरेका छन् । यसलाई अस्वाभाविक भन्न सकिन्न । वडा वा पालिकास्तरबाट हुनुपर्ने काम वा निर्णय प्रक्रियामा अर्थपूर्ण ढिलाई भएको देखिन्न । आयोग गठनपश्चात मनोनयन वा भर्ना प्रक्रियाबाट आयोगको

संयन्त्रमा जोडिन आएका अधिकांश पदाधिकारी र कर्मचारीमा जागिर खाने मानसिकता छ।

अर्को छ स्थायी संयन्त्र जिल्ला समिति र सचिवालयमा खटिएका कर्मचारी वर्गमा यस काम प्रति अनिच्छा देखिन्छ। भूमिहीन वा अव्यवस्थितले भोगचलन गरेका कतिपय जग्गा समस्या छ र ती समस्या सुल्झाउन कानुन संशोधनको प्रक्रियामा छ। तीबाहेक निर्विवाद रूपमा वितरण गर्न मिल्ने जमिनको नापजाँच गरी वितरणको कार्य अघि बढाउन पर्खन पर्दैन तापनि बुझेर गरौंला भन्ने गोश्वारा जवाफका साथ कलम चोप्न तर्केको पाइन्छ। कर्मचारीको सन्दर्भमा अर्को पक्ष पनि छ त्यो हो थप जिम्मेवारीको क्षतिपूर्ति। कर्मचारीको आफ्नै पदीय जिम्मेवारी छ र त्यो उसले सम्पादन गर्नु उसको पदीय कर्तव्यभित्र पर्छ। आयोगको काम भनेको थप जिम्मेवारी हो। यो थप कामको लागि कुनै प्रोत्साहन छैन। विगतमा यसरी आयोगहरू गठन गरी काममा लगाउँदा कम्तिमा २५ प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था थियो, अहिले छैन।

आयोगले कार्यारम्भ गरेपछि दैनिक ज्यालामजुरी गरी खाने भूमिहीनहरू आफु बसोबास गरेको जग्गा नाप जाँच गर्न छुटला र पुर्जा नपाइएला भन्ने डरले काममा नगई घरमै कुरी बसेको अवस्था छ भने अर्कोतिर कुन ठाउँमा, कहिले नापजाँच र जग्गाधनी पुर्जा वितरणको कार्य हुन्छ भन्ने सामान्य कार्ययोजना न जिल्लाको छ न त पालिकाको नै। भूमि समस्या समाधान आयोगद्वारा गुलरियामा आयोजित अभिमुखीकरण कार्यक्रममा प्रस्तुत आँकडाअनुसार बर्दियामा ४४ हजार ९२३ परिवारको व्यवस्थापन गर्नुपर्ने छ। आयोगले कार्यारम्भ गरेको १० महिना नाघिसकेको छ भने जिल्ला समिति बर्दियाले कार्यारम्भ गरेको ६ महिनामा जम्मा ५३ परिवारलाई जग्गाधनी पुर्जा उपलव्ध गराइएको छ। यस हिसाबले बर्दियाका सबै परिवारलाई पुर्जा उपलव्ध गराउन ४२४ वर्ष लाग्ने देखिन्छ।

## अब के गर्ने त ?

सन २०१९ को अर्थशास्त्रतर्फको नोवेल पुरस्कार तीनजना विकास अर्थशास्त्रीहरूलाई दिइएको थियो। उनीहरूले कुनै अचम्मको आविष्कार गरेका थिएनन्, बरु 'साना साना कुरामा ध्यान दिँदा पनि ठूलो परिवर्तन हाँसिल गर्न सकिन्छ' भन्ने प्रमाणित गरेर देखाएवापत उनीहरू सम्मानित भएका थिए। यसबाट हामीले सिक्ने ठाउँ छ। हाम्रो सन्दर्भमा पनि तपशिलका सामान्य कुरामा ध्यान दिएर, कुनै थप आर्थिक दायित्वबिना नै भूमि वितरणको कार्यमा सुखद नतीजा ल्याउन सकिन्छ :

**लक्ष र कार्ययोजना :** सरकारले ५ लाख पुर्जा वितरण गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्य जिल्लामा रहेका भूमिहीन र अव्यवस्थितको भारको आधारमा बाँडफाँड गरी लक्ष्य निर्धारण गर्नुपर्छ र लक्ष्य प्राप्तिको कार्ययोजना माग गर्नुपर्छ। त्यसैगरी जिल्ला समितिले पालिकाहरूलाई लक्ष्य बाँडफाँड गरी कार्ययोजना माग गर्नुपर्छ।

**निर्णयमा शिघ्रता :** सबभन्दा बढी खट्किएको विषय हो निर्णयमा विलम्ब। विभिन्न चरणहरूमा सुनुवाईका सूचना प्रकाशन गर्नुपर्दा यसैपनि भूमि वितरण प्रक्रियाले लामो समय लिने गरेको छ। कानुनी व्यवस्था भएकोले यो बाध्यकारी छ। तर वडाबाट सम्पन्न भइ पेश भएका फाइलहरू कार्यपालिकाले र कार्यपालिकाले निर्णय एवं सिफारिस गरी जिल्ला समितिमा पठाइएका फाइलहरू ती तहबाट टुङ्गो लाग्ने समय अनिश्चित छ। यसलाई मानयोग्य बनाउन आवश्यक छ।

**कर्मचारी व्यवस्थापन :** आयोगले भर्ना गरेका कर्मचारी जिल्लाहुँदै पालिकामा पुगेका छन्। कतिपय पालिकामा नाप नक्शा नै सुरु भएको छैन र कतिमा सम्पन्न भइ सकेको छ। दुवै अवस्थामा ती कर्मचारी निष्क्रिय बसेका छन्। जिल्ला समितिले काम सुरु नभइ वा सम्पन्न भई खाली बसिरहेका कर्मचारीलाई अर्को पालिकामा खटाएर उपयोग गर्नुपर्छ।

**लाइडारमा जिल्लाको पहुँच :** लाइडार प्रविधिबाट नापजाँच गराउँदा शुद्ध र छिटो हुने ब्यहोरा पालिकाहरूले बुझिसकेका छन्। तर कति क्षेत्रको लाईडार नक्शा कहाँबाट कसरी खरिद गर्ने भन्नेमा अन्यौल भइ यो विधि अवलम्बन गर्न जाँगर नदेखाएको पाइएको छ। जिल्लाभित्र कुनै क्षेत्र विशेषको लाइडार इमेजमा सम्बन्धित जिल्लाको नापी कार्यालयलाई पहुँच दिने र त्यहाँबाटै आवश्यक इमेज खरिद गराइ उपयोगमा ल्याउन सकिन्छ।


**अस्पष्ट विषयलाई तत्काल सम्बोधन :** कतिपय कुराहरू कानुन तथा कार्यविधिमा स्पष्ट छैनन्। त्यस्ता विषयमा तत्काल निकास दिनुपर्छ। उदाहरणको लागि जग्गा उपलव्ध गराउँदा आमोद् कमोत गरिआएको एक कित्ता जग्गा आवासको लागि पाउने हदभन्दा बढी हुने तर कृषि र आवास भनेर दिँदा कित्ताकाट गर्नुपर्ने भएकोले अन्यौलमा परी सिफारिस कार्य अघि बढन नसकेको अवस्था छ। यो विषय कैलालीको जानकी गाउँपालिकाले उठाएको छ। यसको निकास दिनुपर्छ। मेरो विचारमा यस कित्तालाई कृषि वर्ग भनेर कित्ता नकाटी दिन हुन्छ। कुनै कानुन बाधक बन्दैन। कृषिमा दिएको जग्गा तुलनात्मकरूपमा सुरक्षित पनि हुन्छ। यस्ता अरु पनि थुप्रै अन्यौलहरू हुन सक्छन्।

**नापजाँच गर्ने समय :** केही फिल्ड कर्मचारी र जनप्रतिनिधिहरूमा पनि जग्गा नाप जाँच कार्य वर्षाको समयमा गर्न मिल्दैन भन्ने गलत बुझाई स्थापित भएको छ। यसैलाई साँचो मान्दै नापजाँचको काम पन्छाउने गरेको पाइएको छ। यस्तो व्यवस्था जग्गा नापजाँच सम्बन्धी ऐन र नियमावलीमा कतै पनि छैन। अतः निश्चित समयमा कार्य सम्पन्न गर्न खटिएका कर्मचारीले नाप जाँचको कार्य नसकिएसम्म नापजाँच कार्य निरन्तर जारी रहने विषय आयोगले प्रष्ट पार्नुपर्छ।

**नियमित समीक्षा :** कार्ययोजनाबमोजिम काम भए नभएको बारेमा सबै तहमा नियमित आन्तरिक समीक्षा हुनपर्छ। तर आयोगको जिल्ला समितिको भूमिका सबै भन्दा संवेदनशील भएकोले मासिक वा द्वैमासिक रूपमा सबै पालिका प्रमुख एवं भूमि शाखा प्रमुख र आयोगले तोकेका प्रदेश संयोजकलाई आमन्त्रण गरी कार्यक्रमको अद्यावधिक स्थितिकाबारेमा समीक्षा गर्नु आवश्यक छ। यस अवसरमा मन्त्रालयका प्रतिनिधिलाई समेत आमन्त्रण गरेमा कार्यक्रम अझ उपलब्धिमूलक हुन्छ। नियमित समीक्षाले कमीकमजोरी पहिचान गरी तत्काल सुधारात्मक उपाय अवलम्वन गर्ने अवसर दिने भएकोले यसलाई बिर्सनु हुँदैन।



सरिता लामा



सुष्मा न्यौपाने

# एशिया भूमि सम्मेलन र सिकाइ



इन्डोनेशियाको जाकार्तामा सन् २०२५ फेब्रुअरी १७ देखि २१ सम्म भव्य रूपमा सम्पन्न एशिया भूमि सम्मेलन हाम्रो लागि स्मरणीय अवसर बन्यो । सम्मेलनमा एशियाका १४ देशका ५०० भन्दा बढी सहभागीहरू थिए भने, एशिया भूमि सञ्जालका ५० भन्दा बढी सदस्य संस्थाहरूको प्रतिनिधित्व रहेको थियो । नेपालबाट हामी छ जना प्रतिनिधिहरूले सहभागिता जनाएका थियौँ, जसमा भूमि व्यवस्था तथा तालिम केन्द्रका कार्यकारी निर्देशक जनकराज जोशी, एशिया भूमि सञ्जालका सदस्य (कोलार्प) धनेज थापा, राष्ट्रिय भूमि सञ्जालकी सहजकर्ता सरिता लामा, राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव फौदसिं स्याङ्बा, अभियान नेपालका कार्यकारी निर्देशक तथा भूमि समस्या समाधान आयोग जिल्ला समिति सुनसरीका भूमि विज्ञ सदस्य शैलेन्द्र राई, र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अभियान संयोजक सुष्मा न्यौपाने ।

### सम्मेलनको अनुभव र प्रस्तुतिहरू

दुई दिनको समुदाय भ्रमणले हामीलाई स्थानीय कृषि अभ्यास, समुदायको अभियान र दैनिकीसँग नजिकिन विशेष अवसर दियो । २ दिन समुदायमा नै बसेर उनीहरूले गरिरहेको काम, अभियान, सङ्घर्ष र सफलताबारे सुन्ने र प्रत्यक्ष अवलोकन गर्न पाउँदा धेरै महत्वपूर्ण सिकाइ भएको छ ।

समुदाय तथा जाकार्तामा सञ्चालित विभिन्न शेसनहरूमा सहभागी हुँदै, हामीले नेपालको भूमि अधिकार अभियानका अनुभव, उपलब्धि र चुनौतीहरू प्रस्तुत गर्‍यौँ ।

२० फेब्रुअरीमा भएको दक्षिण एशियाली भूमि अधिकार आन्दोलनसम्बन्धी छलफलमा (सुष्मा न्यौपाने, फौदसिं स्याङ्बा र शैलेन्द्र राई) ले नेपालको सहजीकरण, उपलब्धि र सङ्घर्षबारे प्रस्तुति गर्दा सहभागीहरूले गहिरो चासो देखाए । नेपालकै अनुभवलाई उदाहरणीय भन्दै, केपिएका संस्थापकसहित धेरै सहभागीहरूले "नेपालको भूमि अधिकार अभियान र सफलताको बारेमा सबैले सिक्नुपर्ने अभियान" भनेर प्रशंसा गरे, जसले हाम्रो अभियानलाई थप हौसला प्रदान गर्‍यो ।

२१ फेब्रुअरीमा भएको मुख्य कार्यक्रममा सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चबीचको सहकार्य, आपसी सहयोग र भविष्यका पहलहरूबारे प्रस्तुति दिँदै, हामीले समुदायलाई अधिकारको लागि सङ्गठित बनाउने अभ्यासबारे प्रस्तुती गर्यौं । सङ्गठनको बलमा भूमिहीनको बस्ती सुरक्षित गर्ने, भूमिहीन तथा भूमि अधिकारबाट वञ्चितको भूमिहक स्थापित गर्न निरन्तर गरिरहेको अभियान, जनसङ्गठन र संस्थाको सहकार्य, सरकारसँगको सम्बन्ध, भूमिमा महिला अधिकार तथा जीविकोपार्जनमा सहयोग पुर्‍याउने अभ्यासलाई सहभागीहरूले प्रशंसायोग्य र अनुकरणीय रूपमा लिएका थिए ।

### मुख्य सिकाइ र प्रेरणादायी अभ्यासहरू

**जमिनको अधिकतम् उपयोग :** भीरालो जमिन, खोल्सी, सडक किनारलगायत कुनै जमिन बाँझो देखिएन । यसले उत्पादन मात्र बढाएको छैन, जमिनको सदुपयोग गर्ने तथा वातावरणको सुरक्षा गर्ने सचेत पहल र चेतनालाई पनि उजागर गरेको छ ।

**कृषिकर्मबाटै आत्मनिर्भर :** हामीले अवलोकन गरिएको स्थानहरूमा किसानहरूले बताएअनुसार किसानहरू अधिकतम् कृषि कर्ममा सङ्लग्न छन् । अधिकाशं परिवार कृषिबाटै आत्मनिर्भर बनेका छन् र खुसी पनि छन् । हाम्रो परिवेशमा कृषिमै सङ्लग्न परिवारलाई पनि उत्पादनले खान नपुग्ने अवस्था छ, यो विषयमा फरक ढङ्गले छलफल गर्नुपर्ने बेला भएको छ ।

**कृषिको विविधिकरण र बजारमुखी**

**अभ्यास :** उत्पादनलाई विभिन्न सामग्रीमा रूपान्तरण गरी बजारीकरणमा जोड दिएको देखियो । जसबाट बिक्रीमा समस्या नभएको तथा मूल्यसमेत उच्च पाएको छन् । जैविक मलको प्रयोग र माटो संरक्षणमा विशेष ध्यान दिइएको थियो । यो अभ्यास नेपालमा जग्गा पाएका समुदायमा समेत विस्तार गर्न सकिन्छ ।

**पानी व्यवस्थापन :** पोखरी निर्माण, माछापालन र आकाशे पानी सङ्कलनले पानीको अभावलाई न्यूनीकरण गरेको छ । यस्ता अभ्यासहरू नेपालमा पनि अपनाउन सकिने अवसर देखिन्छ ।

**हरियाली र वातावरण संरक्षण :** शहरदेखि गाउँसम्म वृक्षारोपण र संरक्षणले हरियाली कायम गरिरहेको छ । यसले वातावरण सन्तुलनसँगै उत्पादनमूलक भूमिको सम्भावना पनि बढाएको छ ।

**समुदाय तहका बलिया सङ्गठन :** आफ्नै स्रोत र योगदानमा चलेका जनसङ्गठनहरू आत्मनिर्भर र स्थायी बनेका छन् । यसले नेपालमा सङ्गठन तथा आन्दोलन कोषलाई अझ योजनाबद्ध ढङ्गले उपयोग गर्ने आवश्यकता देखाएको छ ।

### अन्त्यमा

एशिया भूमि सम्मेलन २०२५ ले हामीलाई नयाँ दृष्टिकोण, गहिरो अनुभव र व्यवहारिक सिकाइ दिएको छ । नेपालका उपलब्धिहरूलाई एशियाली फोरममा प्रस्तुत गर्ने अवसर पाउनु, र त्यहाँबाट प्रशंसा र प्रेरणा प्राप्त गर्नु हाम्रो लागि महत्वपूर्ण अवसर र उपलब्धि हो ।

यो सम्मेलन केवल सहभागी हुने अवसर मात्र थिएन, बरु नेपालका अनुभवलाई एशियास्तरमा स्थापित गर्ने, नयाँ अभ्यास सिक्ने र आफ्नो अभियानलाई अझ मजबुत बनाउने यात्राको महत्वपूर्ण चरण थियो । यो सम्मेलनले नयाँ कार्यसमिति पनि चयन गरेको थियो । यस पटक नयाँ कार्यसमितिमा नेपालबाट धनेज थापाले प्रतिनिधित्व गर्नु भएको छ । यो पनि नेपालको लागि महत्वपूर्ण अवसर रहेको छ । ✿

# अनि खुसी भए भीम र बिजी



डेढ वर्षको काखे-छोरा बोकेर सल्यानबाट २०३६ सालतिर बर्दिया झरेका थिए, भीमबहादुर र बिजी सुनार । त्यसपछि भने उनीहरू बाँसगढी नगरपालिका-४, पहाडीपुरमा बसोबास गर्दै आएका छन् । भीमबहादुरको जीवन बाल्यकालदेखि नै सुखद् हुन पाएन । भीमका बुबाले दुई श्रीमती विवाह गरेकाले आमाहरूबीच झैझगडा भइरहन्थ्यो । भीम सानै थिए, सँगै बस्न नसकिने भएपछि भीम र उनकी आमा छुट्टै बस्न थाले । भीम १५ वर्ष पुग्दा-नपुग्दै, मजदुरीको खोजीमा भारत लागे ।

केही वर्ष भारतमा मजदुरी गरे । भारतबाट गाउँकै घर फर्किएका भीमले बिजीसँग विवाह गरे । केही वर्षपछि उनीहरूको छोरा जन्मियो । गाउँमा पर्याप्त जग्गा-जमिन थिएन । बसोबास गरेको घर पनि अर्काकै जग्गामा बनेको थियो । छुट्टै बस्न घर बनाउने ठाउँ पनि थिएन । गाउँमा बसेर मजदुरी गरेर जीविका चलाउन पनि मुस्किल भयो । गाउँमै बस्दा थप दुःख पाइएला भन्ने ठानेर, उनीहरू केही सुख अनि खुसीको खोजीमा सल्यानबाट बर्दिया झरे ।

बर्दिया, अपरिचित ठाउँ । यहाँ आएपछि अझै धेरै सङ्घर्षका दिनहरू थपिए । जसजसको घरमा काम पाइन्छ, त्यहीँ काम गर्दै जीविका चलाउन उनीहरूको बाध्यता थियो । एक हिसाबले भन्ने हो भने सुख खोज्न तराई झरेका भीमको परिवारमा थप सङ्घर्षको दिनहरू थपिएको थियो । गाउँका मानिसहरूको फुली, बाला, कडालगायतका गहनाहरू बनाइदिने, मर्मत गरिदिने काम गरे, उनीहरूले । यी सिप भीम र बिजीले गाउँ हुँदा सिकेका थिए । त्यहि सिप यहाँ काम लाग्यो र जीविकोपार्जन गर्न केहि सहज भयो ।

बर्दिया झरेर पनि घर-जग्गा किन्न सक्ने क्षमता त थिएन । केहि महिनासम्म अरुकै घरमा बसे । तर, सधैंभरी त्यसैगरी जिन्दगी चल्दैनथ्यो । केहि चिनेजानेको मान्छेहरूकै राय-सल्लाहमा पहाडीपूरमा बस्न थाले । पहाडीपूर बस्न सहज भने थिएन, वरिपरि घना जङ्गल थियो । बस्तीहरू थिएन । डरलाग्दो अवस्था थियो ।

भीम-दम्पत्तिले महिनौं काम गरे । झाडी फाँडे । करिब एक बिघा जग्गा बनाए । त्यसैमा खनजोत गरे । खेती गर्न थाले । त्यहिँ सानो घर पनि ठड्याए । सहज भने थिएन, जङ्गल नजिक थियो, बँदेल, चित्तल, बाँदरजस्ता जङ्गली जनावरले हैरानी पार्थे । अन्य विकल्प पनि त थिएन, कैत जाउँ भने । जसोतसो सङ्घर्ष गर्दै बसिरहे । यसबिचमा उनीहरूका अरू ३ छोरा जन्मिए । सङ्घर्ष थपिँदै थियो । कठोर परिश्रम र जोखिमबीच उनीहरूले बनाएको वस्तीमा विस्तारै अरुपनि थपिदै गए ।

'दुःखीको जीवनमा धेरै त दुःख मात्रै थपिने रहेछ ।' पुराना दिन सम्झिँदै भीमले भने 'जीवनको सबैभन्दा ठूलो विपत्ति त हामीले

२०५९ सालमा भोग्यौँ । एक दिन, रातीको समय थियो, हाम्रो घरमा कसैले आगो लगाइदियो । केही क्षणमै घर, सर-सामान, खाद्यान्न, कपडालगायत भएभरका सबै खरानी भयो ।' ती दिन सम्झँदा अहिले पनि मन भारी भएर दुःख्छ, भीम भन्छन् ।

आगलागीले सबै सखाप बनायो । दुःख फेरी थपियो । वस्तीका साथीभाइले दाल, चामल सहयोग गरे । विद्यालयका शिक्षकले पनि आर्थिक सहयोग गरे । अनि ऋण-धन गरेर त्यही थलोमा भीमको परिवारले सानो घर उभ्याए । उनीहरूको बस्तीमा अहिले ७० घरपरिवार बसोबास गर्छन्, जग्गा भने ऐलानी हो । केहि भूमिहीन र बढिजसो अव्यवस्थित बसोबासी छन्, यहाँ ।

भीमको परिवारलाई एउटै चिन्ता थियो, घरबास त छ, तर जग्गाधनी पुर्जा कहिले पाउन सकिएला ? कसरी पाउन सकिएला । लालपुर्जा नहुँदा उनीहरूले धेरै दुःख भोगिसकेका थिए । ढुक्कसँग बस्नसक्ने अवस्था पनि थिएन । सधैं भूमिहीन-सुकुमबासी भन्ने पहिचानले मन पोलिरहन्थ्यो । त्यसलाई मेटाएर घर जग्गाको मालिक बन्ने सपना भीम र बिजीमा सधैं हुन्थ्यो । र सँगै हुन्थ्यो, जग्गाधनी पुर्जा हातैमा लिने, ठूलो चाहना पनि ।

२०६४ सालमा बर्दियामा भूमि अधिकार आन्दोलन सुरु भयो । भूमि समस्या भएकाहरू सङ्गठित हुन थालेको भीमबहादुरले पनि थाहा पाए । त्यसपछि उनी पनि आन्दोलनमा सहभागी भए । उनले बुझे अनी गाउँबासीलाई पनि सहभागी गराए । भीमबहादुर र गाउँका अगुवाहरू बाँसगढी, गुलरियालगायतका ठाउँमा भएको र बोलाइएको आन्दोलन र ऱ्यालीमा हिँडे । अभियानहरूमा सहभागी भए । भीमबहादुर भन्छन्, 'पुर्जा पाउने आशामा थुप्रैपटक निवेदन पेश गरेँ । राजनीतिक दल, जनप्रतिनिधि सबैलाई भनिरहेँ । अनिश्चितता, निराशा र प्रतीक्षामा थुप्रै वर्षहरू बितिगए ।'

निवेदन पेश गर्ने क्रम त लामै समयदेखि चलिनै रहेको थियो । भीमबहादुरले फेरी पनि २०७८ सालमा वडा कार्यालयमार्फत राष्ट्रिय भूमि आयोगमा निवेदन पेश गरे । त्यो आयोगले काम त अघि बढाएको थियो, फेरी पनि जग्गाधनी पुर्जा हातमा नपर्दै आयोग खारेज भयो ।

भीमबहादुरहरू फेरी एकपल्ट निरास भए । निराशाकै बिच अर्को एक आशा पलायो, त्यो आशाको दियो बाल्न मद्दत गऱ्यो, २०८१ साल कात्तिकमा सरकारले गठन गरेको 'भूमि समस्या समाधान आयोग' ले । भीमबहादुर भन्छन्, 'हामी केही नभएकालाई सानो कुराले पनि ठूलो आशा बढाइहाल्दो रहेछ ।'

उनी भन्छन्, 'जग्गा प्राप्ती प्रकियाबारे सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र भूमि अधिकार मञ्चमार्फत जानकारी पायौँ । अधिकार र प्रक्रियाबारे जानकारी पाएपछि वडा र पालिकामा पुगेर निरन्तर झक्झक्याइरह्यौँ ।'

**भीमको परिवारलाई एउटै चिन्ता थियो, घरबास त छ, तर जग्गाधनीपुर्जा कहिले पाउन सकिएला ? कसरी पाउन सकिएला । लालपुर्जा नहुँदा उनीहरूले धेरै दुःख भोगिसकेका थिए । ढुक्कसँग बस्नसक्ने अवस्था पनि थिएन । सधैं भूमिहीन-सुकुमबासी भन्ने पहिचानले मन पोलिरहन्थ्यो । त्यसलाई मेटाएर घरजग्गाको मालिक बन्ने सपना भीम र बिजीमा सधैं हुन्थ्यो । र सँगै हुन्थ्यो, जग्गाधनी पुर्जा हातैमा लिने, ठूलो चाहना पनि ।**

गाउँबासीको पनि फलोअप भइराखेपछि वस्तीमा नापी सुरु भयो । नगरपालिकाका कर्मचारी, वडा अध्यक्ष, सदस्य तथा आत्मनिर्भर केन्द्र र भूमि अधिकार मञ्चका प्रतिनिधिहरू पनि गाउँमा आउनुभयो । नापी सकिएपछि पुर्जा बनाउने सम्पूर्ण प्रक्रियामा सबैको भूमिका रह्यो ।

भीमबहादुर भन्छन्, 'हामी २०८२ साल असार ३१ गतेको दिन ज्यादै खुसी भयौँ । त्यो दिन जति खुसी त्यसअघि सायदै भएका थियौँ ।' उनको परिवारको खुसीको एउटै कारण थियो, उनीहरूले १२९७.०२ वर्गमिटर (३ कठ्ठा १७ धुर) जमिनको जग्गाधनी पुर्जा प्राप्त गर्नु । पुर्जा पनि भीम र बिजीको नाममा संयुक्त बनेको छ । पुर्जामा दुवैको फोटो टाँसिएको छ । यो दिनको लागि उनीहरूले ४६ वर्षदेखि प्रतीक्षा गर्नुपरेको थियो ।

श्रीमतीसमेतको फोटो टाँसिएको जग्गाधनी पुर्जा देखाउदै भीमबहादुरले भने, 'हाम्रो पुस्तामा कसैको पुर्जा थिएन । पहिलो पटक यसरी पुर्जा पाउँदा ज्यादै खुसी छौँ ।' उनले थप्दै भने, 'पुर्जा पाएको दिन हामीले सङ्घर्षका दिनहरू सम्झियौँ । बुढाबुढीले नै हर्षको आँसु बगायौँ । भन्यौँ, अब कसैले घरबास उठाउन सक्दैन ।'

भीमको छेऊमै बसेकी बिजीले थपिन् 'दुःखमा जिन्दगी धेरै बितायौँ । कयौँ पटक अपमानित भयौँ । घरबास थियो तर कहिल्यै मन ढुक्क थिएन । ढुक्कले निदाउन नसकेका कयौँ दिनहरू ताजै छन् । अब भने धेरै खुसी छौँ । ढुक्क छौँ । अव त हाम्रा सन्तानले हामीलेझैं दुःख पाउदैनन् होला । कसैले सुकुमबासी भनी हेप्ने छैनन् होला ।'

उमेरले ७२ टेकेका भीमबहादुर अव भने भूमिहीन-सुकुमबासी जीवनबाट जग्गाधनी बनेकोमा ज्यादै खुसी छन् ।

उनीहरू अव अरुले झै सरकारी सेवा पाइनेमा ढुक्क बनेका छन् । केही व्यवसाय गरौं भनेपनि ऋण-धितो गर्न सक्ने भयौँ भन्नेमा ढुक्क छन् । यस पटक भीमबहादुरको गाउँबासी अरु १३ परिवारले पनि जग्गाधनी पुर्जा पाएका छन् । पुर्जा पाउनेमा सबै भूमिहीन परिवार छन् । उनीहरूले पाएको फगत त्यो पुर्जा मात्र होइन, ४६ वर्षदेखि बसोबास गरेको घरबासको सुरक्षा हो । सङ्घर्ष र धैर्यतको प्रतिफल हो । ✿


(प्रस्तुती : होमेन्द्र थापा)

# नसिवनी खातुनलाई पुर्जा प्राप्तीले थपेको खुसी

नसिवनी खातुन एकल महिला हुन् । उनी मटिहानी नरपालिका- ३ महोत्तरीको बरदाहा टोलमा बस्छिन् । यहीँ बसेको पनि चार पुस्ता बित्यो । लामो समयदेखि बसेको भएपनि घडेरीबाहेक जोतकोर गर्ने जमिन छैन । जीवनयापनका लागि सधैंजसो जनवन (ज्यालादारी) मै जानुपर्ने बाध्यता भएको सुनाइन् ।

खातुन भन्छिन्, सुखको दिन कहिल्यै आएन । दश वर्ष पहिले नै श्रीमान् बिते । श्रीमान् जमिनदारकोमा हरवा बसेका थिए । त्यसैबाट परिवारको जीविका चल्न मद्दत पुगेको थियो । श्रीमान् बितेपछि दुःख थपिदै गयो । जनवनको कामले पुग्दो आयस्रोत नहुने देखेर नसिवनीले तरकारी किनेर गाउँ गाउँमा बेचेर आम्दानी गर्न सङ्घर्ष थालिन् । त्यसबखत गाउँमा पसलहरू थिएनन् । जताततै धान खेती मात्र थियो । तरकारी तथा लता कपडा किन्न तीन-चार कोश टाढा हिँडेर बजार जानु पर्दथ्यो । गाउँघरमा तरकारी नपाइने भएकाले टाढाबाट भएपनि ल्याएर बिक्री गर्दा केही बचत हुने उनले सोचिन् र काम सुरु गरिन् । उनी बजारबाट तरकारी ल्याउथिन् र गाउँ टोल घुमेर, (टाउकोमा ढकी बोकेर) बेच्थिन् । तरकारीमा अन्न (एक भाग तरकारीको सट्टा तीन, चार भाग अन्नसँग साट्ने चलन) साटेर पनि ल्याइन् । यसरी पनि केही लामो समय उनले परिवार पालिन् । खानपिन र औषधि उपचारमा समेत मद्दत पुगेको थियो ।

हाल उनी ६६ वर्षकी भइन् । भन्छिन्, अब काम गर्न सक्दिन तर काम नगरी खान पनि पाइदैन । गाह्रो छ । उनको ४ छोरा, ४ बुहारी, ८ नाती, ४ नातिनीसमेत २१ जनाको परिवार छ । खाना पकाउने एउटा दलान छ । त्यसमा छ-मुखे माटोको चुल्हो छ । त्यही चुल्होमा दाल, भात, तरकारी पकाउँछन् । उनी भन्छिन्, परिवार ठूलो छ, धान्नलाई साह्रै गाह्रो छ । जेठो र साइलो काम गर्न बम्वई र कतार गएका छन् । माहिलो र कान्छो छोरा घरमै छन् । उनीहरू भने ज्यालादारीमा काम गर्छन् ।



**खातुन ६६ वर्षकी भइन् । भन्छिन्, अब काम गर्न सक्दिन तर काम नगरी खान पनि पाइदैन । गाह्रो छ । उनको ४ छोरा, ४ बुहारी, ८ नाती, ४ नातिनीसमेत २१ जनाको परिवार छ ।**

गाउँघरमै पाइने कृषि मजदुरी उनीहरूको मुख्य काम हो ।

दिनभरी काम गर्दा सुख्खा ज्याला पाँच सय रूपियाँ पाउने रहेछन् । नसिवनीको आजकल चार चार महिनामा आठ हजारका दरले सामाजिक सुरक्षा भत्ता आउँने रहेछ, उनले एकल महिला भएको कारण भत्ता पाउन थालेकी रहेछिन् । उनी भन्छिन्, जेनतेन खान पुऱ्याउन बाध्य छौँ । गरिबीका कारण छोराहरूलाई पढाउन सकिएन । भन्छिन्, पढाउन सकेको भए अहिले ज्यालादारीमा दुःख गर्न पर्दैन थियो ।

उनी भन्छिन्, एक पटक खानपीनको समस्या भएको थियो । त्योबेला मठिहानीको महाजनसँग २५ हजार ऋण लिएका थियौँ । जेठाजुले ७५ हजारको कागज आफ्नो नाममा गराएका रहेछन् । मेरो श्रीमान् अति सोझा थिए । १० हजार बुझाएका थियौँ । अब १५ हजारको साँवाब्याज बाँकि रह्यो भन्दा जेठाजुले ७५ हजारको कागज छ, सोही बमोजिम दिनुपर्छ भनि बादविवाद झिक्नुभयो । विवाद् बढ्दै गएपछि ७५ हजारको साँवाब्याज असुलउपर गराई पाउँ भनि अदालतमा मुद्दा हाले । हामीले महाजनलाई गुहाऱ्यौँ । उनले २५ हजार मात्र लिएको हो अन्याय गर्नु हुन्न भन्दा पनि मानेनन् ।

हामीले मुद्दा लड्नु पऱ्यो । अंशबण्डा भएको थिएन । जग्गा उनैको नाममा थियो । हाम्रो ऋण चुक्ता गर्ने क्षमता नभएकाले गाउँका केहि भद्रभलादमीले अंश मुद्दा हाल्न सल्लाह दिए । गाउँले सल्लाहबमोजिम हामीले अंशबण्डाका लागि मुद्दा हाल्यौँ । ७ वर्षपछि मुद्दा फैसला भयो । ऋणवापतको १ लाख ४० हजार उनै जेठाजुले तिर्ने पऱ्यो र मेरो फाँटमा ९ धुर जग्गा आएको थियो । त्यो पनि गाउँदेखि टाढा पर्छ । गाउँलेकै सल्लाहबमोजिम ८ धुर जग्गा गाउँका मुस्लिम परिवारका मानिसहरू मर्दा अन्त्यष्ठी गर्न कब्रस्थानका लागि दिनुपऱ्यो । बाँकी रहेको १ धुर जग्गा मृत्यु श्चात आफ्नै अन्त्यष्ठिका लागि छुट्टयाई राखेको बताइन् ।

उनी भन्छिन्, हामी बसोबास गरेको घरबासको जग्गा सरकारी हो भन्ने थाहा थियो । तर, गाउँब्लक बुझेको थिइनँ । साविकदेखि नै भोगी चर्ची आएको करिब १३ धुर जग्गा गाउँब्लकमा रहेछ । जग्गाको नक्शा, सीमाना र प्रमाण नभएका कारण थिचोमिचो सहँदै आएका थियौँ ।

दश एघार वर्ष पहिले घरको छानो मक्किएर भाँचियो । त्यहि ठाउँमा घर बनाई कोरा लगाउन खोज्दा गाउँलेले दिएनन् । उनीहरूले सीमाना लगाई माथि सर्न लगाए ।

भोगेचलन गरेको ठाउँ नछोड्न प्रयास गर्दा टाउकोमा चोट लाग्यो । झगडा गर्न सकिन । छोडी दिएँ । बाँकि रहेको जमिनमा घर बनाएर बसेका छौं ।

पछि नापी कार्यालय जलेश्वरबाट नापी टोली आयो । जिल्ला भूमि अधिकार मञ्चको टोलीले यसको लागि समन्वय गरेको रहेछ । हामी बसेको जग्गा (गाउँब्लक) नापी भयो । नापी भएपछि जग्गाको लागि अब झगडा नहोला भनेर खुसी भएँ । निवेदन पेश, फोटो टाँस र हस्ताक्षरका लागि चार-पाँच पटक जलेश्वर धाएँ । त्यसपछि हाम्रै वडा कार्यालयबाट पुर्जा वितरण गरियो । मैले पनि साढे दश धुर जग्गाको जग्गाधनी प्रमाणपुर्जा पाएकी छु । हामी बसोबास गरेको घरबास सुरक्षित थिएन । उठीबासकै चिन्ता थियो । भूमि अधिकार मञ्चको पहलमा हामीले लालपुर्जा पायौं । अव त बसोबास र घरबास सुरक्षित भयो । जग्गाको मालिक भइयो । म अति खुसी छु ।

प्रस्तुति : सरिता बस्नेत

# पुर्जाले आत्मबल बढायो



अहिले हामीसँग बसोबास गरेको जग्गाको पुर्जा छ । जग्गाधनी प्रमाणपुर्जा पाउँदा ज्यादै खुसी छौं । र सुरक्षित भएको महशुस गरेका छौं । हाम्रा पूर्वजहरूले जीवनमा लालपुर्जा कस्तो हुन्छ भन्ने देख्नसमेत नपाई बितिजानु भयो । अहिले भने मेरै हातमा पुर्जा पाउँदा सपना जस्तै लागिरहेको छ । पुर्जा पाएको दिन यति खुसी भएँकी त्यसअघि कहिल्यै त्यस्तो महशुस भएको थिएन ।

उमेरले ६० वर्ष टेकें । अघिल्ला मेरा पुस्ता बाजे-बुबाले बालीघरे प्रथामै जीवन बिताए । मेरो जीवन पनि यहि पेशाले नै बित्दैछ । बाल्यकाल सल्यान जिल्लामा बित्यो । दलित भएको कारण जग्गा जमिन थिएन । घर गाउँभन्दा पर डाँडामा थियो । पहिरोले दुःख दिइरहन्थ्यो । जीविका चलाउने एक मात्र आधार किसानले दिने अन्न (खलो) थियो । पहाडको बसाइँ निकै कष्टकर हुन्थ्यो । दैनिक गुजारा चलाउनै मुश्किल । शिक्षा, स्वास्थ्य तथा बाटोघाटोको असुविधा थियो । त्यहिँ भएर ३४ वर्ष पहिले हामी बसाइँ सरी दाङ झर्‍यौं । गढवा गाउँपालिका-२ डाँडा टोलमा बसेका छौं । ससुरा'बा आरान (भाँडाकुँडा बनाउने) को काम गर्नुहुन्थ्यो । उमेर बढेसँगै काम गर्न नसक्ने हुनुभयो । ससुरा'बाले बोलाउनु भएपछि हामी यता आएका हौं ।

यहाँ आउँदा ससुरा'बाले जङ्गलको छेऊ बगरमा घर बनाएर बस्न भन्नुभयो । त्यसपछि सानो घर (झुप्रो) बनाएर बस्यौं । उसबेला कसैले पनि विरोध गरेनन् । हामी गरिब थियौं, जग्गा किनेर बस्न सक्ने अवस्था थिएन । त्यहिँ भएर पनि कसैले पनि विरोध गरेनन् ।

किसानहरू हँसिया, खुर्पा, दाऊ, कोदालो र बन्चरो बनाउन आउथे । त्यो काम गरेवापत किसानले उत्पादन गरेको धान, गँहु तथा मकै दिन्थे । चाडपर्वमा चामल, दाल र तरकारी दिन्थे । किसानबाट वर्षेनि प्राप्त हुने ५/६ क्वीन्टल जति अन्नबाट परिवारको गुजारा चल्थ्यो ।

तर पछिल्लो ५/६ वर्ष यता आरानको पेशा पहिलेको जस्तो चलेको छैन । जङ्गलबाट कोइला ल्याउन सामुदायिक वनले रोक लगाएको छ । सामुदियक वनको नियमानुसार दाउरामात्र ल्याउन पाइन्छ, कोइलाकै समस्या छ । रेडिमेट सामग्रीहरू बजारमा पाइने भएकाले किसानहरू पनि उतैबाट किन्न थालेका छन् । बालीघरे प्रथाको अन्त्य भएको छ ।

अलिअलि मात्र काम चल्छ । त्यो पनि पैसाबाट कारोवार हुन्छ । वार्षिक ३०-४० हजार जति कमाई हुन्छ । गुजारा चलाउन मुश्किल छ । पशुको व्यापार पनि गर्न थालेका छौं । २ छोराहरू वैदेशिक रोजगारीमा गएका छन । कान्छो छोरा घरमै छ । ऊ पनि विदेश जान्छु भन्दैछ ।

जग्गा आफ्नो स्वामित्वमा नहुँदा धेरै दुःख महशुस हुने रहेछ । उठीबासको डर पनि उत्तिकै हुने रहेछ । सधैं ढुक्कले बस्न पनि नपाइने रहेछ । मेरो पनि आफ्नै जग्गा जमिन भइदिए सुरक्षित भइन्थ्यो भन्ने सधैं लागिरहन्थ्यो ।

हामी लामो समयदेखि बसेको भएपनि आयोगमा निवेदन हाल्नुपर्छ भन्ने थाहा भएन । कसैले भनेनन् । मैले पहिलो पटक २०७७ सालमा भूमिहीन दलितकोरूपमा जग्गा दर्ता गर्नको लागि फाराम भर्‍यौं । फारम भरेको ५ वर्षपछि मात्रै जग्गा धनी पुर्जा पायौं ।

बसोबास गरेको जग्गाको पुर्जा हातमै पाउँदा ज्यादै खुसी छौं । पुर्जामा श्रीमती सरिता विश्वकर्माको नाम पनि लेखिएको छ । ३ कठ्ठा १५ धुर जग्गामा संयुक्त लालपुर्जा बनेको छ ।

अव सुरक्षित महशुस गरेका छौं । अव कसैले उठाउला भन्ने डर पनि छैन । पुर्जा प्राप्तीसँगै थप आँट र हौसला बढेको छ ।

(प्रस्तुती : रेमन्त चौधरी)





रुपा बस्नेत

निहारिका चौधरी

# सङ्‌गठन सुदृढीकरण अभियान



जिल्ला मञ्च सुदृढीकरण अभियानको क्रममा पर्वत, कास्की, उदयपुर, झापा, सप्तरी, मोरङ, सिराहा, कपिलवस्तु, बारा, पर्सा, सुनसरी, मकवानपुर, रुपन्देही, नवलपरासी, नवलपुर र कञ्चनपुर, सिन्धुली, चितवनमा पुग्यौं। यी जिल्लामा भएको विभिन्न कार्यक्रममा १६१ महिला र १९२ पुरुष गरी ३५३ जना सहभागी भएका थिए। गाउँ मञ्चहरूमा भएको छलफलमा ३३९ महिला र २८२ पुरुष गरी ६२१ जना सहभागी भएका थिए।

वर्तमान सरकारले असोज १३ गते भूमि समस्या समाधान आयोग खारेज गर्ने निर्णय गरेपछि बदलिएको परिवेशमा सरकारको भूमिहीनप्रति उदासीनता र भूमिहीन समुदायमा फैलिएको निराशाको अवस्थामा जिल्लास्तर र गाउँस्तरमा छलफल तथा अभिमुखीकरणमार्फत नेतृत्व तथा सङ्गठनमा आशा जगाउन यो अभियान यात्रा भ्रमण र छलफलले सहयोग पुग्यो। कतिपय जिल्लाहरूले भूमि आयोगलाई निरन्तर काम गर्न दिन माग राखी ज्ञापनपत्रहरू पेश गरेका छन्।

जिल्लाको परिवेशको नक्शाङ्कनपछि रणनीतिक योजना निर्माणमा सहयोग पुगेको छ। सरोकारवाला निकायसँग गरिएको बैठकले भूमि प्राप्ती अभियानमा देखिएका समस्याबारे छलफल भई जागरण ल्याउन पनि मद्दत पुगेको छ। साथै अगुवाहरूले आफ्नो अभियान र मञ्चको अवस्थाको वास्तविक महशुसीकरण गर्ने अवसर पनि पाए।

यसबीचमा जिल्ला मञ्चहरूले जिल्ला नापी तथा मालपोत र जिल्ला प्रशासन कार्यालयमा माग पत्र पेश गरेका छन्। खासगरी भूमिहीनको लगत सङ्कलन, प्रविष्टिकरण, जग्गा नापजाँच, दस्तावेज व्यवस्थापन र प्रक्रिया अघि बढाउन माग राखिएको थियो।

यस यात्राको क्रममा १४ स्थानीय तहका जनप्रतिनिधिसँग भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन, प्रविष्टिकरण, प्रमाणीकरण, जग्गा नापजाँच तथा जग्गाधनी पुर्जा तयारीको अवस्था, स्थानीय भूमि ऐन, बाँझो जग्गाको खोजी र उपयोग, भूमि वर्गीकरण र भू-उपयोग योजनासम्बन्धी कार्य अघि बढाउनको लागि पनि छलफलहरू भयो। स्थानीय तहसँगको छलफलमा अधिकांशले जेनजी आन्दोलनपछि काम रोकिएको, केही वडामा नापी भइरहेको, केही कागजात पालिकामा नआएको, अदालतले काम यथास्थितिमा राख्न भनेको, दस्तावेज सुरक्षित रहेको भनाइहरू आएको थियो। तर, मकवानपुरको बागमती गाउँपालिकाले आयोग रहे पनि नरहे पनि काम निरन्तर जारी रहेको, १०३ पुर्जा वितरण गरिसकेको, डाटा प्रविष्टि भइरहेको जानकारी दिएको थियो।

यसैगरी, पर्सागढी नगरपालिका, बकैया गाउँपालिका र रामधुनी नगरपालिकाले स्थानीय भूमि ऐन, बाँझो जग्गा खोज/वितरण, भूमि वर्गीकरण र भू-उपयोग योजना बनाइसके पनि कार्यान्वयन कमजोर रहेको देखियो। दस्तावेज बनेको तर कार्यान्वयनमा नआइसकेको अवस्था देखियो।

कपिलवस्तुमा जिल्ला भूमि अधिकार मञ्चको अगुवाईमा उठीबासको घटनाविरुद्ध विभिन्न सरकारी निकायमा पुगी ज्ञापनपत्र बुझाइएको छ। यी ठाउँमा अगुवाहरूले सक्रियता भने देखाइरहेका पायौं।

धेरै जिल्लामा नापी प्रमुखहरूको अनुपस्थितिमा नापी अधिकृतहरूसँगमात्र छलफल भएको थियो भने सुनसरी र मोरङमा मात्र प्रमुखसँग छलफल भएको थियो। केही नापी कार्यालयमा कुनै पनि स्थानीय तहबाट आयोगको कामसम्बन्धी दस्तावेज प्राप्त नभएको र केही जिल्लाले दस्तावेज बुझाए पनि अदालतको आदेशअनुसार प्रक्रिया रोकेर राखिएको जानकारी दिए। आफैं सक्रिय भएर स्थानीय तहबाट निवेदन फाइलहरू मगाई काम गर्न प्रयत्न गरिएको भने कतैपनि पाइएन।

जिल्ला मञ्चहरूको परिवेश नक्शाङ्कन गर्दा सङ्गठन कमजोर भएको अनुभूति, सम्मान तथा पहिचान घट्दै गएको धारणा राखे। सङ्गठन गोडमेल, नियमित समन्वय, बैठक तथा सहकार्य आवश्यक रहेको निष्कर्ष पनि निकालियो। यसको लागि अगुवामा क्षमता विकास जरुरी देखियो।

हामीले भ्रमण गरेको माथि उल्लेखित जिल्लाहरूमा उठीबास, वनक्षेत्र, राष्ट्रिय निकुञ्ज/आरक्ष/बफर जोन, गाउँ ब्लक, मोही, गुठी, औद्योगिक क्षेत्र, बाटो विस्तार, पानी स्रोत किनार, चोरी दर्ता/दर्ता छुट, नागरिकता, गौचरण, संस्थागत जग्गा, बिर्ता, जोताहा,

# फक्रिएको फूलबारी गाउँ भूमि मञ्च



चन्द्रपुर नगरपालिका-२, फूलबारी टोल, रौतहटमा २०६६ सालमा गठन भएको फूलबारी गाउँ भूमि अधिकार मञ्चमा २८ सदस्य परिवार सङ्गठित छन्। जसमा महिला १९ र पुरुष ८ छन्। ६ परिवार दलित र बाँकी सबै जनजाति समुदाय। पहिले मञ्च गठन हुँदा अध्यक्षमा मनकुमारी थिङ चुनिएकी थिइन् भने हाल लालीमाया घिसिङ अध्यक्ष छिन्। उनीहरू ऐलानी पीडित हुन्।

यो बस्ती बसेको जग्गा वनको नाममा छ-ऐलानी। २०५१ सालदेखि यहाँ बसोबास उनीहरू बाढी तथा डुबान पीडितहरू भएपछि सर्लाही र रौतहट जिल्लाका विभिन्न स्थानहरूबाट बसाइँ सरी आएका थिए।

मासिक बैठक नियमित बस्छन् र भूमि अधिकारबारे छलफल गर्छन्। बाँकी अन्य जनजीवनका विषयहरूमा पनि नियमित छलफल हुन्छ। गाउँबासीलाई परेको दुःखमा छलफल गर्छन्, पर्दा साथ दिन्छन्। जीजिकोपार्जनको विकल्प खोज्छन्।

२०६८ सालमा, महादेव सामुदायिक वन उपभोक्ता समूहको अध्यक्षमा मञ्चकी सदस्य जानुका बस्नेत निर्वाचित भएकी थिइन्। त्यसयता भने गाउँबासीलाई केही सहज भएको छ। त्यसभन्दा पहिले वन र सामुदायिक वन समितिले समेत भूमिहीन बस्ती उठीबास गराइदिने पटक पटक धम्की दिन्थे। हाल गाउँबाट नै सामुदायिक वनको प्रतिनिधिहरू हुन थालेपछि भने मञ्चका सदस्यहरूले सामुदायिक वनको खाली जग्गामा बेसार र अदुवा खेती गर्छन् र आम्दानी लिन्छन्। गाउँबासी सदस्यहरूले वनकै जग्गामा घाँस रोपेर गाईवस्तु पालनमा समेत सहजता महशुस गरेका छन्।

मञ्चका सदस्यहरूले २०८० सालमा देउसी-भैलो खेली २६ हजार ५ सय १० रूपियाँ आर्थिक सङ्कलन गरेका थिए। जिल्ला मञ्च र फूलबारी गाउँ मञ्चका अगुवाहरूले आरडिसी संस्थासँग समन्वय गरी सदस्यहरूको जीविकोपार्जनमा सहयोग पुग्ने खालका क्षमता विकासका तालिम लिए। गाउँमै अगरवत्ती र मैनवत्ती बनाउने, बाँसको मुढा बनाउने कार्य गर्छन्। पशुपालन, किराना व्यापारमा समेत उनीहरूले क्षमता विकास तालिम सहयोग पाएका थिए। यी व्यवसायबाट उनीहरू आम्दानी गर्छन्, जसले घरखर्चमा सहयोग पुगिरहेको छ।

२०८१ सालमा, सदस्यहरूबीच छलफल भई फूलबारी महिला कृषक समूह पनि गठन गरेका छन्, जसमा २८ महिला सदस्य सङ्गठित भएका छन्। यसबाट गाउँमा पालिकाबाट कृषि अनुदान, बीउहरू ल्याउन मद्दत पुग्ने विश्वास सदस्यहरूमा बढ्दै गएको छ। २०८२ सालमा पनि सदस्यहरूले तिहारको मौका पारी देउसी-भैलो कार्यक्रम गरेका थिए। ७ हजार २ सय ५५ रूपियाँ नगद र १२ केजी चामल सङ्कलन गरी कोषमा राखेका छन्।

सङ्गठनका सदस्यहरू मासिक १०० रूपियाँ बचत गर्छन्। र १० रूपियाँ आन्दोलन कोषमा राख्छन्। बचत कोषमा ४ लाख २ हजार ४ सय ५० रूपियाँ जम्मा भएको छ, जुन रकम सङ्गठनका सदस्यहरूले ऋण लिन्छन् र आर्थिक कारोवार गर्छन्। आन्दोलन कोषमा रहेको रकम भने वर्षभरीमा त्यो रकम खर्च हुन सकेन भने वर्षेनी उनीहरूले बचत कोषमै लगेर राख्छन्। आवश्यकताअनुसार घुम्ति कोषबाट सदस्यहरूलाई ऋण उपलब्ध गराइने व्यवस्था छ। मञ्चको आन्दोलन कोषमा भने ४ हजार २ सय रूपियाँ छ।

हाल मञ्चका सदस्यहरूले बाख्रापालन, गाईपालन, किराना व्यापारलगायतका थोरै-सानो कार्यहरूमार्फत आत्मनिर्भर जीवनयापनको प्रयत्न गर्दै आइरहेका छन्। उनीहरूलाई चिन्ता भनेको आफूहरू बसोबास गरेको जग्गाको लालपुर्जा नहुनु हो। यसैको लागि उनीहरू लामो समयदेखि सङ्घर्ष गर्दै आएका छन्। जिल्ला भूमि अधिकार मञ्चले आव्हान गरेको धैरै आन्दोलन र अभियानका कार्यहरूमा पनि उनीहरू सक्रिय सहभागिता जनाउँदै आइरहेका छन्।

फूलबारी गाउँ भूमि अधिकार मञ्चका सदस्यहरूले भूमि आयोगमा निवेदन पेश गरेका छन्। उनीहरूले पेश गरेको निवेदन वडास्तरबाट प्रमाणीकरण र प्रविष्टिकरण गरिसकेको छ। २०७८ सालमा निवेदन पेश गरेका उनीहरू २८ परिवारले नै २०८० सालमा निस्सा प्राप्त गरेका छन्- ६ भूमिहीन दलित, १८ भूमिहीन सकुमबासी र ४ व्यवस्थित बसोबासी परिवार। सङ्गठनका सदस्यहरू जग्गाको पुर्जा प्राप्तीमा लागि कुरी बसेका छन्।

(प्रस्तुती : अनुप माझी)

---

बेदखली र अमानत जस्ता मुद्दाहरू प्रमुख रूपमा उठेका छन्।

१३ जिल्लाका २८ गाउँ मञ्चमा धैरै सङ्गठन मध्यम वा निष्क्रिय देखिए। पहिले पूर्णकालिन कार्यकर्ता हुँदा सङ्गठन सक्रिय थिए, तर अब बैठक, छलफल, आन्दोलन कोषको निरन्तरता कमजोर देखियो। सरस्वती गाउँ भूमि अधिकार मञ्चकी अध्यक्ष रन्जना पासवानले भनिन्, पहिले नियमित बैठक हुन्थ्यो, महिनामा ५० रुपैयाँ सङ्कलन गर्थ्यौं। करिब २ वर्ष भयो बैठक भएको छैन।

स्थानीय, जिल्ला र राष्ट्रिय मञ्चबीच निरन्तर संवाद, समन्वय र भेटघाट आवश्यकता देखिन्छ। आयोग बन्ने/विघटन हुने प्रक्रियाले निराशा बढे पनि वास्तविक भूमिहीनमा सङ्गठनप्रतिको आशा कायमै छ। वास्तविक भूमिहीन दलित, ज्यालामजदुरीमा निर्भर जनतालाई अगुवाका रूपमा उभ्याउन सकेमा उनीहरूको अधिकार र पहुँच विस्तार हुन सक्ने देखिन्छ। स्रोत/कोष अभावले सङ्गठन चलाउन कठिनाइ भएपनि आन्दोलन कोष निर्माणको नियम बनाइएमा सङ्गठन चलायमान हुन सक्ने र पारदर्शिताले विवाद् घटाउन सहयोग पुग्ने देखिन्छ।

# राष्ट्रिय मञ्चको नवौं परिषद्




राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको नवौं राष्ट्रिय परिषद् सम्पन्न भएको छ। २०८२ पुस १ देखि ३ गते सम्म भूघि अध्ययन घर ठिमुरा चितवनमा आयोजना भएको परिषद्मा २८ जिल्लाका ९२ प्रतिनिधि तथा पर्यवेक्षक सहभागी भएका थिए। राष्ट्रिय परिषद्मा मञ्चको प्रगति, साङ्गठनिक र आर्थिक प्रगति प्रतिवेदनमा छलफल भई पारित भएको छ। परिषद्ले अडान पत्र र घोषणा पत्र पारित गरी जारी गरेको छ। परिषद्ले आगामी ५ वर्ष रणनीतिक योजना पनि छलफल गरी पारित गरेको छ।

राष्ट्रिय परिषद्को उद्घाटन भरतपुर महानगरपालिका चितवनको मेयर रेणु दाहालले गर्नुभएको थियो। साथै परिषद्मा विभिन्न सरोकारवाला निकायका प्रतिनिधि एवं ठिमुराका स्थानीय समाजसेवीहरू पनि सहभागी भएका थिए।

तीन दिनसम्म चलेको परिषद्मा सहभागी प्रतिनिधि एवं पर्यवेक्षकलाई सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजा र भूमि समस्या समाधान आयोगका विज्ञ सदस्य जगत बस्नेतले भूमि अधिकार आन्दोलन र आगामी बाटो विषयमा प्रशिक्षण गर्नुभयो।

• • •

परिषद्मा सहभागी अगुवाहरूले बृहत छलफल गरी परिवर्तित परिवेशमा भूमि र कृषि सुधारको क्षेत्रमा अधिकारवालाको तहबाट गर्नुपर्ने पैरवीका मुद्दाहरूलाई अडान र कार्य-पद्धतिलाई घोषणापत्रमार्फत सार्वजनिक गरेका छन्।

### हाम्रा माग तथा घोषणा

१. नेपालको संविधानको मौलिक हकको धारा- ४० मा भूमिहीन दलितलाई आवास र कृषिका लागि जमिन उपलब्ध गराउने, धारा- ५१ मा राज्यका नीतिहरूको (ङ) मा १ ले भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार गर्ने विषय, धारा-३६ मा खाद्यसम्बन्धी हक र धारा-३७ मा आवासको हकबारे उल्लेख छ। भूमि अधिकारसँग जोडिएको यी मौलिक हक भूमि अधिकारबाट वञ्चित सम्पूर्ण परिवारसँग अभिन्नरूपमा जोडिएको हुँदा राज्यले प्राथमिकता दिएर कार्यान्वयन गरियोस्।

२. २०४६ सालको राजनीतिक परिवर्तन र बहुदलीय राजनीतिक व्यवस्था स्थापनापछि सुरु भएको भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापन अभियान यतिका लामो अवधि भइसक्दा पनि समाधान होला भन्दा झन् झन् जटिल बन्दै गइरहेको सन्दर्भमा भूमि समस्या समाधान आयोगलाई प्रभावकारी काम गर्ने वातावरण बनाइयोस् र भूमि आयोगलाई सरकार विघटन भए पनि खारेज गर्न नमिल्ने गरी स्थायी प्रकृतिको बनाइयोस्। यस्तो आयोगको तहगत सबै संरचनामा पीडितको प्रतिनिधित्व अनिवार्य गराइयोस्।

३. नेपालको संविधानले नै भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्न मार्ग-निर्देशन गरेको हुँदा दर्तावाला एवं बेदर्तावाला दुवै मोही किसानको समस्या समाधान गरियोस्। यसका लागि ऐनमै व्यवस्था गरियोस्। विद्यमान सरकारी संरचनाको प्रयासले मात्रै यो समस्या समाधान हुने नदेखिएको हुँदा मोही किसान-सरोकारवाला सम्मिलित अधिकार सम्पन्न ‘मोही समस्या समाधान आयोग’ गठन गरियोस्।

४. जलवायु परिवर्तनको असर भोगिरहेका भूमिहीन, अव्यवस्थित बसोबासी र साना किसानलाई जोखिम क्षेत्रबाट स्थानान्तरण र जलवायु अनुकूलन बसोबास र खेतीपातीमा उचित सहयोग गरियोस्।

५. कुनै व्यक्तिसँग भएको हदबन्दी भन्दा बढी जग्गाको यथार्थ लगत तयार गरी हदबन्दी भन्दा बढी जग्गा भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई वितरण गर्ने व्यवस्था गरियोस् साथै उद्योग, फार्म तथा व्यावसायिक प्रयोजनका लागि भनी लिइएको र सो प्रयोजन भन्दा फरक उपयोग गरेका वा केही नगरी राखिएको जग्गाको एकीन

लगत लिइ त्यसको पनि उचित हद तोकी बाँकी भूमिहीन एवं सुकुमबासी परिवारलाई स्थायी र सुरक्षित बसोबासका लागि तोक्ने र खेती गर्न दिने व्यवस्था गरियोस् ।

६. गुठी जग्गाको स्वामित्व किसानमा हुने गरी समस्या समाधान गर्न स्पष्ट गुठी ऐन बनाइयोस् र यो ऐनको प्रभावकारी कार्यान्वयनका लागि अधिकार सम्पन्न 'गुठी समस्या समाधान आयोग' गठन गरियोस् ।

७. रसुवा, नुवाकोट, ललितपुरलगायत जिल्लामा बाँकी रहेको बिर्ता समस्या पीडित किसानले जोतभोग गर्दै आएको जग्गा किसानकै हुने गरी दर्ता गर्ने बलियो कानुनी व्यवस्था गरियोस् ।

८. ढिलासुस्ती, स्पष्ट कार्यादेशसमेत नभएको र अपर्याप्त सरकारी सहयोगले गाउँब्लकबासीको समस्या समाधान हुने देखिएन । यसका लागि स्पष्ट कानुनी व्यवस्था गरी 'नापी र भूमि विज्ञसहित सरोकारवाला पक्ष सम्मिलित कार्यदल' बनाइ स्पष्ट कार्यादेश तोकी गाउँब्लक जग्गा नापी अभियान सञ्चालन गरी गाउँब्लकबासीलाई आगामी २ वर्षभित्र जग्गाधनी पुर्जा दिइसक्ने कार्य अघि बढाइयोस् ।

९. मुक्त गरिएको भनिएका हलिया, हरवा चरवा, कमैया र कमलरी परिवारको भूमिमाथि पहुँच र जीविकोपार्जनको सवाल झन् झन् जटिल बन्दै गइरहेको छ । पुरानो कामबाट पनि विच्छेद र नयाँ काम पाउन पनि कठिन एवं उनीहरूसँग खेती गरी खाने जग्गा नभएको एवं कतिपयको सुरक्षित बसोबास नभएको अवस्था छ । यस विषयमा विगतमा सरकारले श्याम श्रेष्ठको संयोजकत्वमा गठन गरेको विशेष कार्यदलले प्रतिवेदन सरकारलाई पेस गरे तापनि कार्यान्वयनमा आएको छैन । अतः यी समुदायको सुरक्षित जीविकोपार्जन र उचित बसोबास व्यवस्थासहित पुनर्स्थापना गर्न सरोकारवालाको सहभागितामा 'बधुवा मजदुर पु पुनर्स्थापना कार्यदल' यथाशीघ्र गठन गरी प्रक्रिया अघि बढाइयोस् ।

१०. सङ्घीय सरकारले पटक-पटक ताकेता गरे पनि स्पष्ट कार्ययोजनासहितको भूउपयोग योजना बनेर स्थानीय तहहरूमा कार्यान्वयनमा आएका छैनन् । यसबाट भूमिको जथाभावी प्रयोग र व्यावसायिक प्रयोजनहरू बढ्दो छ । कृषि जमिनको अन्यत्र प्रयोग हुँदा खाद्य सुरक्षामा समेत प्रभाव पर्दै आएको छ । अतः भूउपयोग ऐन, २०७६ र नियमावलीअनुसार सबै स्थानीय तहमा भूउपयोग योजना निर्माण गरी कार्यान्वयन गर्न/गराउन सङ्घ, प्रदेश र स्थानीय सरकारबाट यथाशीघ्र पहल गरियोस् ।

११. संविधानको धारा- ३७ मा 'आवासको हक' उल्लेख गरिएको हुँदा उचित विकल्पविना नेपालको जुनसुकै स्थान र भूगोलमा बसोबास गर्ने भूमिहीन परिवारलाई उठीबास लगाइने कार्य बन्द गरियोस् । उनीहरू बसोबास गरिरहेको जग्गा वन तथा सार्वजनिक क्षेत्रको हो र राज्यलाई विशेष प्रयोजनका लागि चाहिने अवस्था हो भने सोभन्दा पहिले नै अन्यत्र सुरक्षित पुनर्स्थापनाको व्यवस्था गर्ने कानुनी व्यवस्था गरियोस् । 'मानव पहिलो र उनीहरूको सुरक्षा पहिला' भन्ने मर्मलाई बेवास्ता गर्दै निरन्तर जारी अन्याय बन्द गरियोस् ।

१२. चुरेबासी र सामुदायिक वन तथा आरक्ष र उखडापीडित किसानका समस्या समाधान गरियोस् ।

१३. विभिन्न कारणले दर्ता गर्न छूट भएका सबैखाले जग्गा स्थानीय सरकारको सरजमिनसहितको सिफारिसमा दर्ता गरियोस् । यसरी दर्ता गर्दा निकै लामो समयदेखिको कर लिइने भएकाले त्यस्तो कर तिर्न सक्ने हैसियत नभएकाले बरु जग्गै माया मार्न बाध्य हुनुपर्ने अवस्था छ । त्यसैले पछिल्लो वर्षको मात्र कर लिएर दर्ता गरिदिनुपर्छ ।

१४. भूमिसम्बन्धी सम्पूर्ण प्रशासनिक काम स्थानीय सरकारमार्फत गरिने व्यवस्था मिलाइयोस् ।

## हाम्रो अडान

१. सुरक्षित घरबास सबैलाई र खेतीयोग्य जमिन किसानलाई ।

२. भूमिहीन सुकुमबासी र भूमिहीन दलितलाई बसोबास र जीविकाका लागि पुग्ने जमिन ।

३. जमिनमा द्वैध स्वामित्व अन्त्य गर्ने संवैधानिक व्यवस्था किसानको हितमा हुनेगरी कार्यान्वयन ।

४. शून्य उठीबास ।

५. किसानले जोतभोग गरिरहेको गुठी जमिनको स्वामित्व किसानलाई ।

५. भूमिमा महिलाको अधिकार सुनिश्चितता ।

६. बेदर्तावाल मोही (जोताहा किसान) लाई जोतभोगका आधारमा जग्गाको स्वामित्व ।

७. बिर्ताको व्यावहारिक अन्त्य ।

८. भूमि अधिकार प्राप्तिका लागि बाधक कानुनहरूको खारेजी, संशोधन वा नयाँ निर्माण ।

९. परिचयबिहीन नेपाली नागरिकलाई कानुनी परिचयपत्र (जन्म दर्ता, नागरिकता...) ।

## हामी प्रतिबद्धछौँ

१. नेपालको नयाँ र परिवर्तित राजनीतिक परिवेशलाई आत्मसात् गर्दै भूमि अधिकारको सवाललाई न्याय, समृद्धि र आर्थिक रूपान्तरणको मुद्दाका रूपमा स्थापित गर्दै लानेछौँ । भूमि अधिकार आन्दोलनलाई क्रमशः नयाँ पुस्तासँग जोड्दै अघि बढ्नेछौँ ।

२. तहगत सङ्गठनहरूलाई विधानले व्यवस्था गरेअनुसार स्वायत्त हिसाबले स्वपरिचालन गरी स्थानीय स्रोतको खोजी, दाबी र उपयोग गर्दै अभियानलाई चुस्त र सशक्त बनाउनेछौँ ।

३. मञ्च सदस्यमा आधारित सङ्गठन भएकाले भूमि अधिकार मञ्चमा सङ्गठितहरूको सदस्यता वितरण र नवीकरणको कामलाई नियमित गरी अभिलेख व्यवस्थित गर्नेछौँ ।

४. भूमि अधिकार र भूउपयोगसम्बन्धी विद्यमान ऐन, नीति, नियम र कानुनहरूको विषयमा सङ्गठन तहमा व्यापक छलफल गर्नेछौँ र कार्यान्वयनका लागि सघाउनेछौँ ।

५. जनताको भूमि अधिकार स्थापित हुने विषयमा सरकार एवं सरोकारवाला निकायबाट सञ्चालन गरिने हरेक गतिविधिमा सहकार्य गर्नेछौँ र आवश्यक सहजीकरण गर्नेछौँ ।

# वृतान्त बिर्ता




अधिकार प्राप्तिको अभियानमा ज्ञान निर्माणलाई महत्वपूर्ण पाटोको रूपमा लिई विभिन्न प्रकाशनहरू गरिँदै आइएको छ। यसक्रममा जिल्ला भूमि अधिकार मञ्च, रसुवाले विगत दुई दशकमा गरेको विभिन्न भूमि अधिकार आन्दोलन, यसका सङ्घर्षपूर्ण क्षण, मुख्य उपलब्धि, सिकाइ र मूल मुद्दाहरू समेटी 'वृतान्त बिर्ता' पुस्तक प्रकाशन गरेको छ। लेखक रघुनाथ लामिछाने र अभियन्ताहरू विश्वास नेपाली र सुष्मा न्यौपानेद्वारा लेखन एवं सम्पादन गरिएको 'वृतान्त बिर्ता' सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा प्रकाशन गरिएको छ।

यो पुस्तक ज्ञान बर्द्धक छ। पुस्तकमा भूमि अधिकार अभियानमा सङ्गठित अगुवा, अभियानकर्ता र सदस्यहरूको सङ्घर्ष र अनुभव समेटिएको छ। रसुवा जिल्लामा अझै पनि 'बिर्ता' समस्या जटिल छ। 'गुठी' समस्याले पनि हाकुबासी ग्रामीण किसानहरूलाई पिरोलीराखेको छ। भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या पनि बाँकी नै छ। विस्थापित परिवारको मुद्दा २०७२ सालको नेपाल भूकम्पपछि थपिएको समस्या हो। हालसम्म पनि विस्थापितको सुरक्षित पुनर्स्थापना हुन नसक्नुको कारण भनेको सुरक्षित भूमि उपलब्ध हुन नसक्नु हो। यी विषयलाई पुस्तकमा अभिलेखित गरिएको छ।

यो पुस्तक रसुवा जिल्लामा भूमि अधिकार मञ्च २०६२ सालमा स्थापना भएदेखियता २०८१ सालसम्म भएका मुख्य मुख्य सङ्घर्ष र आन्दोलनबारे बेलिविस्तारमा चर्चा गरिएको छ। भूमि अधिकार मञ्चले आन्दोलन सुरुवात गरेदेखियता भएका उपलब्धिलाई पनि अभिलेखीकरण गरिएको छ। खासगसी बिर्ता जग्गा जोतभोग गर्ने किसानहरूले पाएको जमिनको स्वामित्व (लालपुर्जा), गुठी पीडित किसानहरूले प्राप्त गरेको मोही अधिकार, महिला किसानले प्राप्त गरेको संयुक्त जग्गाधनी पुर्जा, भूकम्पपछि समुदायलाई गरिएको सहयोग र भूकम्प पीडित विस्थापित एवं भूमिहीन परिवारलाई पुनर्वास र पुर्स्थापनामा गरिएको सहयोग विषय भूमि अधिकार अभियान सुरुवात भएपछि भएका उपलब्धि हुन्, जुन विषय पुस्तकमा उल्लेख गरिएको छ।

जिल्लामा भूमि अधिकार आन्दोलन सुरु भएको झण्डै २ दशक पुग्न लाग्यो। यसबीचमा धेरै अगुवा, अभियन्ता एवं सदस्यहरू अभियानमा जोडिए र योगदान गरेका छन्। उनीहरूको योगदानलाई पनि पुस्तकमा समेटीएको छ। साथै, मञ्चको मुख्य सिकाइ र यसबीचमा भोग्नु परेको चुनौती एवं तिता-मिठा क्षणहरू पनि समेटिएका छन्। ✿




• • •

यसैबीच २०८२ मङ्सिर १२ गते भूमि घर कालिकास्थानमा दुई दशकको सङ्घर्ष, सफलता, सिकाइ र अनुभवको सङ्गालो पुस्तक 'वृतान्त बिर्ता' विमोचन भयो। कार्यक्रम ७५ जनाको उपस्थिति थियो।

पुस्तक विमोचनमा जिल्ला भूमि अधिकार मञ्चका सदस्य एवं अगुवा, स्थानीय जनप्रतिनिधि, राजनीतिक दल एवं सरोकारवालाहरूको सहभागिता रहेको थियो। पुस्तक विमोचन गरी औपचारिक जानकारी गराउने र सोही सन्दर्भमा भूमि संवाद् पनि गरिएको थियो।

• • •

# बाँझो जग्गा जोगायौं, हराभरा बनायौं



# शब्द तस्बिर








सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको ३० औं वार्षिक साधारण सभामा सहभागीहरु, धापासी काठमाडौं








राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको ९ औं राष्ट्रिय परिषद् ठिमुरा चितवन